# मेरो कागेश्वरी मनोहारा

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ८

कागेश्वरी मनोहरा नगरपालिका

काठमाडौँ

**प्रकाशक :** कागेश्वरी मनोहरा नगरपालिका
काठमाडौँ
**सर्वाधिकार :** प्रकाशकमा
**संस्करण :** पहिलो

**प्रकाशन :** २०८०

**भाषा सम्पादन :**

**रूप विन्यास :**

**मुद्रक :**

## हाम्रो भनाइ

# विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १. | स्थानीय व्यवस्थापिका र कार्यपालिका | १ |
| २. | मेलमिलाप | ८ |
| ३. | विकास निर्माणमा जनसहभागिता र श्रमदान | १३ |
| ४. | कागेश्वरी मनोहराबासी समुदाय | १७ |
| ५. | स्थानीय कला | २२ |
| ६. | लोकगीत तथा लोकबाजा | २८ |
| ७. | विषेश सांस्कृतिक कार्य | ३३ |
| ८. | पर्यटनको सम्भावना | ३९ |
| ९. | ऐतिहासिक सम्पदानको संरक्षण | ४४ |
| १०. | पर्यटन पूर्वाधार र वातावरण संरक्षण | ५१ |
| ११. | प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना | ५५ |
| १२. | स्थानीय प्राकृतिक स्रोतसाधनको संरक्षण र सदुपयोग | ५९ |
| १३. | मौलिक र परम्परागत हस्तकला तथा उपहार सामग्री | ६४ |
| १४. | स्थानीय बजार व्यवस्थापन र स्थानीय उत्पादनको उपभोग | ७४ |
| १५. | स्थानीय पेसा व्यवसायको आधुनिकीकरण | ८० |
| १६. | उद्योग व्यवसाय तथा फर्म सञ्चालन | ८८ |
| १७. | अनुशासन | ९९ |
| १८. | स्वव्यवस्थापन र संस्कराको पालना | १०३ |
| १९. | स्वस्थ चिन्तन | १०९ |
| २०. | नीति श्लोक | ११९ |
| २१. | विनाशकाले विपरीत बुद्धि (नीतिकथा) | १२२ |
| २२. | निर्माण व्यवसायसम्बद्ध पेसाहरू | १२६ |
| २३. | सार्वजनिक सेवा | १३० |
| २४. | सिलाइ, कटाइ र बुनाइ अभ्यास | १३४ |
| २५. | पावर प्वाइन्टमार्फत स्थानीय प्रविधि | १३८ |
| २६. | वनस्पतिबोधकाः शब्दाः | १४३ |
| २७ | नीतवचनानि | १४९ |
| २८. | पुस्तकप्रेषणाय अनुरोधः | १५४ |

पाठ १

# स्थानीय कार्यपालिका

## पाठ प्रवेश

**तलका प्रश्नहरूमा आधारित भएर समूह छलफल गर्नुहोस् । समूहको प्रस्तुति तयार गर्नुहोस् र समूहको विचारहरू प्रस्तुत गर्नुहोस् :**

(क) नेपालमा लागु भएको व्यवस्था एकात्मक वा सङ्घात्मक के हो ? किन ?

(ख) नेपालमा रहेका सरकारका तहहरू कतिओटा छन् ? तिनीहरू के के हुन् ?

(ग) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका प्रमुखहरूलाई कुन कुन नामले चिनिन्छ ?

(घ) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका संसदका नाम बताउनुहोस् ।

(ङ) नेपालका कतिओटा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका छन् ? तपाईंको बसोबास रहेको स्थानीय तह के हो ?

त्यसपछि स्थानीय व्यवस्थापिका र स्थानीय कार्यपालिकाको गठन सम्बन्धमा तल दिइएको पाठ पढ्नुहोस् र दिइएका प्रश्नहरूको जवाफ लेख्नुहोस् ।

# स्थानीय कार्यपालिका

नेपालको वर्तमान संविधानअनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा रहेको छ । गाउँ कार्यपालिका वा नगर कार्यपालिका नै स्थानीय तहको मन्त्रिपरिषद् हो । गाउँ वा नगर कार्यपालिका भनेको सम्बन्धित तहको सरकार हो । स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रहरूसम्बन्धी कार्यहरू गर्छ ।

नगरपालिकाको प्रमुखको अध्यक्षतामा नगर कार्यपालिका गठन हुन्छ । उक्त नगर कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष र नगरसभाका सदस्यहरूले आफूहरूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य रहन्छन् ।

प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य पदका लागि आवश्यक योग्यताहरू निम्नअनुसार रहेका छन् :

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानुनले अयोग्य नभएको ।

नगर कार्यपालिकाबाट स्वीकृत नियमावलीबमोजिम नगर कार्यपालिकाको कार्य सम्पादन हुन्छ । नगर कार्यपालिकाले विभिन्न विषयगत शाखाहरूमार्फत नगर सभाले पारित गरेका कानुन र प्रचलित कानुनबमोजिमका कार्यहरू गर्छ । नगरपालिकाका प्रमुख कार्यहरूको सूची तल दिइएको छ :

(क) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन,

(ख) सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(ग) एक सय वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(घ) सङ्घीय तथा प्रदेश कानुनबमोजिम स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सङ्कलन,

(ङ) स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, सेवा सर्त, योजना, कार्यान्वयन र नियमन,

(च) स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(ज) आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी कार्यहरू,

(झ) आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी कार्यहरू,

(ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइसम्बन्धी कार्यहरू,

(ठ) नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,

(ड) स्थानीय अभिलेख व्यवस्थापन,

(ढ) जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण,

(ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्यसम्बन्धी कार्यहरू,

(त) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन,

(थ) बेरोजगारको तथ्याङ्क सङ्कलन,

(द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण,

(ध) खानेपानी, साना जलविद्युत् आयोजना र वैकल्पिक ऊर्जासम्बन्धी कार्यहरू,

(न) विपद् व्यवस्थापनसम्बन्धी कार्यहरू,

(प) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी कार्यहरू,

(फ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी कार्यहरू ।

यसबाहेक सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारका सूचीका आधारमा पनि नगरपालिकाले विभिन्न कार्यहरू गर्छ । साथै, वडामा रहने वडा समि(तिले पनि विभिन्न कार्यहरू गर्छ ।

## स्थानीय व्यवस्थापिका

नेपालको वर्तमान संविधानअनुसार स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ र नगर सभामा रहेको छ । गाउँ र नगर सभा नै स्थानीय तहका लागि संसद हो । गाउँपालिकामा गाउँ सभा र महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाकामा नगरसभा गठन हुन्छ । यसर्थ, त्यस्तो सभा संसद हो जसले स्थानीय सरकारको अधिकारका क्षेत्रहरूका लागि आफ्नो पालिकाका लागि आवश्यक कानुनहरू निर्माण गर्छ ।

**नगरसभाको गठन निम्नानुसार हुने व्यवस्था रहेको छ :**

(क) नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्यहरू,

(ख) दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य ।

साथै, प्रत्येक वडामा वडा अध्यक्ष र चार जना सदस्यहरू रहेको वडा समिति गठन हुन्छ । नगर सभामा रहने प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू र प्रत्येक वडाका चार जना सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (उम्मेदवारहरूमध्ये सबैभन्दा बढी मत ल्याउनेले जित्ने) बमोजिम निर्वाचित हुन्छन् । नगर कार्यपालिकाको प्रमुख नगर सभाको अध्यक्ष र नगर कार्यपालिकाको उपप्रमुख नगर सभाको उपाध्यक्ष हुने व्यवस्था रहेको छ । नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुन्छ । नगर सभाले आफ्नो अधिकार क्षेत्रमा रहेका विषयहरूमा कानुन बनाउँछन् र आफ्नो नगर क्षेत्रभर लागु गर्छन् ।

नगर सभाले नगरपालिकाको कार्यक्षेत्रमा पर्ने कार्यहरूको कार्य सम्पादनका लागि आवश्यक नीति, नियम तथा कानुनहरू निर्माण, नगर कार्यपालिकालाई निर्देशन तथा सुझावहरू प्रदान गर्छ । नगरको बजेट पारित गर्ने, आवश्यक कानुनहरू निर्माण गर्ने, कानुन कार्यान्वयनको अनुगमन आदि कार्यहरू नगर सभाले गर्छ । यसबाहेक सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारका सूचीका आधारमा पनि नगरपालिकाले विभिन्न कार्यहरू गर्छ । साथै, वडामा रहने वडा समितिले पनि विभिन्न कार्यहरू गर्छ ।

जनताको नजिकै सरकारको प्रत्याभूति दिनका लागि स्थानीय सरकारको अवधारणा आएको हो । स्थानीय सरकारले जनताको घरदैलोमै सेवाहरू उपलब्ध गराउनका लागि नै नेपालमा पनि स्थानीय सरकारको गठन भएको हो । यसबाट जनताको जीवनस्तरमा सुधार गर्ने गतिमा विकासका कार्यहरू सञ्चालन हुने अपेक्षा गरिएको छ ।

## क्रियाकलाप

(क) पुस्तकालयमा रहेको नेपालको संविधानको अध्ययन गरी गाउँ कार्यपालिका र गाउँ सभाको गठन प्रक्रिया लेख्नुहोस् । गाउँ कार्यपालिका र गाउँ सभा तथा नगर कार्यपालिका र नगर सभाबिच फरक तथा समानताहरूको सूची बनाउनुहोस् ।

(ख) यो पाठअन्तर्गत रहेर हरेकले हाजिरीजवाफका लागि एउटा प्रश्न बनाउनुहोस् र शिक्षकलाई बुझाउनुहोस् । शिक्षकले आयोजना गर्ने हाजिरीजवाफ प्रतियोगितामा भाग लिनुहोस् ।

## अभ्यास

**तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् :**

(क) नगर सभा कसरी गठन हुन्छ ?

(ख) नगर सभाका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू कसरी छनोट हुन्छन् ?

(ग) नगर सभा वा नगर कार्यपालिकामा रहनका लागि आवश्यक पर्ने योग्यताहरू के के हुन् ?

(घ) नगर सभालाई किन संसदसँग तुलना गरिन्छ ?

(ङ) नगर सभा वा नगर कार्यपालिकामा रहने व्यक्तिहरूको सङ्ख्या पूरै देशभर बराबर हुन्छ वा घटीबढी हुन सक्छ ? किन ?

(च) नगरपालिकाले गर्ने कुनै पाँचओटा कार्यहरू लेख्नुहोस् ।

## परियोजना कार्य

(क) दुई समूहमा विभाजन हुनुहोस् । तपाईंको नगर कार्यपालिकाको भ्रमण गर्नुहोस् । शिक्षकको सहयोगमा एउटा समूहले नगरपालिका प्रमुख र अर्को समूहले नगरपालिका उपप्रमुखसँग भेटघाटको समय मिलाउनुहोस् । एउटा समूहले नगर कार्यपालिकाको गठन र कार्यहरू र अर्को समूहले नगर सभाको गठन र कार्यहरूका सम्बन्धमा छलफल गर्नुहोस् । तलको ढाँचामा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**नगर कार्यपालिकाको गठन र कार्यहरू**

(क) परिचय

(ख) कागेश्वरी मनोहरा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख र सदस्यहरूको नामावली

(ग) नगर कार्यपालिकाले गर्ने कार्यहरू

(घ) जनताले वडास्तरबाट प्राप्त गर्ने सेवाहरू

**नगर सभाको गठन र कार्यहरू**

(क) परिचय

(ख) कागेश्वरी मनोहरा नगर सभाका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको नामावली

(ग) नगर सभाले गर्ने कार्यहरू

(घ) नगर सभाले यस वर्ष निर्माण गरेका कानुनहरू

पाठ २

# मेलमिलाप

## पाठ प्रवेश

**तलका प्रश्नहरूको उत्तर सोच्नुहोस् । सँगैको साथीसँग छलफल गर्नुहोस् । जोडीको विचार पूरै कक्षामा प्रस्तुत गर्नुहोस् ।**

(क) तपाईंको टोलमा छिमेकीहरूबिच झैझगडा र वादविवाद हुन्छ ? कस्ता विषयमा त्यस्तो झैझगडा र वादविवाद हुन्छ ?

(ख) त्यस्तो झैझगडा र वादविवाद कसरी समाधान गर्ने गरिन्छ ?

(ग) तपाईँको टोलमा उत्पन्न हुने विवादमा छिमेकीहरू जम्मा भएर समस्या समाधान गरेको देख्नुभएको छ ? त्यस्तो समाधान कसरी गरिएको थियो ?

(घ) तपाईँको टोलका मानिसहरूबिच भएको विवाद समाधानका लागि अदालतमा मुद्दा गरेको कुरा सुन्नु भएको छ ? कस्तो विवादमा त्यस्तो भएको थियो ?



नातिनी : हजुरबुबा, आज बिहान पल्लो घरको अङ्कल र तल्लो घरको दाइ बाझिरहनुभएको थियो । उहाँहरूबिच के भएको हजुरबुबा ?

हजुरबुबा : तिमीले पनि देख्यौ ?

नातिनी : देखेँ । बिहान दुध किन्न जाँदा देखेको ।

हजुरबुबा : ए...... । उनीहरूबिच जग्गाको साँधका बारेमा विवाद छ । बेला बेला बाझिरहन्छन् ।

नातिनी : अनि, यसरी बाझेर समाधान हुन्छ त ? हजुरहरूले सम्झाउनुपर्‍यो नि त ।

हजुरबुबा : बाझेर समाधान हुँदैन भन्ने कुरा त उनीहरूलाई पनि थाहा छ । अस्ति, हामी छिमेकीहरूले दुवै जनालाई राखेर छलफल गरेको हो । दुवै जना टसको मस भएनन् । दुवैले एकअर्काको गल्ती देखाउँछन् ।

नातिनी : अनि, हजुरहरू के निष्कर्षमा पुगेर उठ्नुभयो त ?

हजुरबुबा : छिमेकीहरू बस्दा पनि समाधान गर्न सकेनौँ । दुवैलाई हामीले न्यायिक समितिमा जान भनेका छौँ ।

नातिनी : यो न्यायिक समिति भनेको के हो नि, न्याय दिने समिति हो, हजुरबुबा ?

हजुरबुबा : ल, ८ कक्षामा पढ्नेले पनि न्यायिक समितिका बारेमा सुनेकी छैनौ र ?

नातिनी : हाम्रो किताबमा त्यस्तो कुरा छैन । अनि कहाँबाट सुन्नुहोस् त ?

हजुरबुबा : ए ... । उसोभए, म बताइहाल्छु नि । ल सुन, प्रत्येक गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति हुन्छ । त्यस्तो समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका अरू दुई जना सदस्यहरू पनि हुन्छन् ।

नातिनी : ए .... । अनि, यस्तो न्यायिक समितिले कस्ता कस्ता विवादको समाधान गर्छ त ?

हजुरबुबा : त्यस्ता विषय त धेरै छन् । जस्तै : अर्काको बाली नोक्सान गरेको, घाँस दाउरा, ज्याला नदिएको, घरपालुवा पशुपन्छी हराएको, ज्येष्ठ नागरिकको हेरचाह नगरेको, आफ्नो घर वा बलेँसीबाट अर्काको घरजग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, एउटाको जग्गा अर्काले मिचेको । तर यस्तो समितिले हत्या, बलात्कार जस्ता गम्भीर विषयमा मेलमिलाप गराएर समाधान गर्न पाउँदैन ।

नातिनी : गज्जब रैछ नि । अब, पल्लो घरको अङ्कल र तल्लो घरको दाइको विवाद समाधान हुने भयो । अनि नि हजुरबुबा । हजुरको बेलामा यस्ता विवादहरू कसरी समाधान गरिन्थे ?

हजुरबुबा : त्यति बेला पनि गाउँ पञ्चायत र नगर पञ्चायत थियो । पछि गाउँपालिका र नगरपालिका भयो । केही विवादहरू भए हामी छिमेकी र निर्वाचित जनप्रतिनिधिहरूलाई बोलाउँथ्यौँ र सबै बसेर दुवै पक्षको कुरा सुनेर विवाद मिलाउँथ्यौँ । तर अघि मैले भनेका हत्या, बलात्कार जस्ता विषय त सिधै प्रहरीमार्फत अदालतबाट छिनोफानो हुन्थ्यो ।

नातिनी : अहिले पनि त त्यस्ता गम्भीर विषयहरू त प्रहरी प्रशासन र अदालतबाट नै निरूपण हुन्छ नि, होइन ?

हजुरबुबा : हो । त्यस्ता गम्भीर विषयमा मेलमिलाप गराउन थालियो भने त समाजमा अपराधको मात्रा बढी हाल्छ नि ? तिमी स्कुल जाने बेला भएन र ? ल, छिटो गर ।

नातिनी : हवस्, हजुरबुबा ।

## अभ्यास

**तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् :**

(क) नगरपालिकामा रहने न्यायिक समितिमा को को रहन्छन् ?

(ख) न्यायिक समितिले कस्ता कस्ता विवादहरूको समाधान गर्छ ?

(ग) हत्या, बलात्कार जस्ता अपराधसम्बन्धी विषय न्यायिक समितिलाई किन नदिइएको होला ?

(घ) तपाईंको टोलमा कसैले पशुपन्छी सडकमा छाडेको भए तपाई के गर्नुहुन्छ ?

## परियोजना कार्य

(क) शिक्षकको सहयोगमा तपाईंको नगरपालिकाको उपप्रमुख वा न्यायिक समितिका अन्य सदस्यसँग भेट्ने समय मिलाउनुहोस् । पाँचओटा समूह बनाउनुहोस् । उहाँसँग छलफल गरी तलको ढाँचामा प्रतिवेदन तयार पार्नुहोस् ।

१. परिचय (न्यायिक समितिको परिभाषा)

२. नगरपालिकामा रहेको न्यायिक समितिको विवरण (नाम र पदसहित)

३. न्यायिक समितिमा विगत १ महिनामा परेका उजुरीहरूको (विषयसहित)

४. विवाद समाधान भएका उजुरीहरूको सङ्ख्या

५. विवाद समाधानको प्रक्रिया

६. न्यायिक समितिको कार्य सम्बन्धमा समितिका व्यक्तिहरूको प्रतिक्रिया

७. निष्कर्ष (न्यायिक समितिको कार्य प्रक्रिया र कार्यका सम्बन्धमा समूहको प्रतिक्रिया)

(ख) तपाईँको टोलको सार्वजनिक जग्गामा कसैले टहरो निर्माण गरेको छ । उक्त विवरण खुलाई न्यायिक समितिमा उजुरी गर्ने प्रयोजनका लागि निवेदन तयार पार्नुहोस् ।

पाठ ३

# जनसहभागिता र श्रमदान

## पाठ प्रवेश

**तलका चित्रहरूको अध्ययन गरी दिइएका प्रश्नहरूका बारेमा छलफल गर्नुहोस् :**

(क) तल दिइएका चित्रहरूमा के भइरहेका छन् ?

(ख) चित्रका मानिसहरू के गरिरहेका छन् ?

(ग) तेस्रो चित्रमा के भइरहेको छ ?

(घ) चौथो चित्रका मानिसहरू के काम गरिरहेका छन् ?

(ङ) चित्रमा देखिएका जस्ता क्रियाकलापहरू तपाईंको टोल छिमेकमा हुने गरेका छन् ?

(च) तपाईँको टोलमा हुने विकास निर्माण क्रियाकलापहरूमा मानिसहरूले कसरी सहभागी हुन्छन् ?









विकास निर्माण कार्यमा श्रमदान र जनसहभागिता व्यापक रूपमा प्रचलित शब्दहरू हुन् । श्रमदानको शाब्दिक अर्थ जनसाधारणले ज्याला नलिई वा साह्रै कम ज्यालामा सार्वजनिक रूपमा दिने श्रमको सहयोग हो । त्यस्तै जनसहभागिताको शाब्दिक अर्थ विकासका कामहरूमा जनताको सहभागिता वा सरकार वा कुनै संस्थाको होस्टेमा जनताको हैँसे भन्ने हुन्छ ।



नेपालमा परम्परादेखि नै सामाजिक कार्यहरूमा मानिसहरूको संलग्नता रहँदै आएको छ । बाटोघाटो निर्माण तथा मर्मत, सार्वजनिक स्थलहरूको सरसफाइ, मन्दिरहरूको निर्माण तथा मर्मत आदि कार्यहरूमा आम जनसाधारणहरूको सहभागिता रहँदै आएको छ । यस्ता कार्यहरूमा सहभागी हुने व्यक्तिहरूले कुनै पनि किसिमको ज्याला वा पारिश्रमिक नलिने हुनाले त्यस्तो योगदानलाई श्रमदानका रूपमा लिइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ पछि निर्वाचनमार्फत स्थानीय निकायहरूको गठन र २०७२ सालमा जारी भएको संविधानपछि निर्वाचनमार्फत स्थानीय तहहरूको गठनपश्चात् विकास निर्माण कार्यमा जनसहभागिताको व्यापक वृद्धि हुँदै गएको छ । विशेषगरी उपभोक्ता समितिमार्फत सार्वजनिक कामहरू सम्पन्न गर्ने प्रचलन रहेको छ ।

**योजना चयन**
(स्थानीय स्तरमा कुन कुन योजना कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा छलफल)

**योजना निर्माण**
(चयन गरिएको योजनाको कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा दस्तावेजको तयारी)

**विकासमा जनसहभागिता**

**योजनाको अनुगमन**
(योजनाको कार्यान्वयनका क्रममा योजनाबमोजिम काम भइरहेको सुनिश्चितताका लागि गरिने कार्य, सार्वजनिक सुनुवाइमा सहभागिता)

**योजना कार्यान्वयन**
(योजनाको कार्यान्वयनका लागि सञ्चालन गरिने क्रियाकलापमा श्रमदान वा अन्य कार्यमार्फत सहभागिता)

माथिको चित्रमा देखाइए झैँ पछिल्ला दिनहरूमा विकास निर्माणका सबै चरणहरूमा जनसहभागिता वृद्धि हुँदै गइरहेको छ । योजना छनोटका लागि हुने वडा भेलाहरूमा जनताहरूले कुन कुन योजना छनोट गर्ने भन्ने सम्बन्धमा छलफलमार्फत निर्णय गर्न सक्छन् । त्यसैगरी छनोट भएका योजनाहरू कसरी, कति स्रोत साधन र कहिले सम्पन्न गर्ने भन्ने सम्बन्धमा निर्माण गरिने यो जनाहरूमा समेत जनताको सहभागिता हुने गरेको छ । योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, स्थानीय स्तरहरूमा सञ्चालनमा रहेका विकास निर्माणसम्बन्धी कार्यहरूको अनुगमनका संयन्त्रहरूको निर्माण र सञ्चालित योजनाका सम्बन्धमा सार्वजनिक सुनुवाई जस्ता कार्यहरूले विकासमा जनसहभागिता सुनिश्चित गर्छ ।

**विकासमा जनसहभागिता र श्रमदानका विभिन्न फाइदाहरू तल दिइएका छन् :**

(क) विकास निर्माणका कार्यसम्बन्धमा जनतामा अपनत्वको भावना विकास हुन्छ ।

(ख) कामको गुणस्तर सुनिश्चित गर्न सकिन्छ ।

(ग) सरकारलाई जवाफदेही बनाउन सकिन्छ ।

## अभ्यास

**तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् :**

(क) विकासमा जनसहभागिता र श्रमदान भनेको के हो ?

(ख) के नेपालमा पहिले विकासमा जनसहभागिता थिएन ? कसरी ?

(ग) विकासका कार्य कुन कुन चरणमा कसरी जनसहभागिता सुनिश्चित गर्न सकिन्छ ?

(घ) विकासका कार्यमा व्यापक जनसहभागिता जुटाउन के के गर्नुपर्ला ?

## परियोजना कार्य

(क) तपाईँको टोलमा कुनै कार्य गर्नका लागि गठन भएको उपभोक्ता समितिका पदाधिकारीहरूलाई भेट्नुहोस् । उनीहरूसँग छलफल गरी तलको ढाँचामा एक पृष्ठमा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**उपभोक्ता समितिको नाम :** (कुन कामका लागि गठन भएको हो सो कामको नामसहित)

**उपभोक्ता समितिका पदाधिकारीहरू :**

**गठन प्रक्रिया :**

**कार्य प्रक्रिया :**

**कार्य प्रक्रियाका सम्बन्धमा समितिका पदाधिकारीहरूको प्रतिक्रिया :**

(ख) तपाईँको बसोबास रहेको वडा कार्यालयको भ्रमण गर्नुहोस् । वडाध्यक्ष वा अन्य जिम्मेवार पदाधिकारीलाई भेट्नुहोस् । वडामा हुने विकास निर्माणका कार्यमा वडा कार्यालयले जनसहभागिता र श्रमदानको सुनिश्चित गर्नका लागि गरेका कार्यहरूका बारेमा छलफल गरी ती कार्यहरूको सूची निर्माण गर्नुहोस् । एउटा समूहमा पाँच जना हुनेगरी समूह निर्माण गर्नुहोस् र समूहका पाँचै जनाले तयार पारेका कार्यहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# कागेश्वरी मनोहरा जनसमुदाय

## पाठ प्रवेश

**तलका चित्रहरूको अध्ययन गरी दिइएका प्रश्नहरूका बारेमा छलफल गर्नुहोस् :**





(क) दिइएका चित्रहरूमा कुन कुन समुदायका मानिसहरू छन् ?

(ख) उनीहरू फरक फरक समुदायका हुन् भन्ने कुरा कसरी थाहा पाउनुभयो ?

(ग) तपाईँको टोलमा बस्ने मानिसहरू कुन कुन समुदायका छन् ?

(घ) तपाईँको टोलमा बसोबास गर्ने मानिसहरूबिच कस्तो सम्बन्ध छ ?

समुदायको शाब्दिक अर्थ मानिसहरूको समूह हो । यस्तो समुदाय भौगोलिक क्षेत्र, जातजाति, धर्म आदि विभिन्न आधारमा निर्माण भएको हुन्छ । नेपाल विविधतायुक्त देश हो । कागेश्वरी मनोहरा नगरपालिकामा पनि धर्म, जातजाति आदि विभिन्न आधारमा विविधतायुक्त मानिसहरूको बसोबास रहेको छ । तल दिइएका तालिकाहरूमा जनगणना २०७८ अनुसार जातजाति, धर्म र मातृभाषाका आधारमा कागेश्वरी मनोहरा नगरपालिकामा बसोबास गर्ने समुदायका सङ्ख्या प्रतिशतमा देखाइएका छन् ।

**जातजातिगत समुदाय**

| जातजाति | जनसङ्ख्या प्रतिशत |
|---|---|
| पहाडी ब्राह्मण | ३०.२ |
| क्षेत्री | ३० |
| तामाङ | १२ |
| नेवार | ८.७ |
| राई | २.७ |
| मगर | २.५ |
| विश्वकर्मा | २.३ |
| शेर्पा | १.०१ |
| मिजार | १ |
| गुरुङ | ०.९ |

### धार्मिक समुदाय

| जातजाति | जनसङ्ख्या प्रतिशत |
|---|---|
| हिन्दु | ८३.० |
| बौद्ध | १२.५ |
| इस्लाम | ०.४ |
| किराँत | १.६ |
| क्रिश्चियन | २.५ |
| प्रकृति | ०.०१ |
| शिख | ०.०१ |

### भाषिक (मातृभाषा) समुदाय

| जातजाति | जनसङ्ख्या प्रतिशत |
|---|---|
| नेपाली | ७६.४ |
| तामाङ | १०.१ |
| नेवारी | ५.३ |
| राई | १.४ |
| मैथिली | १.३ |
| मगर | १.०९ |
| शेर्पा | ०.८ |
| भोजपुरी | ०.६ |
| याक्थुङ | ०.५ |

कागेश्वरी मनोहरा नगरपालिकामा बसोबास गर्ने मानिसहरू विभिन्न समुदायसँग सम्बन्धित रहेता पनि यहाँ भाषिक, जातिय र धार्मिक सहिष्णुता रही आएको छ। आवश्यक परेका बेला एकअर्कालाई बिनाभेदभाव सहयोग गर्ने प्रचलन रहेको छ। फरक फरक धार्मिक समुदायका मानिसहरूले मनाउने चाडपर्वहरूमा

एकअर्कालाई आमन्त्रण गर्ने प्रचलन पनि रहेको छ । कागेश्वरी मनोहरा नगरपालिकामा बसोबास गर्ने मानिसहरूको समुदायगत विशेषताहरू निम्नानुसार रहेका छन् :

(क) पहाडी ब्राह्मण र क्षेत्रीको बाहुल्यता रहेको । दुवै समुदायको गरी ६०.२ प्रतिशत जनसङ्ख्या रहेको,

(ख) जातजातिगत रूपमा मुख्यतः १० ओटा समुदायहरूको बसोबास रहेको,

(ग) ८३ प्रतिशत हिन्दु रहेता पनि अन्य धार्मिक समुदायहरूको पनि बसोबास रहेको,

(घ) मातृभाषाका आधारमा नेपाली भाषी समुदायको बाहुल्यता रहे तापनि अन्य मातृभाषी समुदायहरूको पनि बसोबास रहेको ।

नेपाल जस्तै कागेश्वरी मनोहरा नगरपालिकापनि बहुभाषिक, बहुधार्मिक एवम् बहुजातीय समुदाययुक्त नगरपालिका हो । विविधिताका बाबजुद यहाँका मानिसहरू मिलेर बसेका छन् । आवश्यक परेका बेला एकअर्कालाई सहयोग गर्छन् र सामूहिक कार्यमा एकजुट हुन्छन् ।

## अभ्यास

**तलका प्रश्नहरूको जवाफ लेख्नुहोस् :**

(क) समुदाय भनेको के हो ?

(ख) समुदायलाई कुन कुन आधारमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) कागेश्वरी मनोहरा नगरपालिकामा कुन कुन जातजाति, धर्म र भाषाका समुदायहरूको बसोबास रहेको छ ?

(घ) विभिन्न समुदायका मानिसहरूबिच सुमधुर सम्बन्ध कायम राखिराख्नका लागि के के गर्नुपर्ला ?

## क्रियाकलाप

तपाईँको कक्षामा रहेका साथीहरूको सर्वेक्षण गरी तल दिइएको तालिका पूरा गर्नुहोस् :

| जातजाति | जम्मा सङ्ख्या | धर्म | जम्मा सङ्ख्या | मातृभाषा | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## परियोजना कार्य

तपाईँको टोलमा बसोबास गर्ने एक जना ज्येष्ठ नागरिकसाग कुराकानी गर्नुहोस् । पहिले र अहिले समुदायमा आएका परिवर्तनहरूका बारेमा उहााको कुराहरू सुनेर बुादा टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# स्थानीय कला

## पाठ प्रवेश

**तलका चित्र हेरेर उत्तर दिनुहोस् :**






(क) माथि कुन कलासँग सम्बन्धित चित्र देखाइएको छन् ?

(ख) दुइटा चित्रमा के के फरक छन् ?

(ग) चित्रकलाको विस्तार गर्न के के गर्नुपर्छ ?



स्थानीइ कला सम्बद्ध चित्र

कागेश्वरी मनोहरा नगरपालिका कला संस्कृतिले धनी नगरपालिका हो । यहाँ बाहुन छेत्री, तामाङ, नेवार, राई, मगर, विश्वकर्मा, शेर्पा, मिजार, गुरुङ जातिको बस्ती रहेको छ । यी जातिका परम्परागत मौलिक कला संस्कृति छन् । यहाँ मादल बजाउने, गीत गाउने र नाच्ने चलन छ । समुदायका कुरा र माया पिरतीलाई आधार बनाएर गाउने, नाच्ने र जात्रा देखाउने संस्कृति छ । विद्यालयका वार्षिक उत्सव, विभिन्न किसिमका कार्यक्रम, विवाह व्रतबन्ध, र भोजभतेरमा स्थानीय स्तरका पञ्चेबाजा र परम्परागत बाजा बनाएर नाचगान गर्ने चलन छ ।

नेवाः संस्कृति यस नगरपालिकाको मौलिक संस्कृति हो । नेवार समुदायका मानिस कला, साहित्य, गीतसङ्गीत, खानपान र जात्रालगायतका अनेकौं पक्षमा धनी छन् । नेवारी समुदायका धेरै मानिस मूर्तिकला, परम्परागत सङ्गीतकला, चित्रकला, खाद्यकलालगायतका सिर्जनात्मक कर्ममा तल्लीन हुन्छन् ।

तामाङ जातिमा खाना बनाउने, कपडाका लुगा बनाउने तथा डम्फु र ढ्याङ्ग्रो बनाउने अनौठो कला हुन्छ । यस्तै मगर जातिमा धनुष, नरसिङ्गा, पञ्चेबाजा, घुँघरु, ढुन्डी, सुरही, हाते पिरुङ्गो, दिया टुक्की, ठेकी, जाबे झोला, तुला जस्ता घरेलु सामान बनाउने कला हुन्छ ।

हाम्रो नगरपालिकामा माटाका भाँडाकुँडा र मूर्ति पनि बनाइन्छ । काठका फर्निचर बनाउने, मूर्ति बनाउने, परालका सुकुल लगायतका सामग्री बनाउने कला पनि प्रचलित छ । यस्तै यहाँ परम्परागत जात्रा पर्वका लागि आवश्यक कपडा, मुखुन्डो बनाउने कला पनि समाजमा रहेको छ ।

कलाका दृष्टिले समाज धनी भए पनि आधुनिक रहनसहन र मेसिनको प्रभावले परम्परागत कला ओझेलमा पर्दै आएको छ । यसबाट बच्न परम्परागत कलाको जर्गेर्ना गर्दै विस्तार गर्नु आवश्यक छ । यसै गरी कलाको संरक्षण गर्न युवा पुस्तालाई सचेत र सक्रिय गराउन पनि त्यत्तिकै आवश्यक छ ।

हाम्रो समुदायको कलाको विस्तार र संरक्षण गर्न निम्नानुसारका उपाय अपनाउनु आवश्यक छ :

(क) परम्परागत धार्मिक र सांस्कृतिक कार्य गर्दा परम्परागत पोसाक, बाजागाजा र सामग्रीको प्रयोग गर्ने,

(ख) परम्परागत कला र स्थानीय कलासँग सम्बन्धित पेसा गर्नेका लागि नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ग) कलाको विकास र विस्तारका लागि तालिमलगायत क्षमता वृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(घ) कला सङ्ग्रहालय स्थापना गरी स्थानीय कलाको सङ्कलन गर्ने,

(ङ) विदेशी पाहुना तथा प्रतियोगिता, जन्मदिन आदिका स्थानीय कलाकारिता पुरस्कारका रूपमा प्रदान गर्ने,

(च) स्थानीय पाठ्यक्रममा कलाका विषयवस्तु समावेश गरी पठनपाठन गराउने,

(छ) लोप हुन लागेका स्थानीय कलालाई खोज अनुसन्धान गरी प्रचारप्रसार गर्ने,

(ज) कलाको विस्तारका लागि बजारीकरण गरी स्थानीय कलाकारलाई प्रोत्साहन र सम्मानको व्यवस्था गर्ने

हाम्रा स्थानीय कलाको खोज, विस्तार र संरक्षणका लागि हामी नै सक्रिय हुनुपर्छ । मासिन लागेका कलालाई आफैँबाट संरक्षण गर्न सुरु गर्नुपर्छ ।

## अभ्यास

१. **तलका चित्र हेर्नुहोस् र उत्तर दिनुहोस् :**



**प्रश्न**

(क) यहाँ कुन कुन कला देखाइएको छ ?

(ख) यी कलाको संरक्षण गर्न के के गर्नुपर्छ ?

**२. तलको चित्रमा काठका के के सामान देख्नुहुन्छ ? यस्तो कलाको विस्तार र संरक्षण गर्न के के गर्नुपर्छ ? कक्षामा छलफल गरी लेख्नुहोस् ।**



**३ . तलका भनाइलाई कारण दिएर पुष्टि गर्नुहोस् :**

(क) नेवारी समुदायका धेरै मानिस मूर्तिकला, परम्परागत सङ्गीतकला, चित्रकला, खाद्यकलालगायतका सिर्जनात्मक कर्ममा तल्लीन हुन्छन् ।

(ख) आधुनिक रहनसहन र मेसिनको प्रभावले परम्परागत कला ओझेलमा पर्दै आएको छ ।

(ग) कलाको संरक्षण गर्न युवा पुस्तालाई सचेत र सक्रिय गराउन पनि त्यत्तिकै आवश्यक छ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कागेश्वरी मनोहरा नगरपालिकामा कस्ता कस्ता कला प्रचलनमा रहेका छन् ?

(ख) तामाङ र मगर जातिमा कस्ता कला प्रचलनमा रहेका छन् ?

(ग) स्थानीय कलाको विसतार कसरी गर्न सकिन्छ ?

(घ) स्थानीय कलाको संरक्षण कसरी गर्नुपर्छ ?

## क्रियाकलाप

१. **साथीको समूहमा बस्नुहोस् । समूहमा छलफल गरी तपाईँको समुदायमा कुन कुन कलाकृति रहेको पाउनुहुन्छ ? प्रश्नको उत्तर दिइएको तालिकामा उदाहरण लेख्नुहोस् :**

| काष्ठकला | माटो कला | कपडा कला | कागन कला | पराल खोस्टा कला | उन धागो कला | मूर्तिकला | चित्र कला |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

२. **विद्यालयमा कार्यरत क्षिकहरूको सहयोग लिई तपाईँको नगरपालिकाभरि विशेष कलाकृति निर्माण हुने ठाउँको सूची बनाउनुहोस् ।**

३. **तपाईँलाई कुन कला मन पर्छ ? त्यससँग सम्बन्धित एक चित्र बनाएर कक्षामा त्यो कलाकृति तयार गर्ने तरिका वर्णन गर्नुहोस् । शिक्षकसँग सल्लाह गरेर विद्यालयमा कला प्रदर्शनी आयोजना गर्नुहोस् ।**

पाठ ६

# लोकगीत तथा लोकबाजा

## पाठ प्रवेश

तलका चित्र हेरी कक्षामा छलफल गर्नुहोस् :





लोकगीत लोक संस्कारसँग हुन्छ । लोकगीतमा रचयिताको निजी व्यक्तित्व हुँदैन । रचयिताले जीवन जगत्का कुरा प्रस्तुत गर्छ । समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत लोकगीत हो । लोक गीतमा समाजका दुःखसुख, आँसुहाँसो, आशा निराशा, चालचलन, आस्था र मान्यताको चित्रण हुन्छ । लोकगीत समुदायले परम्परागत रूपमा गाउँदै सुनाउँदै आएको हुन्छ । लोकगीतमा आफ्नै विषय, परिवेश र लय हुन्छ। लोकगीतलाई समाजले रुचाउँछ। लोक गीतमा आफ्नै भाषामा जातीय संस्कृति र दुःखसुखका भावना सरल र मौखिक रूपमा अभिव्यक्त गरिएको हुन्छ । लोक गीत समाजका धेरै व्यक्तिका तिनका सुरिला कण्ठमा जीवित रहन्छ। लोकगीत जनसाधारणबाट जन्मेको हुन्छ र यसलाई समाजका साधारण मानिसले नै सुरक्षित राख्छन् । लोकगीतको प्रचार प्रसार, संरक्षण र संवर्धन पनि समाजबाटै भएको हुन्छ। लोकगीतमा सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, ऐतिहासिक एवम् सांस्कृतिक परिस्थितिको चित्रण हुन्छ । लोकगीत सरल हुन्छ । यसको प्रचारप्रसार मौखिक रूपमा हुन्छ । लोकगीतमा कुनै स्थानको रहनसहन, चाडपर्व, उत्सव, रीतिरिवाज, संस्कृति आदिको वर्णन पाइन्छ । लोकगीत जाति, स्थान, समाजको साझा सम्पत्ति हो । भाका, भाषा, कथ्य, लय र ताल लोकगीतका तत्त्व हुन् । पानको पात, हे बरै आमाले सोध्लिन्, हरियो डाँडा माथि, लेकाली चोयाको डोको, आमा रुँदै गाउँबेसी मेलैमा, कालीपारे दाइ आदि नेपाली समाजमा चर्चित लोकगीत हुन् ।

लोकगीत गाउँदा लोक बाजा बनाइन्छ। नेपाल धेरै खालका बाजा बजाउने चलन छ। हाम्रो कागेश्वरी मनोहरा नगरपालिकामा पनि विभिन्न लोकबाजा बजाइन्छ । सृष्टिको प्रारम्भदेखि नै मनोरञ्जनका लागि विभिन्न तालवाद्य यन्त्रको प्रचलन रहेको मानिन्छ । मादल, सारङ्गी, टुङ्ना, डम्फु हाम्रो समाजका प्रचलित लोक बाजा हुन् । मादल नेपालको एक प्रसिद्ध ताल बाजा हो । यो हाम्रो समाजको मुख्य बाजा हो । हाम्रो समाजका धेरैजसो सांस्कृतिक कार्यमा यसको प्रयोग हुन्छ। यो बाजा मगर (नाग) जातिको बाजा मानिन्छ । सबैभन्दा पहिले मादल बजाउने



मगर समुदाय हो । यसलाई दुई हातले कुटेर बजाउनुपर्छ । मादल कम्मरमा भिरेर बजाइन्छ। सारङ्गी एक तारवाद्य हो जसलाई





बजाउन एक धनु प्रयोग गरिन्छ। यो बाजा पनि लोकगीत गाउँदा प्रयोग गरिन्छ। यसको आवाज मानिसको स्वर जस्तो हुने भएकाले सङ्गीतमा स्वरलाई आलङ्कारिक बनाउन यसको प्रयोग गरिन्छ। ठेट तामाङ भाषामा डम्फुको नाम 'डाम्बा' हो। डम्फुको आकार गोलो हुन्छ । डम्फुको एकापट्टि भेडाबाख्राको छालाले बेरेर खिल मारेको हुन्छ। अर्कापट्टि खुला रहन्छ। यो देब्रे हातले समाती दाहिने हातका औँलाले पिटेर बजाउने बाजा हो । टुङ्ना काठ र बाँसबाट बनेको हातले बजाउने एक नेपाली तारवाद्य लोकबाजा हो । टुङ्ना गुराँसको काठबाट बनेको सुरबाजा हो । यो शेर्पा र तामाङ जातिमा बढी लोकप्रिय छ । टुङ्नामा चारदेखि छओटा तार जडिएका हुन्छन् । यो बाजा काँधमा भिरेर दाहिने हातले नक्खी र देब्रे हातले तार थिचेर बजाइन्छ ।

नेपाली बाजाहरूले नेपाल र नेपाली संस्कृति बचाएका छन् । लोकबाजाले राष्ट्रिय पहिचान दिएका हुन्छन् । नेपाली लोकबाजा फुकेर, रेटेर, टठाएर वा पिटेर बजाइन्छन् । काठमाडौँको त्रिपुरेश्वरमा रहेको लोकबाजा सङ्ग्रहालयमा १५० घन्दा बढी लोकबाजा सङ्ग्रह गरिएको छ । लोकबाजाको रक्षा, जगेर्ना र प्रवर्धनका लागि समाजकै सचेत समूहले अगुवाई लिनुपर्छ। आधुनिक प्रविधिको विकासले लोकबाजाको अभ्यासलाई केही सजिलो पनि बनाएको छ। लोकबाजा गाउने र बजाउने अभ्यास बिना आधुनिक प्रविधिको पनि विकास हुँदैन । आधुनिक बाजाको प्रयोग गर्दा पनि लोकबाजा बजाउने गरेमा लोकबाजाको समेत संरक्षण हुन्छ । यसै गरी विद्यालयमा पनि स्थानीय लोकगीत सङ्कलन गरेर एकल तथा समूह गायन गराउने अभ्यास गराउनु आवश्यक छ। लोकबाजाको संरक्षणमा वाद्यवादनको पनि भूमिका रहने भएकाले गीतमा सङ्गीत गर्दा लोक बाजा बनाउने अभ्यास गर्नुपर्छ । मोबाइल लगायतका साधनको उपयोग गरी स्थानीय तहमा प्रचलित धुनको रेकर्डिङ गरेर पनि प्रचारप्रसार गर्न सकिन्छ ।

## अभ्यास

१. **यो कुन बाजा हो ? यो कसरी बजाइन्छ ?**



२. **पाठ पढेर खाली ठाउँ भर्नुहोस् :**

(क) समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत ............. हो ।

(ख) लोकगीत जनसाधारणबाट जन्मेको हुन्छ र यसलाई समाजका ..................ले नै सुरक्षित राख्छन् ।

(ग) भाका, भाषा,.................. लोकगीतका तत्त्व हुन् ।

(घ) मादल.................. जातिको बाजा मानिन्छ ।

(ङ) टुङ्नामा .................. तार जडिएका हुन्छन् ।

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| फुकेर बनाउने | सारङ्गी |
| रेटेर बजाउने | ढोलक |
| टठाएर बजाउने | मादल |
| पिटेर बजाउने | सहनाई |

**३. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) लोक गीत भनेको के हो ?

(ख) लोकगीतका तत्त्व के के हुन् ?

(ग) लोकगीतको प्चारप्रसार कसरी गर्न सकिन्छ ?

(घ) लोकगीत र लोकबाजाको कस्तो सम्बन्ध छ ?

(ङ) लोकबाजाको संरक्षण कसरी गर्न सकिन्छ ?

## क्रियाकलाप

**१. तपाईँको समुदायमा प्रचलित रहेको कुनै लोकगीत र त्यसको भाका सङ्कलन गरी कक्षामा गाएर सुनाउनुहोस् ।**

**२. मादल, बाँसुरी, मुरली, मुर्चुङ्गा, बिनायो, हुड्को, खैँजडी र च्याब्रुङलाई लोकबाजा मानिन्छ । विद्यालयमा यीमध्ये कुनै वा सबै बाजा बजाउने अभ्यास गर्नुहोस् ।**

**३. स्थानीय लोकगीत सङ्कलन गर्नुहोस् र विद्यालयमा एकल तथा समूह गायन गर्नुहोस् ।**

**४. लोकबाजा संरुषण गर्ने संस्थासाग मिलेर वा शिक्षकको सहयोगमा विद्यालयमा लोकबाजाको बजाउने प्रतियोगिता गर्नुहोस् ।**

**५. मोबाइल स्थानीय तहमा प्रचलित कुनै धुनको रेकर्डिङ गरी त्यसलाई मोबाइलको रिङ टोनका रूपमा प्रयोग गर्नुहोस् ।**

पाठ ७

# विषेश सांस्कृतिक कार्य

## पाठ प्रवेश

**तलका भनाइ पढेर बुझ्नुहोस् :**

(क) धम्मपद बुद्धमार्गीको प्रसिद्ध ग्रन्थ हो । यसमा पुण्यकर्म गर्ने मानिस आनन्दित हुने सन्दर्भमा यसो भनिएको छ :

इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।

सो मोदति सो पमोदति, दिस्वा कम्मविसुद्धिमत्तनो ॥ १६॥

**अर्थ** : व्यवहार र प्रवृत्तिका दृष्टिले मानिस दुई थरीका हुन्छन् । यी दुई थरीमध्ये पुण्यकर्म तथा सत्मार्गमा लीन मानिसले नै लौकिक र अलौकिक संसारमा आनन्दित हुने अवसर पाउँछन् ।

(ख) भगवत्गीता हिन्दुहरूको प्रसिद्ध धार्मिक ग्रन्थ हो । यसको दोस्रो अध्यायको ४७ औं श्लोकमा यस्तो भनिएको छ :

**कर्माण्यवाधिकारस्ते मा फलेषु कदाचन ।**

**मा कर्मफलहेतुर्भूर्माते सङ्गोऽस्त्वकर्माणि ॥**

**अर्थ** : कर्म गर्ने वा नगर्ने कुरा मात्र तिम्रो अधीन वा अधिकारमा छ । कर्मको फल पाउने नपाउने कुरा तिम्रो अधीनमा छैन । तिमीले आफूलाई कर्मफलको कारण पनि कहिल्यै नसोच र कर्तव्य गर्नबाट विमुख पनि कहिल्यै नहोऊ । तिम्रो अधिकार कर्ममा छ, फलमा होइन ।

कागेश्वरी मनोहरा नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातिले आफ्ना धार्मिक सांस्कृतिक कार्य गर्दा परम्परागत शास्त्रीय भाषा वा मातृभाषाको प्रयोग गर्छन् । यहाँ तिनका केही उदाहरण प्रस्तुत गरिएको छ ।

## रक्षाबन्धन

कागेश्वरी मनोहरा नगरपालिकामा विभिन्न धार्मिक सांस्कृतिक कार्य सम्पन्न हुन्छन् । हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा मनाइन्छ । मधेसबाट यहाँ आएका दिदीबहिनीले आफ्ना दाजुभाइको नाडीमा दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै राखी बाँधेर रक्षाबन्धन गर्छन् ।



खास गरेर रक्षाबन्धन हिन्दु धर्मावलम्बीले मनाउने पवित्र पर्व हो । रक्षाबन्धन पारिवारिक मेलमिलाप बढाउने पर्व हो । यो अवसरमा परिवारका हरेक मानिस एक ठाउँमा जम्मा हुन्छन् । जनैपूर्णिमाका दिन मास, भटमास, केराउ, मुग, चना, सिमी, गुराँस र बोडी गरी नौ थरिका गेडागुडी मिसाएर बनाइएको क्वाँटी खाने चलन छ । यस दिन तागाधारीहरूले नजिकैको नदी, तलाउ तथा कुण्डमा स्नान

गरी आफ्ना गुरुबाठ मन्त्रिएको जनै धारण गर्ने गर्छन् ।

कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नी, वशिष्ठ रविश्वामित्र ऋषि तथा पितृहरूको नाममा तिल, कुशसहित तर्पण गरिने भएकाले यस पर्वलाई ऋषितर्पणीका पनि चिनिन्छ ।

**रक्षाबन्धन गर्दा यो मन्त्र उच्चारण गरिन्छ :**

**येन बद्धो वलिः राजा दानवेन्द्रो महावलः ।**
**तेन त्वां प्रतिबध्नामि रक्ष माचल माचल ॥**

जसको अर्थ हुन्छ :

जसरी सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई बचाउन गुरु बृहस्पतिले रक्षाविधान गरी तयार गरेको रक्षाबन्धन (डोरो)बाट अत्यन्त वलशाली दानवराज वलिलाई बाँधेका थिए, त्यसरी नै म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ ।

## इन्द्रजात्रा



नेवार समुदायमा इन्द्र जात्रा मनाइन्छ । यस समुदायमा ञ अक्षरको विशेष महत्त्व छ । "ञ" अक्षरले भगवान् इन्द्रलाई बुझाउँछ । नेपालभाषामा इन्द्रलाई ञमाःद्यः भनिन्छ । "याः" भन्नाले यात्रा वा जात्रा भन्ने बुझिन्छ भने "पून्हि" चाँही पूर्णिमालाई भनिन्छ । यही ञं याः (इन्द्रजात्रा) विशेष गरी पूर्णिमाका दिन मनाइने हुँदा ञं याः पून्हि भन्न थालियो र अपभ्रंस हुँदै येँयाः पून्हि भयो । यो जात्रा, भाद्र शुक्ल द्वादशी (ञंलाथ्व शुक्ल द्वादशी) का दिन वसन्तपुरमा इन्द्रध्वजा सहितको लिङ्गो (यःसीं) गाडेपछि सुरु

भएर आश्विन कृष्ण चतुर्थी (ञंलागा चतुर्थी) का दिन लिङ्गो (य:सीं) पतन गरी ८ दिनसम्म मनाइन्छ । इन्द्रजात्रालाई नेपाल भाषामा ञं या: भनिन्छ ।

## म्हाने पर्खाल

तामाङ लोक विश्वासअनुसार ठाउँ ठाउँमा म्हाने पर्खाल निर्माण गर्नुपर्छ। जति धेरै स्थानमा म्हाने पर्खाल निर्माण गरिन्छ त्यति नै गाउँ र त्यहाँका बासिन्दा सुरक्षित हुन्छन् भन्ने विश्वास गरिन्छ । त्यसैले तामाङ गाउँहरूको पहिचानको पमा म्हाने पर्खाल रहेको हुन्छ ।



म्हाने पर्खाल निर्माण गर्दा ढुङ्गाको गाह्रो निर्माण गरी माथि स्तूप जस्तो बनाइन्छ । त्यसभित्र मन्त्रेर बनाइएको सोकसिङ राखिन्छ । सोकसिङलाई पञ्च धातु, पञ्चदेवको रूपमा ह्राब्ने (प्राण प्रतिस्थापन) गरेर त्यसभित्र राखिन्छ। त्यही नै त्यसको विशेष महत्त्व हो ।

सोकसिङमा ॐ, हुँ, टीम, री आ मन्त्र लेखेको हुन्छ । तामाङले मान्ने पाँचै दिशाको भगवान् स्थापना गरिएकाले पनि म्हाने पर्खाललाई दाहिने पारेर घुमेमा सारा जीव जगत्मा सुख शान्ति छाउँछ भन्ने विश्वास गरिन्छ । यस प्रकारको

म्हाने पर्खाल भड्किएका आत्माको मोक्ष प्राप्तिका लागि, धर्म कमाउन निर्माण गरिन्छ । निर्माण गर्नेलाई जन्म जन्मको पाप हरण हुन्छ भन्ने विश्वास रहेको छ ।

## नुवागी

हाम्रो समुदायका विभिन्न जातिमा नयाँ अन्न घरमा ल्याएर खाँदा विशेष संस्कार गर्ने चलन छ । यहाँ राई जातिको एक संस्कार उललेख गरएको छ । राई समुदायमा नयाँ अन्न खानुपूर्व आगामा चढाउने चलन छ । नयाँ अन्न घरमा भित्र्याएर खाने बेलामा मन्त्र पढ्ने चलन छ ।

“आइन् के.से.से.देन्नो के.साङ्साङ् मिरा:क्को कन कुसङ् चा कुसङ् पोगु फिन्दुमवारो ओ रूम्वा रो ॥ साङ् सोलो छाङ् छोलो निङबाफुमा छाङ्छोलो ॥ के मिङ् सेसे पो:ङनिमोओ ॥ केमिङ् साङ् साङ् साङ् पोङरोलो ॥”

**यसको अर्थ यस्तो हुन्छ :**

अब आज तपाईंका नाममा पवित्र आगोमा यो नयाँ पाकेको अन्नको न्वागि चढाउँदै छौँ । पवित्र होस् पवित्र होस् । परमात्मा पवित्र होस् । तपाईंको नाउँ पवित्र होस् । तपाईंको नाउँ पवित्र होस् ।

## अभ्यास

१. **तलका चित्रमा के के कार्य भइरहेका होलान् ? छलफल गर्नुहोस् :**





२. **मानिसले आफ्ना धार्मिक सांस्कृतिक कार्य गर्दा किन शास्त्रीय भाषा वा मातृभाषाको प्रयोग गरेका होलान् ? छलफल गरेर लेख्नुहोस् ।**






३. **तपाईँको समुदायमा तलका संस्कार गर्दा के के गरिन्छ ?  कुन भाषा प्रयोग गरिन्छ र के भनिन्छ ? परिवारका सदस्यसाग सल्लाह गरेर लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् :**

(क) जन्म

(ख) अन्नप्राशन

(ग) बिहे

(घ) मृत्यु

## परियोजना कार्य

आफू बसोबास गर्ने टोलछिमेकका जानकार व्यक्तिहरूलाई समेटेर विशेष सांस्कृतिक कार्यहरूका बारेमा छलफल गर्नुहोस् । छलफलका आधारमा टिपोट तयार पारी कक्षामा गर्नुहोस् ।

पाठ ८

# पर्यटनको सम्भावना

## पाठ प्रवेश

तलका चित्र हेरी पाँच ओटा प्रश्न तया पार्नुहोस् र कक्षाका साथीलाई सोध्नुहोस् :



मानिसहरू घुमघाम, मनोरञ्जन र ज्ञानको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने कार्यलाई पर्यटन भनिन्छ । यसरी घुम्ने व्यक्तिलाई पर्यटक भनिन्छ । नेपाल प्राकृतिक रूपमा सुन्दर देश हो । खोलानाला, जङ्गल, धार्मिक स्थल र मौलिक संस्कृतिले यहाँको पर्यटनको सम्भावना उच्च रहेको देखाउँछ । यहाँ छोटो दुरीमा अनुभूत गर्न सकिने फरक फरक हावापानी छ । यहाँका ताल, झरना, वन्यजन्तु, हिमाल, पहाड र मैदानी क्षेत्रले नेपालमा पर्यटकलाई लोभ्याइरहेको छ ।

काठमाडौँ उपत्यकाभित्र पर्ने सुन्दर नगरी कागेश्वरी मनोहरामा पर्यटकका लागि आकर्षक गन्तव्य बन्न सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् । यहाँका धार्मिक क्षेत्रहरू, प्राकृतिक सम्पदा, मौलिक संस्कृति, आतिथ्यता र शान्ति प्रेमी बानी व्यवहारले पर्यटकलाई सदैव आकर्षण गर्ने सम्भावनाहरू रहेका छन् ।

| पर्यटन सम्भावनाका क्षेत्रहरू | विवरण |
|---|---|
| सांस्कृतिक सम्पदाहरू | कृष्ण मन्दिर, कागेश्वरी मन्दिर |
| मेला जात्राहरू | गणेश भैरव जात्रा, डाँछी नयाँ गाउँ जात्रा |
| स्थानीय मौलिक संस्कृति | नेवारी संस्कृति, तामाङ संस्कृति, ब्राह्मण क्षेत्रीको संस्कृति |
| खेलकुद, कला | मुलपानी क्रिकेट रङ्गशाला, कथाघर गोठाटार |
| प्राकृतिक सम्पदा | गोकर्ण जङ्गल, शिवपुरी राष्ट्रिय निकुञ्ज |

(क) **स्थल पर्यटन** : स्थल पर्यटन भन्नाले जमिनमा पदयात्रा वा सवारी साधनमार्फत गरिने पर्यटनलाई जनाउँछ । स्थल पर्यटनमा गरिने पर्यटनमा पर्वतारोहण, रक क्लाइबिङ (चट्टान आरोहण) आदि पनि पर्दछन् । जङ्गल सफारी



र हाइकिङ पनि स्थल पर्यटनका उदाहरण हुन् । जमिनमा आधारित भई गरिने प्याराग्लाइडिङ, बन्जी जम्पिङ पनि स्थल पर्यटनसँग सम्बन्धित पर्यटकीय गतिविधि हुन् । स्थल पर्यटनका लागि सोसँग सम्बन्धित पूर्वाधार हरूको विकास र मर्मत सम्भारमा ध्यान दिन सकेमा कागेश्वरी मनोहरामा विभिन्न धार्मिक स्थल हुन् । कृष्ण मन्दिर, कागेश्वरी मन्दिर भ्रमण, प्राकृतिक सम्पदा जस्तै शिवपुरी निकुञ्ज, गोकर्ण जङ्गल र मौलिक स्थानीय संस्कृति, जात्रा, मेलाको अवलोकनमार्फत पर्यटनको विकास र प्रवर्धन गर्न सकिन्छ ।

(ख) **जल पर्यटन** : जल पर्यटन नदी, ताल, तलैया आदिमा गरिने विभिन्न क्रियाकलापमा मानिसहरूको सहभागिता र संलग्नतालाई जनाउँछ । राफ्टिङ, क्यानोइङ, बोटिङमार्फत नदी ताल, सागर आदिमा घुम्नु वा यात्रा गर्नु पनि जल पर्यटन हो । त्यस्तै ताल, तलैया, समुद्र, समुद्र किराना आदिको अवलोकन, माछा मार्नु, पौडी खेल्नु आदि उद्देश्यले ति ठाउँमा भ्रमण गर्नु जल पर्यटनका उदाहरण हुन् ।



(ग) **कृषि पर्यटन** : कृषिसँग सम्बन्धित गतिविधिको अध्ययन र अवलोकन भ्रमण गर्ने, कृषि प्रदर्शनीमा सहभागिता जनाउने आदि कार्यहरू कृषि पर्यटनअन्तर्गत पर्दछन् । कृषि फार्म जस्तै : अर्गानिक कृषि खेती, माछापालन, बागवानी, फूलबारी आदि स्थलको अध्ययन भ्रमण र घुमघामले मानिसलाई पर्यावरणसँग नजिक हुन मदत पुऱ्याउँछ । मनोहर फाँट र उब्जनीयुक्त जमिन प्रशस्त भएकाले



कागेश्वरी मनोहरामा कृषि पर्यटनको सम्भावना अधिक रहेको छ ।

(घ) **पर्यापर्यटन** : प्राकृतिक सम्पदा विशेष गरी वनजङ्गल, वन्यजन्तु आदिको अध्ययन र अवलोकन गर्न गरिने पर्यटन पर्यापर्यटन हो । जङ्गल सफारी, हाइकिङ, ट्रेकिङमार्फत पर्यापर्यटन गरिन्छ ।



## अभ्यास

१. स्थल पर्यटनका लागि के कस्ता पूर्वाधारहरूको विकास हुन जरुरी हुन्छ ?

२. पर्यापर्यटनको महत्त्व उल्लेख गर्नुहोस् ।

३. नेपालमा स्थल पर्यटनका चुनौतीहरू के के छन् ? चर्चा गर्नुहोस् ।

४. कागेश्वरी मनोहराका मुख्य मुख्य पर्यटकीय स्थल जस्तै : जल, कृषि क्षेत्रको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

(क) तपाइँ अहिलेसम्म कुन कुन ठाउँमा स्थल पर्यटन गर्नुभएको छ ? सो पर्यटन गर्दाको अनुभव कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) नेपालमा जल यातायातको सम्भावना कतिको देख्नुहुन्छ ? आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस् ।

(ग) 'कागेश्वरी मनोहरामा पर्यापर्यटनको सम्भावना अधिक छ ।' यस भनाइलाई

समूह समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(घ) नेपालमा जल पर्यटनको सम्भावना हुँदाहुँदै पनि प्रभावकारी तरिकाले विकास हुन नसक्नुका कारणहरूको समीक्षा गर्नुहोस् ।

(ङ) तपाईँको स्थानीय तहमा कृषि पर्यटनलाई प्रवर्धन गर्न के कस्ता उपायहरू अवलम्बन गरिएको छ ? स्थानीय तहका प्रतिनिधिलाई सोधेर वा फोन सम्पर्क गरी जानकारी सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ५ ऐतिहासिक सम्पदानको संरक्षण


तल दिइएका ऐतिहासिक सम्पदाको संरक्षण गर्ने उपायहरू सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् :











हाम्रा पुर्खाले बनाएका दरबार, गढी स्मारक, चलाएका चालचलन, संस्कारहरू हाम्रा ऐतिहासिक एवम् सांस्कृतिक सम्पदा हुन् । यस्ता सम्पदाहरूले हाम्रो पहिचान र अस्तित्वलाई जीवन्त बनाएका हुन्छन् । नेपाल ऐतिहासिक सम्पदामा धनी देश हो । यहाँका मठ, मन्दिर, दरबार, गढी तथा स्मार कले हाम्रो ऐतिहासिक पहिचान स्थापित गरेका छन् ।

**ऐतिहासिक सम्पदाको संरक्षणका उपायहरू यस प्रकार छन् ।**

(क) सम्पदाको अवस्था पहिचान गर्ने

(ख) सम्पदा आसपासको क्षेत्रमा सरसफाइमा ध्यान दिने

(ग) बेला बेलामा सम्पदाको मर्मत र जीर्णोद्धार गर्ने

(घ) सम्पदा स्थल वरपर भौतिक संरचना, जस्तै : सडक, पुल, भवन, पार्क आदि बनाउन स्वीकृति नदीने ।

(ङ) सम्पदा संरक्षणका लागि स्थानीय सरोकारवाला व्यक्तिहरू सम्मिलित सम्पदा संरक्षण समिति बनाई काम गर्ने ।

(च) सम्पदा संरक्षणसम्बन्धी विभिन्न कार्यत्रक्रम, जस्तै : र्‍याली, पोस्टर प्रदर्शन, सडक नाटक सञ्चालन गरी चेतना जगाउने

कागेश्वरी मनोहरा पनि ऐतिहासिक सम्पदामा धनी नगर हो । यहाँ ऐतिहासिक सम्पदाहरू मठ मन्दिर, पाटी, शिलालेख, ढुङ्गेधारा, विभिन्न जात्राहरू, कुवा आदि ऐतिहासिक सम्पदा रहेका छन् ।

ऐतिहासिक सम्पदाको संरक्षण गर्नु हामी सबैको दायित्व हो । यसको संरक्षणले ऐतिहासिक वस्तुहरूका पहिचान, विद्यमान अवस्थाको जानकारी, पहिचानको खोजी र ऐतिहासिकताको जानकारी पाउन सकिन्छ । ऐतिहासिक सम्पदाको संरक्षणमा व्यक्ति, स्थानीय जनप्रतिनिधि, समुदाय, सरकार आदिको भूमिका महत्त्वपूर्ण रहन्छ ।

## तुलसी मेहर श्रेष्ठ : एक ऐतिहासिक व्यक्तित्व




तुलसी मेहेर श्रेष्ठको जन्म वि.सं. १९५३ साल पुष २१ गते हालको ललितपुर महानगरपालिका पाटनको भेलाक्षटोलमा एक मध्यम वर्गीय नेवारी परिवारमा भएको थियो। उनको बुवाको नाम कैलाश मेहेर श्रेष्ठ र आमाको नाम योगमाया श्रेष्ठ हो । तुलसी मेहेर श्रेष्ठका ५ दाजुभाइ र १ बहिनीको परिवार रहेको भए तापनि ३ भाइ र १ बहिनीको सानै उमेरमा देहान्त भएकाले जेठा छोरा दीर्घ मेहेर श्रेष्ठ र माइला तुलसी मेहेर श्रेष्ठ मात्र रहेका थिए । दाजु दीर्घ मेहेरकी पारिवारमा ७ छोरा र ५ छोरीहरूको जन्म भएको थियो भने तुलसी मेहेरले आजीवन विवाह गरेनन् ।

उनका बुबा वनका कर्मचारी भएकाले उनले बाल्यकालदेखि नै नेपालको विभिन्न ठाउँमा बुबाको जागिरसँगै जानुपऱ्यो । जसको कारण उनले तत्कालीन नेपाली समाजको विविध पक्षका बारेमा बुझ्ने मौका पाए। तत्कालीन समय राणा शासनकाल भएकाले नेपाली समाज निकै पिछडिएको अवस्था रहेको थियो । सो कुरा तुलसी मेहरले राम्रोसँग अनुभव गर्न पाएका थिए । सोही समयमा भारतमा स्वतन्त्रतासम्बन्धी आन्दोलन तथा समाजमा रहेको रुढीवादीको विरुद्धमा आन्दोलन चलेको थियो । त्यसको प्रभाव तुलसी. मेहरमा पनि परेको थियो । फलस्वरूप उनी सानै उमेरमा समाज परिवर्तनको अभियन्ताका रूपमा क्रियाशील भए। उनको यो अभियानलाई राणाहरूले देश द्रोहका रूपमा लिएकाले उनी वि.सं. १९७७ मा भारत निर्वासनमा जानुभएको थियो । सोही समयमा भारतको विभिन्न आश्रमहरूमा उनी पुगेका थिए। विभिन्न आश्रम पुग्ने क्रममा भारत गुजरातको साबरमती आश्रममा महात्मा गान्धीजीको आश्रमा बसी

गान्धीको अनुयायी बनी नेपाली गान्धीका रूपमा स्थापित भए ।

वि.सं. १९८२ को अन्त्यतिर गान्धीले जस्तै आदर्श, सत्य, अहिंसा र स्वावलम्बनलाई आत्मसात् गरी नेपाल फर्किए । त्यसपछि सामाजिक सेवा तथा गान्धी आदर्शलाई विकास तथा कार्यान्वयन गर्नका लागि नेपालको पहिलो सामाजिक परोपकारी संस्था वि.सं. १९८३ मा "श्री ३ चन्द्रकामधेनु चर्खा प्रचारक महागुठी" को नाममा संस्था स्थापना गरे। जसको उद्घाटन तत्कालीन भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले वि.सं. २०१६ सालमा गरेका थिए । उनको यो सामाजिक कार्यले आजसम्म पनि निरन्तरता पाइरहेको छ । यस संस्थाका संस्थापक नेपालका महान समाजसेवी नेपाली गान्धीले परिचित तुलसीमेहेर श्रेष्ठले नेपालमा गान्धीको सिद्धान्त बमोजिम सत्य, अहिंसा र स्वावलम्बीको मूल उद्देश्यलाई आत्मसात् गरी खादी तथा घरेलु उद्यमको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए। जसको माध्यमबाट खास गरी नेपाली गरिब, असाहाय, परित्यक्त, एकल, बेसाहारा दीनदुःखी महिलाहरूलाई विभिन्न सिपमूलक तालिमको माध्यमबाट आत्मनिर्भर बनेका छन्। उनीहरूले सम्मानजनक जीवनयापन गर्न सक्ने बनेका छन् । उनको यस अभियानले नेपालमा गैरसरकारी संस्थाहरूको माध्यमबाट सामाजिक कार्य गर्न सकिने तथ्यलाई सार्वजनिक गरेको थियो ।



उनले चर्खा आन्दोलन र कपास खेती तथा घरबुना कपडाले देश स्वावलम्वी बनाउने उद्देश्यले उपत्यका तथा उपत्यका वरिपरिका क्षेत्रमा कपास तथा

चर्खाको विकास गरी स्वावलम्बी कार्य निरन्तर गरी रहे । काठमाडौँको काँडाघारी, बनेपाको चण्डेश्वरी, जनकपुर बसहिया, हरीहरपुर तथा मोरङको अमरदहमा भएको आवासीय तथा गैरआवासीय तालिमबाट हजारौँहजार महिलाहरूले निःशुल्क तालिम प्राप्त गरी सम्मानजनक जीवन जिउनुका साथै आयआर्जन गरिरहेका छन् ।

शिक्षाको क्षेत्रमा समेत तुलसी मेहरको योगदान रहेको छ । उनले २०१० सालमा गान्धी आदर्श विद्यालयको स्थापना गरेका थिए । सो विद्यालय हाल कागेश्वरी मनोहरा नगरपालिका वडा नं ९ मा रहेको छ । हाल विद्यालयमा १५०० विद्यार्थी अध्ययनरत छन् भने महागुठीको हाताभित्र रहेको तुलसी मेहेर महिला आश्रममा आवासीय रूपमा वार्षिक सयौँ महिलाहरूले विभिन्न सिपमूलक तालिमहरू सिकी स्वावलम्बन हुने गरेका छन् ।

सामाजिक कार्यमा आफ्नो जीवन समर्पण गरेका तुलसी मेहरको देहान्त २०३५ साल असोज १० गते भएको थियो । सम्मानित नेहरू पुरस्कारले सम्मानित मेहरजी सामाजिक सेवाको क्षेत्रमा एक अविस्मणीय नाम हो ।

## अभ्यास

(क) तुलसी मेहरको जन्म कहाँ भएको थियो ?

(ख) तुलसी मेहरलाई किन राणाहरूले देशद्रोहको आरोप लगाएका थिए ?


(ग) तुलसी मेहरको योगदान उल्लेख गर्नुहोस् ।

(घ) तुलसी मेहरलाई किन नेपाली गान्धी भनिएको हो ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(ङ) तुलसी मेहरबाट तपाईले के कस्ता प्रेरणा प्राप्त गर्नुभएको छ ? लेख्नुहोस् ।

## क्रियाकलाप

१. **दिइएको शिलालेख अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**



श्री गणेशाय नमः

श्री तेज विनायक गणेश मन्दिरको परिचय

काभ्रेपलाञ्चोक जिल्ला गोटाटार गाउँ विकास समिति वडा नं ४ स्थित खोर्साेनी बारीटोलमा रहेको श्री तेज विनायक गणेश मन्दिरको स्थापना कहिले र कसले गरेका हुन भन्ने यकिन नभए पनि हाम्रा बडा बूढाले भनाई अनुसार वि. सं. १८११ सालमा श्री महावीर हुँ र इन्द्रवीर अवाल समेत र यस मन्दिरमा १ जोडी सिंह चढाउने श्री पटासी श्रेष्ठ जस्ता अग्रजहरूले स्थापना गर्नु भएको बुझिन्छ। त्यसै सिलसिलामा २००८ सालमा जिर्णोद्धार गर्ने क्रममा श्री पहलमान अवाले र काहिली अवालेले जिर्णोद्धार गर्नु भएको अभिलेख छ। यसै गरी वि. सं. २०६१ साल चैत्र महिनामा सबैको सहयोग पाएर श्री तेज विनायक गणेश मन्दिरको रथ तयार गरी २०६१ साल वैशाख १२ गते रथ शोभायात्रा गरिएको छ। श्री तेज विनायक गणेश मन्दिर हाताभित्र पुरानो शैलीको पाटी रही आएकोमा पछि २००८ सालमा लोगलाल श्रेष्ठले जिर्णोद्धार गर्नु भएको अभिलेख छ। हाले मिति २०५२ सालमा नयाँ शैलीमा जिर्णोद्धार गरिएको छ। विशेष गरी यस मन्दिरलाई सहयोग गर्ने आदरणीय समाजसेवी गणेशजीका परम भक्त श्री लक्ष्मण लोहनीज्यू प्रति हामी आभारी छौं यसै सिलसिलामा यो मन्दिरको डिजाइन गर्नुहुने समाजसेवी कुशल कलाकार श्री चन्द्र ब. श्रेष्ठ हुनुहुन्छ।
यसै मन्दिरको नयाँ शैलीको जिर्णोद्धार अवस्था देखि लागि पर्नु भएका अति लगनशील व्यक्ति श्री राजेश श्रेष्ठज्यूबाट २०६१ साल चैत्र १५ गते मङ्गलवारका दिन जिर्णोद्धार गर्नु भयो र २०६५ साल फागु पूर्णिमाका दिन तेज विनायक नामको गुठी प्रत्येक वर्ष चलाउने गरी स्थापना गरिएको छ।

यसैले श्री गणेश भगवानले हामी सबैको रक्षा गरून भनी प्रार्थना गर्दछौं।

यो प्रस्तावना लेखि तयार गरि सहयोग गर्ने यसै तेज विनायक छिमेकी खलकका गुरु समाजसेवी श्री श्याम कुमार श्रेष्ठ हुनुहुन्छ।

इति वि. सं. २०६० साल चैत्र १२ गते रोज ३ शुभम्।

(क) शिलालेख भनेको के हो ?

(ख) शिलालेख केसँग सम्बन्धित छ ?

(ग) शिलालेखमा भएका महत्त्वपूर्ण विषयवस्तु उल्लेख गर्नुहोस् ।

(घ) शिलालेख इतिहासको महत्त्वपूर्ण स्रोत हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ङ) तपाईंको समुदायमा कुनै शिलालेख भए सो शिलालेखमा उल्लिखित कुराहरू उतार गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस्

२. **तपाईँको पालिकाभित्र रहेका ऐतिहासिक सम्पदाको भ्रमण गरी प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :**

प्रतिवेदनको ढाँचा

परिचय

अध्ययनको उदेश्य

अध्ययन विधि

अध्ययनबाट प्राप्त भएका महत्वपूर्ण विवरण


निष्कर्ष

# पाठ १० पर्यटन पूर्वाधार र वातावरण संरक्षण

तपाईँको नगरपालिकामा कुन कुन पर्यटनका पूर्वाधारहरू छन्, पहिचान गर्नुहोस् र संरक्षणका उपाय सम्बन्धमा छलफलसमेत गर्नुहोस् :










पर्यटन विकासको महत्त्वपूर्ण सर्त पर्यटन पूर्वाधार पनि हो । जति पूर्वाधारहरूको विकास हुन सक्यो उतिनै पर्यटकीय आकर्षण र सम्भावनाहरू बढ्दै जान्छ । पर्यटकीय पूर्वाधारका रूपमा पक्कि सडक, हवाई यातायातको विकास, सहज बाटोघाटो, होटल, रेस्टुरेन्ट, खाजाघर, स्वच्छ वातावरण, सूचना प्रविधिको पहुँच, जनशक्तिको विकास, आतिथ्यता, आकस्मिक सेवा आदिलाई लिन सकिन्छ ।

## पर्यटन पूर्वाधारको आवश्यकता

- पर्यटकको सहज आगमन र वासस्थानको प्रबन्ध गर्न,
- पर्यटकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउन,
- पर्यटकीय स्थलको विकास र प्रवर्धनका लागि सहयोग लिन  र दिन,
- पर्यटकलाई पुनः सो ठाउँमा आगमन गर्न उत्साहित बनाउन,
- पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्न,
- स्थानीय संस्कृति, संस्कारको पहिचान र प्रचार गर्न,
- प्राकृतिक सम्पदाको संरक्षण र संवर्धन गर्न ।

## पर्यटन पूर्वाधार र वातावरण संरक्षण

पर्यटन पूर्वाधारको विकासले पर्यटनको विकासमा महत्त्वपुर्ण भूमिका खेल्दछ । पर्यटन पूर्वाधार विकास र वातावरण संरक्षणले पर्यटन उद्योगलाई प्रभावकारी वनाउँछ । पर्यटन पूर्वाधारको निर्माणले रमणीय स्थानमा पर्यटकीय सेवा र सुविधाको वृद्धि हुने, रोजगारीको अवसरको वृद्धि हुने, पर्यटन आगमनको सङ्ख्या वृद्धि, स्थानीय व्यवसायको बढोत्तरी भई आम्दानी वृद्धि हुने हुँदा यस्ता पूर्वाधार निर्माणमा गुणस्तर, प्रभावकारी र टिकाउपनाको साथै वातावरणीय पक्षलाई ध्यान दिनु जरुरी हुन्छ ।

पर्यटन पूर्वाधार विकास र वातावरण संरक्षणले स्थानीय मानिसहरूको जीवनस्तरमा

निम्नानुसार सुधार हुने छ :

(क) भक्तजन र आन्तरिक एवम् बाह्य पर्यटकको आगमन भई त्यस क्षेत्रमा रोजगारी र स्वरोजगारीको अवसर वृद्धि हुन्छ ।

(ख) मानिसहरूको सामाजिकीकरणमा वृद्धि हुन्छ ।

(ग) सरसफाइ र वातावरण संरक्षणमा सचेतना वृद्धि हुन्छ ।

(घ) आन्तरिक पर्यटनमा वृद्धि हुन्छ ।

(ङ) पूर्वाधारको विकाससँगै पर्यटकको आगमनमा वृद्धि हुन जान्छ ।

(च) स्थानीय सिप र कला प्रविधिको विकास तथा प्रबर्धन हुन जान्छ ।

(छ) दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ ।

(ज) सांस्कृतिक विविधताको संरक्षण र संवर्धनमा मदत पुग्छ ।

(झ) समावेशी विकासमा सहयोग पुग्न जान्छ ।

(ट) पूर्वाधार निर्माण गर्दा माटोकटानमा सावधानी र सतर्कता अपनाउनुपर्ने हुँदा विपद् व्यवस्थापनमा मदत पुग्छ ।

## अभ्यास

(क) पर्यटन पूर्वाधार भनेको के हो ?

(ख) पर्यटन पूर्वाधारको आवश्यकता किन पर्दछ ?

(ग) पर्यटन पूर्वाधार र वातावरण संरक्षणले पुऱ्याउने फाइदाहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा के कस्ता पर्यटन पूर्वाधारको विकास भएको छ ? सोधखोज गरी विवरण तयार पार्नुहोस् ।

२. पर्यटन पूर्वाधारबिना पर्यटन आगमन वृद्धि गर्न सकिँदैन, यस भनाइसँग तपाईंका सहमतिका बुँदाहरू प्रस्तुत गर्नुहोस् ।

# पाठ ११ प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावना

**पाठ प्रवेश**

**तलका चित्रमा के भइरहको छ, कक्षामा छलफल गर्नुहोस् :**





प्राकृतिक स्रोत व्यवस्थापन भन्नाले प्राकृतिक स्रोत साधनको उच्चतम उपयोग गरी त्यसको लाभको समानुपातिक वितरणलाई लिन सकिन्छ। नेपाल प्राकृतिक स्रोतमा धनी देश हो । यहाँका वनजङ्गल, खोलानाला, खनिज, जडिबुटीको उचित व्यवस्थापनले मात्र देशको विकासको ढोका खोल्न सक्छ । प्राकृतिक स्रोत साधनको प्रचुर सम्भावनाका बिचमा यी स्रोतसाधनको उचित र प्रभावकारी व्यवस्थापनका लागि धेरै सम्भावना रहेका छन्। प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावनालाई तल प्रस्तुत गरिएको छ।

**सिमेन्ट उद्योगको सञ्चालन** : नेपालमा नै प्राकृतिक स्रोतका रूपमा क्लिङ्कर, ढुङ्गा आदिको उपयोग गरी नेपालमा नै सिमेन्ट उद्योग सञ्चालन गर्न सकिने सम्भावना रहेको छ।

**जडीबुटी उद्योगको स्थापना** : नेपाल जडीबुटीमा धनी देश हो। यहाँ विभिन्न प्रकारका जडीबुटी रहेका छन् । यी जडीबुटीको सङ्कलन, प्रशोधन र उत्पादन गर्ने गरी विदेशमा निर्यात गर्न सकेमा देशको समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्न सक्छ । कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा पनि जडीबुटीहरू प्रशस्त पाइन्छन्। ती जडीबुटीहरूको उपयोग गरी स्थानीयस्तरमा औषधी बनाउन सकिन्छ । त्यस्तै जडीबुटीसँग सम्बन्धित साना तथा घरेलु उद्योगहरू सञ्चालन गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।





**विद्युत् आयोजनाहरूको निर्माण र विद्युत् व्यापार** : प्राकृतिक स्रोत साधनहरूमध्ये जलऊर्जाको सम्भावना नेपालमा धेरै छ । यहाँका नदी, ताल तलैयाबाट प्रशस्त विद्युत् उत्पादन गर्न सकिन्छ ।

**कृषि र वनपैदावार सम्बन्धित उद्योगको स्थापना** : कृषि र वनपैदावारमा आधारित उद्योगहरूको सम्भावना नेपालमा धेरै छ । फर्निचर उद्योग, फलफूल उद्योग, जुस उद्योग आदिबाट प्रशस्त आर्थिक उपार्जन गर्न सकिन्छ । नेपालमा लगभग ४५ प्रतिशत वनक्षेत्रले ढाकेकाले यहाँबाट प्राप्त घाँस सेरलाबाट पशुपालनको सम्भावना उच्च छ । स्थानीय स्तरमा रहेका वेतबाँस, निगालो र बाँसबाट डोकाडाला, फर्निचर, मान्द्रो गुन्द्री, सुकुल आदि उद्योग सञ्चालन गर्न सकिन्छ ।

**पर्यटन पूर्वाधार विकास** : नेपालमा प्रशस्त वनजङ्गल भएकाले यी जङ्गलमा जङ्गल सफारी, हाइकिङ, ट्रेकिङ, जल पर्यटन आदि विकास गर्न सकिन्छ ।

## अभ्यास

(क) प्राकृतिक स्रोत व्यवस्थापन भनेको के हो ?

(ख) प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावनाहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा जल, जमिन, जङ्गल र जडीबुटीको उच्च सम्भावना छ । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

**(क)** तपाइँको स्थानीयत तहमा के कस्ता प्राकृतिक स्रोत व्यवस्थापनका सम्भावनाहरू रहेका छन्, स्थानीय जनप्रतिनिधिलाई सोधी विवरण तयार पार्नुहोस् ।

(ख) **तल दिइएको तालिका पूरा गर्नुहोस् :**

| **वस्तु वा सामग्री** | **उद्योग** |
|---|---|
| वनजङ्गल | फर्निचर उद्योग, कागज उद्योग, सलाई उद्योग |
| जडीबुटी | |
| फलफूल | |
| कृषि उत्पादन | मैदा उद्योग, बिस्कुट उद्योग, पाउरोटी उद्योग, अचार उद्योग, ............., ............., ............ |
| जलस्रोत | |
| खनिज | |
| | |

पाठ १२

# स्थानीय प्राकृतिक स्रोतसाधनको संरक्षण र सदुपयोग


यो कहाँको चित्रको हो ? पहिचान गरी कक्षामा छलफल गर्नुहोस् :





वातावरण दिवसको उपलक्ष्यमा आलापोटको स्थानीय क्लबले वृक्षरोपण कार्यक्रमको आयोजना गरेको थियो । वृक्षरोपण कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरू र वातावरणविद्को उपस्थिति रहेको थियो । वृक्षरोपण गर्नुअघि वातावरण विद्ले सुरुमा आफ्ना केही विचारहरू राख्नुभयो र  सहभागीहरूसँग अन्तरक्रियासमेत गराउनुभयो ।

स्थानीय वन उपभोक्ता समितिका अध्यक्षले सुरुमा प्रकृतिमा रहेका विभिन्न स्रोतसाधनलाई प्राकृतिक स्रोतसाधन भनिन्छ र ती प्राकृतिक स्रोतसाधनको पहिचान र महत्त्व बोध हुने गरी हामीले स्रोत नक्सा तयार पारेको सन्दर्भ उल्लेख गर्नुभयो । यिनै नक्साको आधारमा हामी धेरै कुराहरू पहिचान गर्न सक्छौँ भन्दै स्रोत नक्सा अध्ययन गर्न लगाउनुभयो । त्यसको आधारमा छलफल अगाडि बढाउनुभयो ।



स्रोत नक्सामा विभिन्न स्रोतसाधको नक्साङ्कन गरिएको छ । भूमि, वन, पोखरी, सडक आदि प्राकृतिक र मानव निर्मित स्रोतसाधनलाई देखाइएको छ । स्रोतसाधन कुनै नवीकरणीय हुन्छ भने अनविकरणीय हुन्छ । पानी, सौर्य

ऊर्जा, हावा, बायोग्याँस आदि नवीकरण स्रोतसाधन हुन भने ग्याँस, वनजङ्गल, खनिज आदि अनविकरणीय स्रोतसाधन हुन्

यति भन्दै उहाँले प्राकृतिक स्रोतसाधनको संरक्षण र सदुपयोग किन गर्नुपर्छ र यसका उपायहरू सम्बन्धमा प्रकाश पार्न वातावरणविद्लाई अनुरोधसमेत गर्नुभयो ।

**वातावरणविद्** : प्रकृतिमा उपलब्ध हुने जल, जमिन, जङ्गल, खनिज आदि प्राकृतिक स्रोतहरू हुन् । यस्ता स्रोतसाधनहरूको उपयोगबाट हामीले हाम्रो दैनिक जीवनलाई सहज र सरल बनाइरहेका छौँ । यी स्रोतसाधनले हाम्रा दैनिक आवश्यकता पूरा गर्न, वातावरणलाई स्वच्छ र सफा बनाउन, शक्तिको स्रोतका रूपमा उपयोग गर्न हामीलाई सहयोग पुऱ्याइरहेका छन् । प्राकृतिक स्रोत साधनको प्रचुरता भएमा यसबाट पर्यटन प्रवर्धन र आयआर्जनमा समेत मदत पुग्छ । यिनीहरूको प्रयोगमा सन्तुलन कायम राख्नुपर्छ यसो गर्न सकेमा यसको निरन्तर उपयोग र भावी पुस्ताका लागि हस्तान्तरण सम्भव हुन्छ । यहाँहरूको थप जिज्ञासा भए राख्न अनुरोध गर्दछु ।

स्थानीय अभिभावक विक्रम सिंह तामाङले आफ्नो जिज्ञासा यसरी राख्नुभयो । प्राकृतिक स्रोतसाधनको महत्त्व र यसको पुस्तान्तरणमा हामी जिम्मेवारी हुनुपर्छ भन्ने सन्दर्भ त यहाँले उठाउनुभयो । मेरो जिज्ञासा ती प्राकृतिक स्रोत साधनको संरक्षण र सदुपयोग कसरी गर्न सकिन्छ ? यस सम्बन्धमा पनि यहाँको विचार सुन्न पाए मलगायत यहाँ उपस्थित सबै जना आभारी हुने थियौँ ।

**वातावरणविद्** : प्राकृतिक स्रोतसाधन हाम्रो जीवनका हरेक आवश्यकतासँग जोडिने हुँदा यसको संरक्षण र सदुपयोग गर्नु हामी सबैको दायित्व हो । यसको संरक्षण र सदुपयोगका यी उपायहरू अवलम्बन गर्न सकेमा हाम्रो समाज सुखी र समुन्नत हुने कुरामा दुई मत हुन सक्दैन । पहिलो उपाय भनेको यी स्रोतसाधनको महत्त्व बोध गरी तिनीहरूको हेरचाह र सुरक्षामा ध्यान दिनु हो ।

वनजङ्गलको संरक्षण गर्न वृक्षरोपण गर्ने, वनजङ्गलमा चरिचरन रोक्ने, खास नियम बनाएर वन पैदावर जस्तै घाँस, दाउरा, काठ आदि वनबाट ल्याउन पाउने व्यवस्था मिलाउने गर्न सकिन्छ। वनमा डडेलो नलगाउने र लगाउनेलाई कानुनी कारवाही गर्ने गरेमा वनजङ्गल जोगाउन सकिन्छ । त्यस्तै नदी र पानीका मुहान भएका क्षेत्रमा फोहोर नफाँक्ने, नदीहरूमा गिटी, बालुका ननिकाल्ने आदि कार्यले पनि नदीलाई सफा र स्वच्छ राख्न सकिन्छ । त्यस्तै माटोको उर्वराशक्ति नाश हुन नदीन विषादीको प्रयोगलाई निरुत्साहित गर्ने, प्राङ्गारिक मलको प्रयोगलाई प्राथमिकता दिने व्यवस्था गर्नुपर्छ । यसले गर्दा माटोको उर्वराशक्तिलाई बचाई राख्न सकिन्छ । जडीबुटीहरूको सही पहिचान गरी आवश्यकताअनुसार उपयोग गर्ने, बढी भएका जडीबुटीलाई निश्चित समय तोकेर खोजी कार्य गर्न लगाई त्यसको बिक्री वितरण र बजारीकरणको प्रबन्ध गर्न सकेमा हाम्रा प्राकृतिक सम्पदाको सही उपयोग हुन जान्छ। यसले रोजगारी र आयआर्जनमा वृद्ध भई गरिबी निवारणमा समेत मदत पुऱ्याउँछ ।

## अभ्यास

(क) प्राकृतिक स्रोतसाधन भनेको के हो ?

(ख) प्राकृतिक स्रोतसाधनको आवश्यकता किन पर्दछ ?

(ग) नवीकरणीय स्रोतसाधनमा कुन कुन स्रोतसाधन पर्दछन् ?

(घ) अनवीकरणीय स्रोतसाधनमा कुन कुन स्रोतसाधन पर्दछन् ?

(ङ) प्राकृतिक स्रोतसाधनको संरक्षण गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

(क) कुन स्रोतसाधन नवीकरणीय र अनवीकरणीय हुन्, पहिचान गर्नुहोस् र तालिकामा भर्नुहोस् :















| नवीकरणीय स्रोतसाधन | अनवीकरणीय स्रोतसाधन |
|---|---|
| | |
| | |

(ख) आफ्नो समुदायमा प्राकृतिक स्रोतसाधनको संरक्षण र सदुपयोग कसरी गर्ने गरिएको छ ? सोधखोज वा स्थलगत अवलोकन गरी विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) आजकल खेतीपातीमा अत्यधिक रासायनिक मल र विषादीको प्रयोग हुने गरेको छ, यसले माटोको उर्वराशक्तिमा ह्रास आउँदै गइरहेको सन्दर्भमा हाम्रा जमिनहरूलाई उर्वर र उब्जाउशील बनाउन के गर्न सकिन्छ ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पाठ १३

# मौलिक र परम्परागत हस्तकला तथा उपहार सामग्री

चित्रहरू हेर्नुहोस् र छलफल गर्नुहोस् :









भाइबहिनीहरू ! कलाका बारेमा केही जानकारी अगाडिका पाठमा पनि पाउनुभएको छ । यहाँ हामी मौलिक र परम्परागत हस्तकला र उपहार सामग्रीका बारेमा थप ज्ञान सिप लिने छौं ।

## हस्तकलाको परिचय

हस्तकला भनेको विशुद्ध रूपमा मानव हातबाट निर्मित कला हो । हातबाट निर्मित दैनिक जीवनमा प्रयोग गर्न वा सजाउनका लागि प्रयोग गरिने साधन नै हस्तकला हुन् । हस्तकलामा विभिन्न घरेलु सामानहरूको प्रयोग गरेर विभिन्न कलात्मक वस्तु बनाएर बिक्री गर्ने र प्रदर्शन गरिन्छ । परम्परामा आधारित वस्तुलाई उपयोगितासँगै सौन्दर्य थप्दै लैजाने पद्धति हस्तकलाभित्र पर्छ । हामीले प्रयोग गर्ने हस्तनिर्मित डोको नाम्लो, भाँडाकुँडादेखि टेक्ने लौरो, गुन्द्री राडीपाखी, धातुमूर्ति, चित्रकला आदि सबै हस्तकला नै हुन् ।







नेपालमा हस्तकलाका सिपहरू करिव ३० प्रकारका छन् । धातुका गरगहना निर्माण गर्नु, बाँसका सामग्री, मूर्तिकला, पोस्टरकला, चित्रकला, सेरामिक, हाते कागज, वेतबास, थान्का, रेसाजन्य कपडालगायतका हस्तकलाका सामग्री नेपालमा उत्पादन हुने गर्छन् । नेपालमा हस्तकला क्षेत्रमा करिव ११ लाख कालीगढ प्रत्यक्ष लागिरहेका छन् । यो क्षेत्रबाट उनीहरूको परिवारको आर्थिक गुजारा चलिरहेको छ ।

नेपालमा उत्पादित हस्तकलाका सामग्रीको विश्वबजारमा आकर्षण बढ्ने क्रममा छ । हाम्रो छिमेकी देश भारत, चीनलगायत अमेरिका, जापान, जर्मनी, युरोप,

बेलायत, फ्रान्स, डेनमार्क र क्यानडा ल्याटिन अमेरिकालगायत विभिन्न देशमा नेपाली हस्तकलाका वस्तुको माग बढ्दो छ ।

वर्तमान समयमा छिमेकी देश भारत र चीनमा यहाँका हस्तकलाका सामानहरूको माग बढेको छ । आजकाल देशभित्र पनि सजावटका लागि हस्तकलाका सामानहरू प्रयोग गर्ने प्रवृत्ति बढेको छ । यति मात्र होइन, प्रत्येक वर्ष नेपाल आउने पर्यटकहरूमध्ये धेरैले यहाँको चिनोको रूपमा वस्तुकलाका सामानहरू खरिद हुने गर्छन् ।

नेपाल आउने कतिपय विदेशी राष्ट्रप्रमुख तथा प्रसिद्ध व्यक्तिहरूलाई हस्तकलाका सामानहरू उपहारस्वरूप प्रदान गर्ने चलन छ ।

**हस्तकलाका विशेषताहरू**

- हस्तकलामा विशेष कलात्मक शैलीको प्रयोग गरिने,
- हस्तकला कला सिर्जनाबाट जन्मिने र यस्तो कला सिर्जनात्मक, नवीन र स्वतन्त्र हुने,
- स्थानीय सांस्कृतिक, भौगोलिक परिचय दिनुका साथै स्थानीयपन मौलिकता जोडिएको हुने,
- विशेषत: ग्रामीण भेगका महिला पुरुषले आफ्ना दैनिकीलाई सहजीकरण गर्दै सौन्दर्य चिन्तनबाट प्रेरित भई उत्पादन गरेका सामग्रीका रूपमा हस्तकलाका सामग्री रहने,
- हस्तकलामा लोकजीवनको प्रतिनिधित्व रहने, जस्तै : चाडपर्व, मेलापर्व, जात्रापर्व, उपहार आदिमा हस्तकलाका सामानको प्रयोग अत्यधिक हुँदै आएको पाइने,
- समय र अवस्थासँगै यस कलाको विस्तार, परिमार्जित स्वरूप देख्न

पाइने,

- विशेषत मानिसको बसाइँ सर्ने प्रवृत्ति, प्रविधिको व्यापक प्रयोग र विविधतामा मानिसको रुचि जाग्नाले पनि यो कलाले फल्ने फुल्ने मौका प्रशस्त पाइने ।

**हस्तकलाको महत्त्व**

- नेपाली मौलिक कलाको विकास, संवर्धन र प्रवर्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने
- कालीगढहरूको आर्थिक उन्नतिको साथसाथै देशकै आर्थिक विकासलाई टेवा पुर्‍याउने कार्यमा सहयोग पुग्ने,
- हस्तकला निर्माण र सिर्जनाका क्रममा स्थानीय क्षेत्रमा उपलब्ध प्राकृतिक, जैविक, खनिज, वनस्पति आदि कच्चा पदार्थका रूपमा प्रयोग हुने भएकाले स्थानीय स्रोतसाधनको प्रयोग बढ्ने,
- वनजन्य, धातुजन्य, कृषिजन्य, माटोजन्य, पशुजन्य, उनजन्य कच्चा पदार्थहरूको सहज, सरल, पहुँच भएमा नेपाली हस्तकलाको उत्पादनको क्षेत्रमा मनग्य विकास हुन सक्ने,
- नेपाली हस्तकलाको महत्त्वपूर्ण अंश रहेको नेपाली पस्मिनाका लागि चाहिने कच्चा पदार्थ हिमाली बाखा अर्थात् च्याङ्ग्राको पालनमा सरकारले हिमाली क्षेत्रमा प्रोत्साहन पुग्ने तथा सँगसँगै किसानको जीवनस्तर पनि वृद्धि हुने दोहोरो फाइदा हुने,
- विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने,
- रोजगारी बढ्ने, आयआर्जनमा सहयोग पुग्ने, नेपाली कलाको विकासमा सघाउ पुग्ने ।

**हस्तकलाको विकासका प्रयासहरू**

- हस्तकलाका सामग्रीले स्थानीय बजारका साथै स्वदेश तथा विश्वबजारसम्म पुग्ने प्रयास गरिरहेको । नेपालबाट ४२ प्रकारका हस्तकलाका सामग्रीहरू विश्वका ६० भन्दा बढी देशमा निर्यात गरिन्छ, जसमध्ये पश्मीना, धातुका सामान, काठका सामान, प्राकृतिक रेसाजन्य सामग्री र मिथिला पेन्टिङ आदि उल्लेखनीय रहेको,
- नेपालबाट बर्सेनि २०/२२ अर्ब रुपियाँभन्दा बढीको हस्तकलाका सामग्री निर्यात हुने गरेको । यसलाई अझ व्यवस्थित गर्न सकेको खण्डमा हस्तकलाको बजार अझ ठुलो बन्न सकेको,
- हस्तकला उद्योगमा संलग्न प्रत्यक्ष र अप्रत्यक्ष गरी २१ लाखजति व्यक्तिहरूले रोजगारी पाएको,
- नेपालको हस्तकलाको प्रवर्धन र बजारीकरणका लागि 'रोड टु कोप २६' कार्यक्रम अगाडि सारिएको । नेपालमा दिगो व्यवसायका लागि जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्न सघाउने र प्रकृतिमा आधारित हस्तकलासम्बन्धी अभ्यास प्रवर्धन गर्ने यो कार्यक्रमको मुख्य लक्ष्य रहेको,
- पौराणिक डिजाइनका गहना विशेष चाडपर्वमा लगाइन्छ भने आधुनिक डिजाइनका गहना सुन्दरताका लागि प्रयोग भएको,
- कपडाबाट बनेका सामानहरूमा खास गरेर पश्मीना, सुती, फलाटिन, रेसम, अल्लो र ढाकाबाट उत्पादित सामानहरूको माग बढिरहेको ।

**हस्तकला विकासका समस्याहरू**

- हस्तकलाका कालिगढलाई देशभित्रै उचित अवसर दिन नसक्दा दिनानुदिन दक्ष कालिगढ विदेश पलायन हुँदै गएको,
- कामको सम्मान गर्ने प्रवृत्ति नभएकाले उक्त उद्योगमा हीनताबोध हुन थालेको । यस व्यवसायमा युवाहरूको आकर्षण बढ्न नसकेकाले श्रमको अभाव रहेको,

- धातु तथा प्लास्टिकका सामानहरूको बढ्दो प्रयोगले गर्दा नयाँ पुस्ताका व्यक्तिहरू यस व्यवसायमा आकृष्ट हुन नसकेको ,
- विदेशी तयारी हस्तकलाको नेपाली बजारमा आयात, नेपाली हस्तकलाको प्रचारप्रसार, विज्ञापन प्रवर्धनको अभाव, उचित बजार मूल्यको अभाव, प्रभावकारी ऐन नियमावलीको अभावजस्ता कारणले गर्दा स्थानीय बजार प्रभावित रहेको,
- कालिगढहरूलाई तालिम दिने संस्थाहरूको अभाव रहेकाले उत्पादित हस्तकलाका सामानहरूको गुणस्तर अभिवृद्धि गर्न नसकिएको,
- हस्तकलाको प्याटेन्ट राइट नहुँदा सिर्जनाको अनधिकृत नक्कल, चोरी आदिबाट कलाकर्मीहरूमा रहेको उदासीनता तथा पीडाबाट नव सिर्जनामा असर परिरहेको,
- गुणस्तरीय कच्चापदार्थ, डिजाइन, मूल्य, प्याकेजिङ, प्रचारप्रसार, तालिम, बजार अनुसन्धान, प्रविधि, सिप, भौतिक पूर्वाधार, कानुनी संरचना, हौसला तथा प्रोत्साहनको अभावजस्ता कारणले नेपाली हस्तकलाको उद्योग तथा व्यापारमा असर गरिरहेको छ ।

**समस्या समाधानका उपायहरू**

- नेपाली वस्तुहरू प्रयोगमा ल्याउनका लागि हामी नेपाली नै जागरुक भई आफ्नै उत्पादनलाई उपभोग गर्ने चलन चलाउनुपर्ने
- हस्तकलाका परम्परागत विधिहरूको विषयमा अध्ययन गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने, त्यस्ता अध्ययनहरूको निष्कर्षलाई अभिलिखित गर्ने, हस्तकला विषयक पुस्तकहरूको प्रकाशन गर्ने,
- हस्तकला सामग्रीलाई औद्योगिकीकरणमा परिणत गर्ने र उत्पादन प्रक्रियामा परिमार्जन गर्ने,
- विद्यालय पाठ्यक्रममा हस्तकला शिक्षासम्बन्धी कुराहरू समावेश गर्ने,

- समयसमयमा हस्तकलासम्बन्धी प्रदर्शनीहरू आयोजना गर्ने, हस्तकलासम्बन्धी प्रतियोगिताहरू आयोजना गर्ने,
- हस्तकला उद्योगका लागि सुलभ ऋण सहज तरिकाले उपलब्ध गराउने
- हस्तकला उत्पादन गर्न सहयोग हुने औजार, कच्चापदार्थ, रसायन, मेसिन प्रविधिको आयातमा सहुलियत दिने
- हस्तकला उद्योगल विदेशतर्फ निर्यात गर्दा छुट तथा सहुलियत पाउनुपर्ने
- युवा उद्यमी तथा व्यवसायीहरूलाई आकर्षित गर्न तालीम, गोष्ठी सेमिनार, कार्यशाला र प्रदर्शनी गर्ने,
- हस्तकलाका सिप र विधिहरूको विषयमा आवश्यक क्षमता विकास गरी हस्तकलाका सामग्रीहरूको उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गर्ने,
- राष्ट्रिय सञ्चारमाध्यमहरूका लागि हस्तकलासम्बन्धी चेतनामूलक वृत्तचित्र, श्रव्यदृश्य सामग्रीहरू प्रकाशन प्रसारण गर्ने,
- हस्तकलाका निर्यातका लागि लागि नयाँ मुलुकहरू पनि पहिचान गर्नुपर्ने । यसका लागि विश्व ई-कमर्स अवधारणालाई अवलम्बन गर्ने,
- नेपाली हस्तकलाको व्यापक रूपमा प्रचार गरी उत्पादन, प्रयोग र खरिद, बिक्रीमा आकर्षित गर्ने ।

## अभ्यास

**(अ) तलका प्रश्नको उत्तर लेख :**

(क) कला भनेको के हो ?

(ख) हस्तकलाको परिचय दिनुहोस् ।

(घ) हस्तकलाका पाँचओटा विशेषता लेख्नुहोस् ।

(ङ) नेपाली हस्तकलाका मुख्य समस्याहरूको सूची बनाउनुहोस् ।

(च) नेपाली हस्तकला विकासका लागि गर्नुपर्ने कार्यहरूको सूची तयार गर्नुहोस् ।

(छ) तपाईंको घर वरपर हस्तकला सम्बन्धी कुनै उद्योग वा व्यवसाय देख्नुभएको छ ? ती उद्योगबाट उत्पादित सामानहरूको सूची बनाउनुहोस् ।

**(आ) तलका खण्ड क र खण्ड ख बिच जोडा मिलाउनुहोस् :**

| खण्ड अ | खण्ड आ |
|---|---|
| (१) हस्तकलाको परिचय | (क) गरगहना, चित्रकला, सेरामिक, थान्का, बाँसका सामान |
| (२) हस्तकलाका प्रकार | (ख) युवाहरूको विदेश पलायनले नयाँ जनशक्तिको कमी |
| (३) हस्तकलाको अवस्था | (ग) मानव हातबाट निर्मित कला सिर्जना |
| (४) हस्तकलाको समस्या | (घ) अपेक्षित रूपमा हस्तकलाको विकास नभएको |
| (५) हस्तकलाको समस्या समाधान | (ङ) विदेशबाट हस्तकलाका सामान आयात |
| (६) हस्तकला विकास | (च) सिप विकास, क्षमता अभिवृद्धि, पर्याप्त ज्याला वृद्धि गर्ने |
| | (छ) सरकारी तहबाट नीतिगत, कार्यक्रमगत प्रयास आवश्यक |

## क्रियाकलाप

(क) **तलको अनुच्छेद अध्ययन गरी तलका प्रश्नको उत्तर दिनुहोस् :**

नेपालको हस्तकलाको विकासका लागि धेरै कार्यहरू गर्न आवश्यक छ । मूलतः हस्तकला उद्योग बढाउन बजार विस्तृतीकरण गर्ने, बजारलाई विभिन्न विशेषताका आधारमा विविधीकरण गर्ने, बजार विस्तार गर्ने, गुणस्तरमा र विश्वसनीयतामा बढावा दिने कुरामा अग्रसर हुनुपर्छ । प्रविधि, गुणस्तर, जनशक्ति र बजारको विकास आजको आवश्यकता हुन् । हस्तकला उद्योगमा हस्तकलाका उत्पादनहरूमा निखार र एकरूपता ल्याउन प्रविधिको प्रयोग गर्नुपर्छ । साथै प्याकेजिङ, उत्पादित सामानहरूको विवरण तथा जानकारी आदि विषयमा सचेत हुन जरुरी छ ।

प्रविधि हस्तान्तरण, क्षमता हस्तान्तरण, पुस्तान्तरण गर्न परिष्कृत सोच जरुरी छ । मुलुकमा सबै क्षेत्रमा ज्ञान हस्तान्तरण गरी सिक्न, जान्न र बुझ्नका लागि सचेत, गम्भीर हुन आवश्यक छ । हस्तकलाका विषयमा तालिम, सिप विकास, क्षमता अभिवृद्धि, वृत्ति विकास, ज्याला, जीवनस्तर उठानजस्ता गम्भीर विषयहरूमा सूक्ष्म अध्ययन गरी वास्तविक यथार्थ समस्यालाई क्रमबद्ध रूपमा समाधान गर्नुपर्छ । साथै, कार्यरत कालिगढ, कलाकर्मीहरूको तलब, ज्याला, सुविधा र वृत्ति विकासका योजना ल्याउनुपर्छ ।

**प्रश्नहरू**

१. नेपाली हस्तकलाको विकासका मुख्य समस्या के हुन् ?

२. नेपाली हस्तकलाको विकास गर्न के के गर्नुपर्ला ?

३. तपाईंको समुदायमा हस्तकलाका काम हुन्छन् कि हुँदैनन् ? हुन्छन् भने तिनका मुख्य समस्या लेख्नुहोस् र यदि हुँदैनन् भने किन नभएका होलान्, खोजी गरी त्यसका कारण पाँच बुँदामा लेख्नुहोस् ।

(ख) तलको चित्रमा के देख्नुहुन्छ ? के तपाइँको विद्यालयमा हस्तकला कार्य तथा प्रतियोगिता हुने गरेका छन् ? तपाइँको विद्यालयमा हस्तकला सम्बन्धी अभ्यासमा रहेका समस्याहरू के के होलान् ? छलफल गरी आएको निष्कर्ष कक्षामा पढेर सुनाउनुहोस् ।




## सिर्जनात्मक कार्य

**(क) तलको चित्रमा के के देख्नुहुन्छ ? चित्रमा गरिएको कार्य उद्योग हो कि होइन ? यसलाई व्यावसायिक उद्योगको स्वरूप दिन के के गर्नुपर्ला ? छलफल गरेर एक प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**



# पाठ १४ स्थानीय बजार व्यवस्थापन र स्थानीय उत्पादनको उपभोग

## पाठ प्रवेश

**तलको चित्र हेरी कक्षामा छलफल गर्नुहोस् :**



(क) चित्रमा कुन कुन साद्यसामग्री छन् ?

(ख) चित्रमा भएका नापो (मापन) गर्ने प्रयोजनका लागि राखिएका सामगीको नाम बताउनुहोस् ।

(ख) चित्रमा जस्तै तपाईंको कुन कुन ठाउँमा भ्रमण गर्नु भएको छ ?

## बजारको परिचय

बिक्रेता र उपभोक्ताको भेट गराउने माध्यम बजार हो। आफूसँग रहेको सामान तथा उत्पादित वस्तु बेच्न चाहने व्यक्ति बिक्रेता हो । आफूलाई चाहिएको सामान किन्न चाहने व्यक्ति वा समूह उपभोक्ता वा क्रेता हो। तसर्थ क्रेता र बिक्रेता बिचमा रहेको सेतु वा पुललाई बजार भनिन्छ।

बजारको विकास हुनुअघि वस्तु सापटी तथा साटासाट गर्ने प्रचलन थियो । वस्तु विनिमयका आधुनिकतासँगै आफूलाई बढी भएको वस्तु तथा सेवा बेच्न थालियो । साथै आफूलाई आवश्यक पर्ने वस्तु तथा सेवालाई किन्ने प्रचलनको सुरुआत पनि भयो। यस कार्यले बजार व्यवस्थाको अवधारणा विकास हुन पुग्यो। आजभोलि संसारका धेरै कार्यबाट बजारकेन्द्रित हुने गरेका छन् । हरेक सेवा सुविधा प्राप्त गर्न बजार नै जानुपर्ने अवस्था विकास भइसकेको छ।

## बजारका प्रकार

बजार विभिन्न प्रकारका हुन्छन् । वस्तु वा सेवा बिक्रीका दृष्टिले वस्तुअनुसार पसल फरक हुन सक्छन्, जस्तै : कपडा पसल, बिजुली पसल, औषधी पसल आदि । त्यस्तै बजारको क्षेत्र अनुसार स्थानीय बजार, राष्ट्रिय बजार र अन्तर्राष्ट्रिय बजार हुन्छन् । त्यस्तै आकारका दृष्टिले नाङ्ले पसलदेखि सानो बजार, मध्यम स्तरको बजार र ठुलो बजार आदि पनि बजारका स्वरूप हुन् । प्रविधिको विकाससँगै बजारमा पनि आधुनिकीकरण हुन गएको पाइन्छ । व्यापारको नवीनतम रूप ई-कमर्स (E-commerce) हो । यसमा कम्प्युटरका माध्यमबाट इन्टरनेट तथा इमेलमार्फत व्यापार गरिन्छ। इन्टरनेटमा सामानको मूल्य सूची राखिएको हुन्छ । ग्राहकलाई खाँचो परे इमेल पठाएर वा अनलाइन सामान माग गरिन्छ। सामानको भुक्तानी नगद, चेक, ड्राफ्ट वा कार्डबाट गर्न सकिन्छ । यस्तो प्रक्रियामा ग्राहक र व्यापारी प्रत्यक्ष भेट नभई घरैमा सामान पुग्छ । हिजोआज सञ्जाल व्यापार (Net-working business) पनि गरिन्छ । यसमा ग्राहकहरूको समूहमा सामान किनबेच हुन्छ। अर्थात् यसमा कुनै सामान

किन्न ग्राहकहरू सदस्य बन्छन् र सदस्यहरू बिचमा मात्र सामानको बिक्री गरिन्छ । हिजोआज यस्तो व्यापारको उपभोक्ता ठगिने गरेका उदाहरण पनि आएका छन् । यसरी व्यापारको क्षेत्रमा नयाँ नयाँ तौरतरिका र प्रविधिको प्रयोग हुने गरेको पाइन्छ ।

**स्थानीय बजार व्यवस्थापन**

आफ्नो बस्ती वा घर वरपर रहेको बजारलाई स्थानीय बजार भनिन्छ । प्राय: स्थानीय बजारमा स्थानीय तहमा उत्पादित वस्तु तथा सेवाको बाहुल्यता हुने गर्छ । स्थानीय वस्तु वा सेवाका साथै अन्य वस्तु पनि यस्तो बजारमा बेचिन्छ । स्थानीय उत्पादनलाई बढी जोड दिँदै स्थानीय स्तरमै रहेको बजारलाई स्थानीय बजारका रूपमा लिन सकिन्छ ।

हाम्रो कागेश्वर मनोहरा नगरपालिका क्षेत्रमा पनि विभिन्न स्तरका स्थानीय बजारहरू रहेका छन् । यस्ता बजारमा स्थानीय वस्तु तथा सेवाका साथै स्वदेश तथा विदेशका माल वस्तुसमेत रहेका हुन्छन् । वर्तमान कानुनी व्यवस्थाले स्थानीय बजार व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीय सुमदाय तथा स्थानीय सरकार मिलेर स्थानीय बजारलाई सर्वसुलभ बनाउने गर्नुपर्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय व्यापार तथा वस्तुको माग र आपूर्तिको व्यवस्थापन गर्ने, अनुगमन र नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । बजार तथा हाटबजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन, मूल्य निर्धारण र अनुगमन गर्ने जिम्मेवारी पनि स्थानीय तहको हो । स्थानीय वस्तु तथा सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई प्रदान गरिएको छ । त्यस्तै स्थानीय स्तरका फर्मको दर्ता अनुमति, नवीकरण, खारेजी एवम् अनुगमन नियमन गर्ने कार्य क्षेत्र पनि स्थानीय तहको हो ।

त्यसैगरी स्थानीय व्यापारको तथ्याङ्कीय प्रणालीको स्थापना, स्थानीय लगायतको प्रवर्धन, सहजीकरण र नियमन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारको हो । यसरी स्थानीय बजारसम्बद्ध कुराहरूलाई योजनाबद्ध तरिकाले व्यवस्थित गर्नु नै स्थानीय बजार व्यवस्थापन हो । आफूसँग बढी भएको सामान बिक्री गर्नु र आवश्यक सामग्री खरिद गरी आफूलाई आवश्यक पर्ने सामानको चाँजोपाँजो मिलाउने काम पनि बजार व्यवस्थापन अनतर्गत नै पर्दछ ।

विभिन्न वस्तु, स्थान, मूल्य प्रवर्धन, उभोक्ता र यातायात आदि बजार व्यवस्थापनका मुख्य तत्त्वहरू हुन् । कस्ता प्रकृतिका सामान  कुन स्थानमा कसरी बिक्री वितरण गर्ने भन्ने कुराको व्यवस्था मिलाउन बजार व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उत्पादित सामग्री बजारसम्म पुऱ्याउन यातायात, बाटोघाटोको प्रबन्ध हुनुपर्छ । त्यस्तै बिजुली बत्ती, पानी, सार्वजनिक यातायात सेवा, शान्ति सुरक्षा आदि प्रबन्ध गर्नु पनि बजार व्यवस्थापनकै पाटो हो । बजार भाउ नियन्त्रण गर्ने, मिसावट, कालाबजारी, एकाधिकार आदि रोक्ने जस्ता कार्य पनि बजार व्यवस्थापन कै पाटो हो ।

**स्थानीय उत्पादनको उपभोग**

बजारमा विभिन्न प्रकारका सामान पाइन्छन् । कतिपय बजारमा स्थानीय उत्पादनका वस्तु चाहन्छन् भने कतिपयमा बाह्य देशबाट आयात गरिएका सामान हुन्छन् । आजभोलि ई-कमर्स र अनलाइन मार्केटिङका कारण घरनजिकै पसल वा बजार हुनपर्छ भन्ने छैन । तर पनि आफ्नो बस्ती वरपर बजार हुँदा उपभोक्तालाई सहज हुन्छ ।

प्रविधिको तीव्रतर रूपमा भएको विकासले व्यापार पनि विश्वव्यापीकरण भएको छ । यसरी विश्वव्यापीकरणले विदेशी सामानको उपभोग गर्ने बानीको विकास हुन पुग्छ । तसर्थ स्थानीय उत्पादनको उपभोग बढाउन स्थानीय वस्तु तथा से वा उपभोग गर्न आवश्यक हुन्छ ।

मूलतः स्थानीय रूपमै उत्पादित वस्तु तथा सेवाको बाहुल्यता रहेमा स्थानीय बजार प्रवर्धनमा सहयोग पुग्ने हुन्छ । स्थानीय उत्पादन उपभोग गर्नाले हुने फाइदाहरू यस प्रकार रहेका छन् :

- ताजा र अर्गानिक वस्तु उपलब्ध हुने
- स्थानीय उत्पादन अभिवृद्धिमा सघाउ पुग्ने
- स्थानीय पुँजी स्थानीय रूपमै रहने
- बाह्य सामानको बढावालाई घटाउँदै लैजाने
- चाहेको समयमा तुरुन्तै सामान पाइने
- स्थानीय श्रम र सिपको सदुपयोग हुने
- स्थानीय रोजगारी अभिवृद्धिमा सहयोग पुग्ने आदि ।

## परियोजना कार्य

१. तपाईंको बस्ती वरपर रहेको बजारका विभिन्न पसलहरूको स्थलगत भ्रमण गरी त्यहाँ स्थानीय उत्पादन र बाह्य उत्पादनमध्ये कुनको बढी व्यापार हुने गरेको रहेछ, स्थलगत भ्रमण गरी प्रतिवेदन बनाउनुहोस् ।

२. तपाईंको समुदाय वरिपरिको कुनै बजार भ्रमण गरी त्यहाँको कस्ता सामग्रीहरू किनबेच हुने रहेछन्, तिनीहरूको सूची तयार गर्नुहोस् ।

## क्रियाकलाप

१. "स्थानीय बजारमा स्थानीय उत्पादनको बाहुल्यता हुनुपर्छ ।" यस भनाइको पुष्टि गर्नुहोस् ।

२. तपाईंको परिवारले बजारमा लगेर बिक्री गर्ने र बजारबाट खरिद गरी ल्याउने सामानहरूको सूची तयार गर्नुहोस् र कक्षा पस्तुत गर्नुहोस् ।

## अभ्यास

**(क) तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

१. बजार भनेको के हो ? बजार व्यवस्थापनको परिचय दिनुहोस् ।

२. स्थानीय बजार व्यवस्थापन किन महत्त्वपूर्ण हुँदै गएको छ ?

३. तपाईँको घरमा के कस्ता सामान किनेर ल्याइन्छ ? साथै हाल के कस्ता सामग्री आवश्यक छ, स्थानीय उत्पादनलाई जोड दिन के गर्नुपर्ला ?

४. उद्यमशीलता र बजारका बिचमा कस्तो सम्बन्ध रहेको हुन्छ ?

५. स्थानीय बजार व्यवस्थापनका मुख्य समस्याहरू उल्लेख गरी ती समस्या समाधानका उपायहरू लेख्नुहोस् ।

**(ख) भनाइ ठिक भए ठिक ठिक चिह्न र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

१. सामग्रीको खरिद बिक्री गर्ने स्थानलाई बजार भनिन्छ ।

२. बजारमा आफूले चाहेको सामान वा सेवा किन्ने व्यक्ति विक्रेता हो ।

३. बजारले क्रय, विक्रय र उपभोगमा सहजाता ल्याउँछ ।

४. स्थानीय सरकारले मात्र स्थानीय बजार व्यवस्थापन गर्न सक्छ ।

५. वस्तु तथा सेवा किनबेचका लागि निर्धारित रकमलाई लागत भनिन्छ ।

## सिर्जनात्मक कार्य

स्थानीय बजारमा अनियन्त्रित रूपमा महँगी बढ्नुका साथै नक्कली सामानको विगविगी बढेकाले स्थानीय बजारको नियमित अनुगमन गरी महँगी नियन्त्रण गरिदिन अनुरोध गर्दै नगर प्रमुखलाई एक चिठी लेख्नुहोस् ।

पाठ १५

# स्थानीय पेसा व्यवसायको आधुनिकीकरण

## पाठ प्रवेश

तलका चित्रका बारेमा छलफल गर्नुहोस् :





## पेसा ⁄ व्यवसायको परिचय

मानिसले अफ्नो जीवन निर्वाहका लागि गर्ने विभिन्न कार्यहरू पेसा हुन् । जस्तै कोही किसानको काम गर्छन् भने कोही व्यापार-व्यवसाय गर्छन् । कोही पढाउने काम गर्छन् भने कसैले उपचार गर्छन् । यसरी दैनिक जीवन सञ्चालन गर्न तथा कमाउन गरिने कामहरूलाई पेसाका रूपमा लिइन्छ । पेसाहरू निजी, व्यावसायिक र रोजगारमूलक गरी तीन प्रकारका हुन्छन् । पेसाबाट वस्तु वा सेवा उत्पादन हुन्छ । जस्तै कृषि पेसाबाट विभिन्न अन्नपात, तरकारी आदि उत्पादन हुन्छ । लुगा सिउने पेसाका मानिसलाई शरीर ढाक्न र जाडोबाट बच्न उपयुक्त कपडा सिउँछन् । छालाको पेसा गर्नेले जुत्ता, झोला, पेटी आदि बनाएर हाम्रा आवश्यकता पूरा गर्छन् । त्यस्तै डाक्टर नर्सले बिरामीको उपचार गर्छन् । शिक्षकले विद्यार्थी पढाउँछन् । त्यस्तै कतिपय समाजसेवा गर्ने हुन्छन् । तथापि मूलतः पेसाबाट जीवन निर्वाहका लागि आयआर्जन गरिन्छ । तर नाफा कमाउने उद्देश्यबाट सञ्चालित व्यावसायिक कार्यहरूलाई व्यवसाय भनिन्छ । यसमा जीवन निर्वाहका गर्न मात्र नभएर नाफा वा बढीभन्दा बढी आय आर्जन गर्ने उद्देश्य रहन्छ ।

## स्थानीय पेसा

स्थानीय वस्ती, गाउँ टोलमा रहेका वा कुनै भूगोल विशेषमा प्रचलित पेसा स्थानीय पेसा हुन् । जस्तै : कागेश्वरी मनोहरा नगरपालिकालाई आधार मान्दा यस नगरपालिकाका मुख्य बस्तीहरूमा प्रचलित पेसा स्थानीय पेसा हुन् । यस नगरपालिकाका बस्तीहरूमा व्यापार-व्यवसाय, कृषि, पशुपालन, जागिर आदि पेसा रहेका छन् । स्थानीय पेसामा परम्परागत पेसाका अतिरिक्त आधुनिक पेसाहरू पनि अपनाएको पाइन्छ । परम्परागत पेसाका रूपमा कृषिमा आधारित र गैरकृषिमा आधारित गरी दुई प्रकारमा बाँड्न सकिन्छ । कृषिमा आधारित पेसामा कृषि उपज उत्पादनदेखि कृषि उपजमा आधारित उद्योगहरू पनि पर्छन् । चामल, चिउरा बनाउने, चिनी, बेसार बनाउने, फलफूल उत्पादन गर्ने आदि

कृषिमा आधारित पेसाहरू हुन् । गैरकृषिमा आधारित पेसामा सरकारी वा गैरसरकारी कार्यालय, बैङ्क, सहकारी, विद्यालय, क्याम्पस आदिमा नोकरी गर्ने जस्ता पेसाहरू पर्छन् । यस्ता पेसा डाक्टर, नर्सदेखि सरसफाइका काम गर्ने आदि जस्ता सेवामूलक पनि हुन्छन् । त्यस्तै फर्निचर बनाउने, वेतबाँसका काम गर्ने जस्ता पेसा पनि गैर कृषिमा राख्न सकिन्छ ।

स्थानीय स्तरका पेसामा कृषि र गैरकृषि बाहेक व्यावसायिक पेसाहरू पनि हुन्छन् । विशेष अर्थमा आफ्नो योग्यता, क्षमता वा सिपको प्रयोग गरी काम वा उद्यम गर्नु व्यवसाय हो, जस्तै : उद्योग व्यवसाय, होटल, व्यवसाय, पर्यटन व्यवसाय, व्यापार र निर्माण व्यवसाय आदि । यस्ता व्यवसायमा स्थानीयका अतिरिक्त राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा व्यापार, उद्योग सञ्चालन जस्ता पेसा पनि पर्छन् । यस्ता व्यवसायमा आफ्नो श्रम सिपका अतिरिक्त लगानी पनि आवश्यक हुन्छ । लगानीवापत अतिरिक्त आम्दानी वा फाइदा पनि हुने गर्छ । यसरी स्थानीय पेसाका रूपमा व्यावसायिक कामबाहेक शिक्षण, कृषि, व्यापार, निर्माण व्यवसाय, सार्वजनिक सेवा, सिलाइ कटाइ बनाइ, चिकित्सा पेसा, जुत्ता चप्पल बनाउने, फर्निचर निर्माण, होटल व्यवसाय आदि पनि हुन्छन् । त्यस्तै हिजोआज सूचना प्रविधिको विकासले विभिन्न प्राविधिक खालका कामहरू पनि सिर्जना भएका छन् । टेलिफोन, इन्टरनेटलगायत ई-सेवा पनि नयाँ पेसाका रूपमा अगाडि आएको छ । साइवर क्याफेलगायत सामाजिक सञ्जालसँग सम्बद्ध पेसा पनि सिर्जना भइरहेका छन् । यसबाट अनलाइन-सेवा तीव्रतर रूपमा बढ्दै गएको छ । यसरी स्थानीय स्तरमा पेसा व्यवसायको विविधीकरण हुँदै गएको छ ।

**स्थानीय पेसा/व्यवसायको आधुनिकीकरण**

परम्परागत ज्ञान, सिप र प्रविधिलाई आधुनिक प्रविधिसँग आबद्ध गरी उत्पादन खर्च र न्यून गर्दै उत्पादनको मात्रा र गुणस्तरमा सुधार गर्नु आधुनिकीकरण हो । आधुनिकीकरण गरेपछि लागत खर्च र समय कम हुँदै जाने तर उत्पादनको मात्रा र गुणस्तर बढ्दै जानुपर्छ । पेसा व्यवसायमा आधुनिकीकरण गर्नु आजको हरेक

पेसा/व्यवसायको चुनौती हो। कुनै पनि पेसा वा व्यवसायले आधुनिकीकरण गर्न नसकेका प्रतिस्पर्धा समयमा आफैँ हराएर जाने हुन्छ। आधुनिक प्रविधिको प्रयोग गर्ने पेसा/व्यवसायसँग परम्परागत ज्ञान सिपका पेसा/व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने हुन्छ । फलतः जसले आफ्नो पेसा/व्यवासयमा आधुनिकीकरण गर्दैन, ऊ त्यस पेसाबाट पलायन हुन जान्छ। उत्पादनको मात्रा र गुणस्तरमा आधुनिक प्रविधिसँग परम्परागत प्रविधिले प्रतिस्पर्धा गर्न सक्दैन। तसर्थ आजको समयमा पेसा/व्यवसायको आधुनिकीकरण गर्नु अनिवार्य जस्तै हुन गएको छ।

प्रविधि (technology) को प्रयोगले पेसा व्यवसायमा आधुनिकीकरण हुने गरेको छ । वस्तु तथा सेवा उत्पादनमा कम्प्युटराइज्ट गर्दै संसार भरका सुविधा प्रयोग गर्न सकिने हुन्छ। सूचना प्रविधिका साथै कम्प्युटरका विभिन्न सफ्टवेयर तथा प्रोग्राममार्फत मानिसले धेरै समय लगाउने कामलाई छोटो र स्तरीय रूपमा सम्पादन गर्न सकिन्छ । कुनै वस्तु तथा सेवा उत्पादनमा प्रविधिको प्रयोगले निम्नलिखित सुविधा प्राप्त भएका छन्, जस्तै :

- उही काम छिटोछिटो गर्न सकिने,
- कम्प्युटरबाट शुद्ध र तीव्र गतिमा हुने,
- सस्तो वा न्यून लागतमा स्तरयुक्त काम हुने,
- जटिल काम पनि कम्प्युटर सफ्टवेयरबाट सरल रूपमा हुने,
- प्रविधिबाट भरपर्दो र विश्वासिलो नतिजा दिन सकिने,
- नेटवर्क सञ्जालबाट सयौँ हजारौँले एउटै काम गर्न सकिने,
- ई-सेवा मा अनलाइन सेवामार्फत संसारको जुन भूभागबाट पनि काम गर्न सकिने,
- लगानीमा पनि न्यूनीकरण हुने,
- उत्पादनको गुणस्तरमा अभिवृद्धि हुने,

- दिगो उत्पादन गर्न सकिने, आदि ।

यसरी प्रयोग भइरहेको कार्यपद्धति, प्रक्रिया र तरिकामा प्रविधिको प्रयोग गर्दै वस्तु तथा सेवा उत्पादनमा उत्कृष्टता ल्याउनु आधुनिकीकरण हो । हामीले अपनाउने हरेक पेसा व्यवसायमा पनि आधुनिकीकरण गर्न आवश्यक हुन्छ । त्यसो गर्न सकेमा न्यून लागत र कम समयमा बढीभन्दा बढी गुणस्तरीय सेवा वा वस्तु उत्पादन गर्न सकिन्छ । तसर्थ आधुनिकीकरणले छिटो, छरितो, सहज र कम खर्चमा अधिक उत्पादन हुने भएकाले आजभोलि यो अनिवार्य जस्तै भएको छ । स्थानीय पेसा व्यवसायमा आधुनिकीकरण गर्न नसक्दा कतिपय पेसा लोप भए भने कत पलायन हुने अवस्थामा पुगेका छन् । तसर्थ अहिलेको प्रतिस्पर्धी युगमा सफल पेसा वा व्यवसाय गर्न आधुनिकीकरण अनिवार्य सर्त बन्न पुगेको छ ।

**स्थानीय पेसा व्यवसायमा आधुनिकीकरणका समस्या**

हाम्रा स्थानीय समाजमा हाम्रो ज्ञान, सिप र प्राविधिक दक्षताको कमी तथा चेतनाको न्यूनताले पनि पेसा व्यवसायमा आधुनिकीकरण गर्न सकिएको छैन । मूलतः प्राविधिक ज्ञान र दक्षताको पहुँच र क्षमताको कमीले गर्दा पनि आधुनिक प्रविधिको समुचित प्रयोग हुन नसकेको हो । यसका पछाडि धेरै कारणहरू रहेका छन् । मूलतः स्थानीय पेसा व्यवसायमा आधुनिकीकरण गर्न नसकिनुका पछाडि निम्नलिखित समस्याहरू रहेका छन् :

**समस्याहरू**

- प्राविधिक ज्ञान तथा सिपमा पहुँचको कमी हुनु,
- प्राविधिक ज्ञान तथा सिप पाए पनि लगानीको अभाव हुनु,
- प्रविधिको प्रयोगको फाइदाबारे अनभिज्ञता रहनु,
- कतिपय ठाउँमा विद्युत्, यातायात आदिको पहुँच नहुनु,

- पेसागत दक्षता अभिवृद्धिका अवसर न्यून हुनु,
- सक्ने र नसक्ने बिचको दुरी ठुलो हुनु,
- सरकारी नीति नियम तथा प्रावधानहरू सहज र मैत्रीपूर्ण नहुनु,
- प्रविधिको प्रयोग गर्न पर्याप्त जनशक्तिको अभाव रहनु,
- कतिपय उत्पादनको लागत बढेकाले विदेशी सामानसँग प्रतिस्पर्धा गर्न नसक्नु,
- कतिपय सेवामा अस्वस्थ प्रतिस्पर्धा हुनु र बाह्य अनुभव आदान प्रदान गर्ने व्यवस्था नहुनु ,
- प्रविधिमैत्री कार्य वातावरण नहुनु आदि ।

**समस्या समाधानका उपायहरू**

- विभिन्न पेसा/व्यवसायलाई आधुनिकीकरण गर्नका लागि आवश्यक ज्ञान, सिप जनशक्ति उत्पादनका नगरपालिकाले जोड दिने,
- पेसा/व्यवसायीहरूलाई बाह्य अभ्यासका अनुभव (exposure) दिएर उत्प्रेरित गर्ने,
- प्रविधिको प्रयोगका लागि अनुदान/सहयोग उपलब्ध गराउने,
- उत्पादित सेवा/वस्तुको बजारीकरणमा सहयोग पुऱ्याउने,
- प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने,
- आधुनिकीकरण गर्न आवश्यक क्षमता विकासमा अवसर प्रदान गर्ने,
- कतिपय पेसा व्यवसायका लागि बाटो, बिजुली जस्ता पूर्वाधार पुऱ्याउने,
- सहुलियतपूर्ण कर्जासहित सुविधा उपलब्ध गराउने,
- सेवाग्राहीमैत्री नीति तथा कार्य वातावरण सिर्जना गर्ने,

- अस्वस्थ प्रतिस्पर्धा गर्नेलाई कारवाही गर्ने,
- उत्पादन बिक्री गर्न समन्वय र सहजीकरण गर्ने ।

## क्रियाकलाप

१. तपाईंको टोल छिमेकका मानिसहरूमध्ये अधिकांशले कुन पेसा/व्यवसाय अपनाएका छन् । तिनीहरूका पेसा/व्यवसाय परम्परागत रूपमा चलिआएका छन् वा आधुनिकीकरण भएका छन् ? पहिचान गर्नुहोस् । यदि परम्परागत रूपमा चलेको भए आधुनिक बनाउन के गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

२. तपाईंलाई मन पर्ने पेसा/व्यवसाय कुन हो ? तपाईंलाई उक्त पेसा/व्यवसाय किन मन परेको हो ? औचित्य लेख्दै उक्त पेसालाई आधुनिकीकरण गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

## अभ्यास

**(क) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

१. परम्परागत पेसा/व्यवसाय र आधुनिक पेसा/व्यवसायबिच के फरक छ ?

२. पेसा/व्यवसायलाई किन आधुनिकीकरण गर्न आवश्यक हुन्छ ?

३. तपाईंको बस्ती वरपर भएको कुनै एक पेसा/व्यवसायलाई आधुनिकीकरण गर्ने पाँच ओटा उपाय लेख्नुहोस् ।

४. ई-सेवा/अनलाइन सेवा भनेको के हो ? यस्ता सेवा कसरी प्रयोग गरिन्छ ?

५. स्थानीय स्तरका पेसा/व्यवसाय किन आधुनिकीकरण हुन सकेका छैनन् ? यसका प्रमुख समस्याहरू लेख्नुहोस् ।

६. स्थानीय पेसा व्यवसायलाई आधुनिकीकरण गर्ने उपायहरू लेख्नुहोस् ।

## सिर्जनात्मक कार्य

तपाईँ भविष्यमा गएर कस्तो व्यवसायी बन्न चाहनुहुन्छ ? मनमा लागेका कुरा खुलस्त पारी आफ्नो मन मिल्ने साथीलाई एक इमेल लेख्नुहोस् ।

पाठ १६

# उद्योग व्यवसाय तथा फर्म सञ्चालन

## पाठ प्रवेश

चित्रहरू हेर्नुहोस् र छलफल गर्नुहोस् :













# फर्म तथा उद्योगको परिचय

कुनै व्यक्ति, समूह वा संस्थाले आफ्नो ज्ञान, पूँजी एवम् सिप र साधनको उपयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्नुलाई उद्योग भनिन्छ । उद्योगको विकासले देशको आर्थिक विकासमा सहयोग पुग्छ । उद्योगमा देशको प्राकृतिक स्रोत र साधनलाई उपयोग गर्न सकिन्छ । अहिले पनि हाम्रो देशलाई चाहिने अधिकांश औद्योगिक वस्तु हामीले विदेशबाट आयात गर्नुपरेको छ । यसबाट नेपालको मुद्रा बाहिरिएको छ । बर्सेनि अरबौंको वैदेशिक घाटा सहन परिरहेको छ । यदि आफ्नै देशमा उद्योगको विकास गर्न सकेमा हामीलाई आवश्यक वस्तु स्वदेशबाटै उपलब्ध हुन सक्छ । यसबाट औद्योगिक वस्तुमा आत्म निर्भर बन्न सकिन्छ । देशमा उद्योगको समुचित विकास गर्न सकेमा विदेशी मुद्रा आर्जन गर्न पनि सकिन्छ र देशको राष्ट्रिय आयमा वृद्धि हुन्छ ।

परम्परादेखि चल्दै आएका र स्थानीय स्रोत र सामग्रीको उपयोगी गरी घरमा नै सञ्चालित उद्योगलाई साना तथा कुटीर उद्योग भनिन्छ । यस्ता उद्योगहरू थोरै पूँजीमा सञ्चालन गर्न सकिन्छ । फुर्सदको समयको उपयोग गरी सञ्चालित साना तथा कुटीर उद्योगमा थोरै उत्पादन हुन्छ । त्यस्ता सामानहरू स्थानीयस्तर मा नै खपत हुन्छन् । त्यस्ता उद्योगहरूमा तोरी पेल्ने, दही बनाउने, हाते तानमा कपडा बुन्ने, भाँडाकुँडा बनाउने, फर्निचर बनाउने आदि पर्दछन् ।

धेरै पुँजी र कामदार तथा कच्चा पदार्थ र मेसिनसमेत राखी बढी उत्पादन गर्न सक्ने उद्योगलाई मझौला र ठुला उद्योग भनिन्छ । यस्ता उद्योगबाट उत्पादित वस्तुहरू विदेशमा समेत निकासी गरिन्छ । हाम्रो देशमा यस्ता ठुला उद्योगहरूमा चिनी कारखाना, चिया उद्योग र जुट उद्योग आदि पर्दछन् । यस्ता उद्योगबाट स्थानीय आवश्यकता पूरा गर्नुका साथै विदेशमा निकासी गरी विदेशी मुद्रासमेत आर्जन गर्न सकिन्छ ।

**नेपालमा उद्योगको महत्त्व**

उद्योग देश विकासको मेरुदण्ड हो । देश समृद्ध, सम्पन्न रहन औद्योगीकरण अनिवार्य मानिन्छ। उद्योगहरू विभिन्न प्रकारका हुन्छन्। उद्योगहरू साना, घरेलु, कुटिर, मझौला र ठुला खालका हुन्छन् । देशको आर्थिक विकासलाई दिगो र भरपर्दो बनाउन औद्योगिक विकास अपरिहार्य हुन्छ। नेपालमा विद्यमान बेरोजगारी, अर्धबेरोजगारी तथा गरिबी कम गर्न, औद्योगिकीकरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। ग्रामीण क्षेत्रमा कृषि एवम् स्थानीय साधनमा आधारित उद्योग तथा सहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरूको स्थापना र विकास गरी राष्ट्रको औद्योगिकीकरणमा टेवा पुऱ्याउनु ढिला भइसकेको छ । देशमा बढिरहेको बेरोजगारी र गरिबीको समस्या समाधान गर्नका लागि साना ठुला, मझौला, घरेलु तथा कुटीर सबै प्रकारको उद्योगको स्थापना र सञ्चालन अत्यावश्यक छ । समग्रमा उद्योगको महत्त्वलाई निम्नलिखित बुँदामा सूचीकृत गर्न सकिन्छ :

१. कृषि पेसालाई औद्योगिकीकरणको पूर्वाधारका पृष्ठभूमि बनाउन,

२. देशमा व्याप्त बेरोजगारी र गरिबी कम गर्न,

३. खेर गइरहेको कच्चा पर्दा र साधन स्रोतको सदुपयोग गर्न,

४. आयात न्यूनीकरण गरी विकास बढाउन,

५. सरकारी राजस्व वृद्धि गर्न,

६. सिप र प्रविधिको विकास तथा आवश्यक सामग्री परिपूर्ति गर्न,

७. औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गर्न,

८. आयात प्रतिस्थापन र निर्यात प्रवर्धनको मार्ग प्रशस्त गर्न,

९. औद्योगिक क्षेत्रमा निजी, स्वदेशी र वैदेशिक लगानी आकर्षित गर्न ।

**नेपालमा उद्योगको प्रकार**

- सामान्यतया उद्योगलाई साना, मझौला र ठुला गरी तीन भागमा बाँड्न सकिन्छ । थोरै लगानी, धेरै कामदार नचाहिने घरमा नै सञ्चलन गर्न सकिने उद्योगलाई साना उद्योग भनिन्छ। साना उद्योगले फुर्सदका समयको सदुपयोग, स्थानीय कच्चा पदार्थको उपयोग र स्थानीय आवश्यकतासमेत पूर्ति गर्दछ ।

- धेरै लगानी, दक्ष र अर्धदक्ष कामदार चाहिने, यातायात र सञ्चारको सुविधा भएको बजारको सुविधा, मेसिन, यन्त्र र उपकरण भएको ठुलो मात्रामा वस्तु उत्पादन गर्न सक्ने उद्योगलाई मझौला तथा ठुला उद्योग भनिन्छ । मझौला र ठुला उद्योगले ठुलो मात्रामा वस्तु उत्पादन गर्ने हुनाले देशलाई आवश्यक पर्ने वस्तु विदेशबाट आयात गर्नुपर्दैन ।

**औद्योगिक व्यवसाय ऐन, २०७३ अनुसार उद्योगको वर्गीकरण**

१. **लघु उद्यम**

(क) घर जग्गाबाहेक बढीमा ५ लाख रूपियाँसम्मको स्थिर पूँजी रहेको ।

(ख) उद्यमीसहित बढीमा ९ जना कामदार रहेको ।

२. **घरेलु उद्योग**

(क) परम्परागत सिप र प्रविधिमा आधारित

(ख) श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित

३. **साना उद्योग**

लघु उद्यम र घरलुउद्योग बाहेक १० करोड रुपियाँसम्म स्थिर पूँजी भएको ।

४. **मझौला उद्योग :**

१० करोड रुपियाँ भन्दा बढी २५ करोड रुपियाँसम्म स्थिर पूँजी भएको उद्योग ।

५. **ठुला उद्योग :**

२५ करोड रुपियाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

**उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा उद्योगको वर्गीकरण**

१. ऊर्जामूलक उद्योग

२. उत्पादनमूलक उद्योग

३. कृषि तथा वन पैदावारमा आधारित उद्योग

४. खनिज उद्योग

५. निर्माण उद्योग

६. पर्यटन उद्योग

७. सूचना, प्रशारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. सेवामूलक उद्योग

**स्थानीय स्तरमा घरेलु तथा साना उद्योग सञ्चालन**

आफ्नै घरमा बसी आफ्नै परिवारका सदस्य मिलरे वा कम पुँजीमा स्थानीय सामग्री प्रयोग गरी चलाउन सकिने उद्योगलाई घरेलु उद्योग अर्थात् कुटीर उद्योग भनिन्छ । नेपालमा प्राचीन कालदेखि नै घरेलु तथा साना उद्योगको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । स्थानीय स्तरमा विकासमा घरेलु तथा साना उद्योगको आफ्नो ठाउँमा उत्तिकै महत्त्व रहेको हुन्छ । यस प्रकारका उद्योगको विकास

भएमा स्थानीय स्रोत र सामग्रीको सदुपयोग हुन्छ । यसले रोजगार वृद्धि गरी राष्ट्रिय आम्दानी बढाउन सहयोग पुऱ्याउँछ । नेपालमा घरेलु तथा साना उद्योगको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

१. स्थानीय कच्चा पदार्थको सदुपयोग हुने,
२. स्थानीय सिप र प्रविधिको उपयोग हुने,
३. प्रादेशिक असन्तुलन कम गर्ने,
४. रोजगारीको सिर्जना हुने,
५. नेपाली कला र संस्कृतिको संरक्षण गर्ने,
६. व्यापार घाटा कम गर्ने,
७. विदेशी मुद्रा आर्जन हुने ।

**घरेलु तथा साना उद्योगका समस्या र समाधान**

नेपालमा स्थानीय स्रोत र सामग्री पर्याप्त रहेको, स्थानीय सिप र क्षमता भएका व्यक्ति पर्याप्त भएकाले घरेलु तथा साना उद्योगको पर्याप्त सम्भावना भएर पनि यसको समुचित विकास नहुनुमा विविध समस्याहरू छन् । घरेलु तथा साना उद्योगका समस्याहरू यस प्रकार छन् :

**समस्याहरू**

१. पर्याप्त बजारको अभाव हुँदा उत्पादित सामग्री विक्री वितरण नहुनु, ,
२. ठुला उद्योगहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु
३. विदेशी नक्कली सामानसँग प्रतिस्पर्धा गर्नु,
४. परम्परागत प्रविधि प्रयोग हुन र आधुनिकीकरण गर्न नसकिनु,
५. पर्याप्त पुँजीको अभाव रहनु,

६. औद्योगिक नीति बारम्बार परिवर्तन भइरहनु,

७. दक्ष/सिपमूलक श्रमिकको अभाव हुनु,

८. गरिबीका कारण साधन स्रोतमा पहुँच कम हुनु, लगानी गर्न नसक्नु,

९. अशिक्षा र अज्ञानताका कारण त्यस्ता उद्योगको आदेयताप्रति विश्वस्त नहुनु,

१०. उपयुक्त लगानी मैत्री वातावरण नहुनु ।

**समाधानका उपायहरू**

१. गुणस्तरीय वस्तु उत्पादन गर्ने, विज्ञापन गर्ने, स्थानीय र अन्तर्राष्ट्रिय बजारको खोजी गर्ने, स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहित गर्ने,

२. घरेलु तथा साना उद्योगका लागि संरक्षण नीति तथा कर छुटको नीति ल्याउने,

३. समयानुकूल आधुनिक यन्त्र उपकरण र प्रविधिको प्रयोग गर्ने,

४. बचतलाई प्रोत्साहन गर्ने, सहुलित व्याजदरमा सरल ऋणको व्यवस्था गर्ने, सरकारी अनुदान उपलब्ध गराउने,

५. स्थानीय तथ अरू प्रदेश सरकारले स्थायी प्रकृतिको ठोस औद्योगिक नीति बनाई कार्यान्वयन गर्ने र अनुकूल वातावरण बनाउने,

६. परम्परागत सिप र अनभुवले मात्र उद्योग सञ्चालन हुँदा समस्या आएकाले शिक्षा र तालिमको व्यवस्था गर्ने,

७. घरेलु उद्योगको महत्व र उपादेयताका बारेमा प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

१०. स्थानीय तथा प्रदेश सरकारबाट प्रोत्साहन अनुदानको व्यवस्था गर्ने ।

## क्रियाकलाप

### उद्योग तथा फर्म दर्ता सम्बन्धमा स्थानीय सरकारको भूमिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, विकास, प्रवर्धन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। साथै स्थानीय स्तरमा उद्यमशीलताको विकास र प्रवर्धन गर्नुपर्ने जिम्मेवारी पनि प्रदान गरेको छ। यसका लागि आवश्यक कानुन तथा नीति, मापदण्ड बनाई आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयन गर्न सक्ने अधिकार दिएको छ।

तपाईंको पालिकामा यो अधिकारक्षेत्रको प्रयोग गरी लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, विकास, प्रवर्धन र व्यवस्थापनको जिम्मेवारी कुन हदसम्म पालना भएको पाउनुहुन्छ ? साथै स्थानीय स्तरमा उद्यमशीलताको विकासमा पालिकाले के कस्ता कार्यक्रम ल्याएको छ, अध्ययन गरी लघु, घरेलु तथा साना उद्योगको विकास, प्रवर्धन गर्न देखिएका समस्या र समाधानका उपायका बारेमा संक्षिप्त प्रतिवेदन बनाउनुहोस्।

**प्रतिवेदनको खाका**

१. अध्ययनको पृष्ठभूमि

२. अध्ययनको उद्देश्य

३. अध्ययनको औचित्य

४. अध्ययनमा गरिएका कार्यहरू

६. अध्ययनबाट प्राप्त लघु, घरेलु तथा साना उद्योग विकासका लागि पालिकाबाट भएका प्रयासहरू

७. अध्ययनबाट थप प्राप्त सूचना तथा जानकारीहरू

८. अध्ययनबाट प्राप्त लघु, घरेलु तथा साना उद्योग विकासका समस्याहरू र समाधानका उपायहरू

९. सुझाव

१०. निष्कर्ष

## अभ्यास

१. **तलका प्रश्नमा दिइएका बिकल्पमध्ये ठिक बिकल्प छान्नुहोस् :**

(अ) स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ ले लघ, घरेलु तथा साना उद्योग विकासको जिम्मेवारी कसलाई दिएको छ ?

(क) वडा समिति (ख) स्थानीय पालिका

(ग) प्रदेश सरकार (घ) सङ्घ सरकार

(आ) घरेलु उद्योगको विशेषता कुन हो ?

(क) परम्पागत सिप र प्रविधिमा आधारित

(ख) स्थानीय प्रविधि, कला र संस्कृतिमा आधारित

(ग) श्रममूलक र स्थानीय कच्चा पदार्थमा आधारित

(घ) माथिका सबै

(इ) घरेलु उद्योगबाट प्राप्त रकम कसरी बचत गर्न सकिन्छ ?

(क) कत्ति पनि खर्च नगरेर

(ख) आम्दानीभन्दा कम खर्च गरेर

(ग) आम्दानी र खर्च बराबर गरेर

(घ) आम्दानीभन्दा खर्च बढी गरेर

(ई) घरेलु तथा साना उद्योगको मुख्य समस्या कुन हो ?

(क) कच्चा पदार्थको कमी

ख) लघु तथा साना उद्योगका लागि पर्याप्त ज्ञान नहुनु

(ग) स्थानीय तहमा उपयुक्त वातावरण नहुनु

(घ) माथिका सबै

२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) उद्योग भनेको के हो ?

(ख) उद्योगका प्रकार लेख्नुहोस् ।

(ग) उद्योगको विकासबाट हुने पाँच ओटा फाइदा लेख्नुहोस् ।

(ग) घरेलु तथा साना उद्योग भनेका कस्ता उद्योग हुन् ?

(घ) घरेलु तथा साना उद्योगका प्रमुख समस्या र ती समस्या समाधानका उपायहरू लेख्नुहोस् ।

३. **तपाईँले देखे जानेका घरेलु तथा साना उद्योगका आधारमा घरेलु तथा साना उद्योगको महत्त्वका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

४. **गाउँमा बस्ने तिम्रो एक साथीलाई घरेलु तथा साना उद्योगबाट हुने फाइदा उल्लेख गरी एक इमेल लेख्नुहोस् ।**

## सिर्जनात्मक क्रियाकलाप

**तलको गीत पढेर तपाईँले पनि घरेलु तथा साना उद्योगसम्बन्धी गीत वा कविता कोर्नुहोस् :**

खर्च गरे बच्दैन पैसा खाली नै रहिन्छ,

बचाइ राख्ने बानी गरे सम्पन्न बनिन्छ ।

पसिना बगाई कमाएको पैसा बचत गरेमा,

काम टार्छ यसल् आफैँलाई सङ्कट परेमा

बचत भए पर्दैन गाह्रो, अप्ठेरो वेलामा,

लगानी गर बचाई पैसा, आम्दानी कार्यमा ।

पढ्नलाई पनि चाहिन्छ पैसा, फुर्मासी नगर्नू,

चाहिने सामान आवश्यक पर्दा खरिद गर्नु ।

कुखुरा, बङ्गुर सकिन्छ, लगानी गरेर,

बचत गर्न प्रयास गरौं, खर्चलाई घटाएर ।

हिसाब राखौं, आम्दानी खर्च, लगानी गरौं न,

बचतबाट केही पैसा खर्च गरेर पढौं न ।

भरिन्छ घैला मिलेर थोपा, केही त छिनमा,

खत्रुके भरन्छ हालेर पैसा, केही त दिनमा ।

हुँदैन खाँचो लगानी गरे यो कुरा मान्नु छ,

पैसाले पैसा तानेर लिन्छ, यो कुरा जान्नु छ ।

# पाठ १७ अनुशासन

## पाठ प्रवेश

दिइएका जस्तै कुन कुन काममा सहभागी हुनु भएको छ ? कक्षामा छलफल गर्नुहोस् ।










अनुशासनको शाब्दिक अर्थ आदर्श आचरण अर्थात् सामाजिक, नैतिक, धार्मिक सीमाभित्र रहेर गरिने आचरण भन्ने बुझिन्छ । शासनमा अनु उपसर्ग जोडिएर बन्ने यस शब्दले कुनै मर्यादाको सीमाभित्र आफैँमाथि गरिने शासन अर्थात् नियन्त्रण भन्ने अर्थ हुन्छ । मानिस सामाजिक प्राणी भएकाले उसका लागि अनुशासन अपरिहार्य हुन्छ । अनुशासन आफ्नो मात्र नभई अन्य व्यक्तिको वा जीवको भावनाको सम्मान, सहयोग, सद्भावपूर्वक अवलम्बन गरिने व्यवहार हो । अरूका बिचमा आफूलाई सुसंस्कृत, सर्वप्रिय र आत्मसम्मानित बनाउने प्रमुख साधन अनुशासन हो ।

हामी विद्यार्थी हौँ । विद्यार्थीका लागि विद्यालयमा आचारसंहिता बनाइएको हुन्छ । त्यो आचारसंहिताको पालना गर्नु, गुरुवर्गको आदर सम्मान गर्नु, साथीभाइसँग मिलीजुली बस्नु, अरूको भावनाको सम्मान गर्नु जस्ता विषय विद्यार्थीको अनुशासनभित्र पर्दछ । यसको पालना गर्नु विद्यार्थीको कर्तव्य हो । अनुशासनमा रहने विद्यार्थीलाई नै गुरुहरूले, साथीभाइले र समुदायका सदस्यले माया, सम्मान, सद्भाव र सहयोगपूर्ण व्यवहार गर्छन् । समाजमा सामाजिक प्रतिष्ठा प्राप्त गर्न पनि सर्वप्रथम आफू अनुशासनभित्र रहनु आवश्यक हुन्छ । अनुशासित व्यक्ति मात्र आफ्नो लक्ष्य प्राप्त गर्न सफल हुन्छ अर्थात् उसको लक्ष्य प्राप्तिमा सबैको सहयोग रहन्छ । अनुशासनहीन व्यक्तिलाई न कसैले सम्मान गर्छ न सहयोग । विद्यार्थीको लक्ष्य प्राप्त गर्न पनि विद्यार्थीका लागि निर्धारित अनुशासनको पालना अनिवार्य हुन्छ तबमात्र सफल भइन्छ । त्यस्तै व्यक्ति जो जहाँसुकैको भूमिकामा रहे पनि त्यसका लागि निर्धारित अनुशासनको पालना अनिवार्य हुन्छ ।

अनुशासनसँगै आउने अर्को पाटो हो आत्मानुशासन । यसले व्यक्तिभित्रको भावनाको प्रतिनिधित्व गर्छ । व्यक्तिमा हुने समानुभूति, सहानुभूति जस्ता पक्ष यसमा जोडिन्छ ।

तपाईं बाटोमा यात्रा गर्दै हुनुहुन्छ । त्यहाँ तपाईं जस्ता सयौँ यात्री हुन्छन् । तपाईं तीसँग अपरिचित हुनुहुन्छ । अकस्मात् कोही बिरामी पर्‍यो त्यसलाई सहयोगको

आवश्यकता छ भन्ने तपाईँलाई लाग्यो र सहयोगमा स्वतस्फूर्त रूपमा लाग्नु आत्मानुशासन मानिन्छ । यसबाट तपाईँलाई अझ उचाइको आत्मसन्तुष्टि प्राप्त हुन्छ । आफूभित्र उब्जेको विचारलाई कार्यान्वयन गर्न सक्नु नै मानिसले सन्तुष्टिको अवस्था प्राप्त गर्छ । अनुशासन निर्मित नैतिक, सामाजिक विधानको पालना पर्छ भने आत्मानुशानमा आफैँभित्रबाट प्रस्फुटित आदर्श आचरणको प्रदर्शन हुन्छ । त्यसैले अनुशासनभन्दा माथिल्लो स्तरमा आत्मानुशासन पर्छ । जो व्यक्ति अरूका कारण आफूलाई एउटा सीमाबद्ध गर्छ त्यसलाई मध्यमस्तरको मानिन्छ । जो आफैँले आफूलाई नैतिक सीमाबद्ध गर्छ भने त्यो उत्तमस्तरको मानिस मानिन्छ ।

यो सृष्टि अर्थात् प्रकृति पनि अनुशासनबद्ध छ । यदि प्रकृतिले आफ्नो अनुशासन पालना नगर्ने हो भने यो सृष्टि एक मिनेट पनि अस्तित्वमा रहन सक्दैन । त्यसैले नीतिमा भनिएको छ “सत्येन धार्यते पृथ्वी सत्येन तपते रवि, सत्येन वायवोवन्ति सर्वम् सत्ये प्रतिष्ठितम्” अर्थात् पृथ्वी आफ्नो गतिमा निरन्तर घुम्छ, सूर्यले समान रूपमा सबैलाई निश्चित समयमा उदाउने र अस्ताउने गर्छ, हावा स्वतस्फूर्त रूपमा निरन्तर बहिरहन्छ त्यसैले सबै वस्तु सत्यमा आधारित भएर निरन्तर आआफ्नो कार्य पूरा गरिरहेका छन् । यो एउटा अनुशासनको निरन्तर पालना भएकाले नै भइरहेको छ । त्यस्तै मानिसका पनि आफ्ना मानवीय आचरण छन् जो उसले निरन्तर रूपमा पालना गर्नुपर्छ । त्यसको पालनामा नै मानव जीवनको सार्थकता निहित हुन्छ । त्यसकारण मानव जीवनमा अनुशासनको अहम् महत्त्व रहेको छ ।

## अभ्यास

१. **दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) अनुशासन भनेको के हो ?

(ख) विद्यार्थीका अनुशासनभित्र के के पर्छन् ?

(ग) शिक्षकको अनुशासनभित्र के के पर्छन् होला, अनुमान गरी लेख्नुहोस् ।

(घ) आत्मानुशासन भन्नाले के बुझिन्छ ?

(ङ) यो सृष्टि के मा आधारित रहेको छ ?

(च) मानव जीवनमा अनुशासन किन आवश्यक हुन्छ, आफ्नो तर्क दिनुहोस् ।

२. **पाठमा प्रयुक्त श्लोक सस्वर वाचन गरेर सुनाउनुहोस् ।**

३. **घरमा पालना गर्नुपर्ने अनुशासनका बारेमा अभिभावकसँग छलफल गरी लेखेर कक्षामा सुनाउनुहोस् ।**

# पाठ १८ स्वव्यवस्थापन र संस्कारको पालना

## पाठ प्रवेश

स्वव्यवस्थापन शब्दबाट हामी के बुझ्छौँ ? यसबारेमा छलफल गरौँ ।



हामी दैनिक बिहान उठेदेखि राति सुत्ने बेलासम्म के के गर्छौं ? को को व्यक्तिसँग भेटघाट र कुराकानी गर्छौं ? आफ्नो लागि ककसको साथ र सहयोग लिन्छौं ? अरूका लागि के कस्ता साथ र सहयोग दिन्छौं ? कसरी आफ्ना कुरा अरूलाई सुनाउँछौं र अरूका कुरा कसरी सुनिरहेका हुन्छौं ? अरूसँगको भेटमा कसरी व्यवहार गरिरहेका हुन्छौं ? आफ्नो क्षमता विकासका लागि के के काम गर्छौं ? यस्तै यस्तै प्रश्नका उत्तर खोज्ने हो भने हामीले स्वव्यवस्थापनको कुरा सहजै बुझ्न सक्छौं । माथिका कुरा हामी कसरी गरिरहेका हुन्छौं ? त्यसका लागि के कस्ता सिप आवश्यक पर्छ ? यिनै कुराको सेरोफेरोमा स्वव्यवस्थापनका विषय क्षेत्र समेटिएको हुन्छ ।

पूर्वीय दर्शनका चिन्तक स्वामी विवेकानन्दका अनुसार जीवनलाई व्यवस्थित र सार्थक बनाउन तीनओटा पक्षलाई सन्तुलित रूपमा अवलम्बन गर्नुपर्छ । पहिलो अत्यावश्यक कार्य (Essencial work) हो । अत्यावश्यक कार्य भनेको हाम्रो दैनिक जीवनमा नगरी नहुने बाँच्न र स्वस्थ रहन गर्ने पर्ने कार्य पर्दछन् , जस्तै : ठिक समयमा सुत्ने, ठिक समयमा उठ्ने, दैनिक सरसफाइ, शौचादि कार्य गर्ने, योगध्यानका कुरा पर्दछन् । त्यस्तै स्वस्थ र सात्त्विक भोजन गर्ने, खाना बनाउने कार्यलाई निश्चित समयमा उचित तरिकाले तयार गर्ने, खानामा सन्तुलन मिलाएर खाने जस्ता कार्य यसअन्तर्गत पर्छन् । सामाजिक सम्बन्धअनुसारको भूमिका निर्वाह, परोपकारी कार्य, समानुभूति तथा आत्मानुशासन एवम्  सोसम्बद्ध कार्य पनि यसैमा पर्छ । दोस्रोमा महत्त्वपूर्ण कार्य (Importent work ) हो । महत्त्वपूर्ण कार्य भनेको आफ्नो पेसासँग सम्बद्ध रहन्छ जुन हामी बाँच्नका लागि न्यूनतम आवश्यकताको परिपूर्ति गर्ने पक्ष यसमा पर्छ । यसका लागि आवश्यक पर्ने क्षमता विकासको कार्य पनि यसैमा पर्छ । कृषकले कृषि पेसालाई त्यसको सबै प्रक्रिया र विधि पुऱ्याएर गर्ने, शिक्षक, कर्मचारी, व्यापारी जस्ता सबै पेसागत वर्गले आआफ्नो पेसालाई उत्कृष्ट ढङ्गबाट सम्पादन गर्ने र त्यसबाट प्रतिफल निकाल्ने कुरा यसमा पर्छ । तेस्रो मनोरञ्जनात्मक कार्य (Intertaining work) हो । यसमा मनोरञ्जनात्मक कार्य पर्छन्, जस्तै : विभिन्न रमणीय स्थानको

भ्रमण, आफूलाई मन लागेका विषयक्षेत्रमा सिर्जनात्मक कार्य, इच्छा लागेका तर स्वस्थकर भोजनको चयन र उपभोग, नाच, गान, यौनिक कार्य तथा परिवार, साथीभाइसँग आफ्ना सुखदुःख साटासाट गर्ने जस्ता कार्यहरू यसमा पर्छन् । यसबाट पारिवारिक सम्बन्ध, सहकार्य र मानसिक तथा शारीरिक शान्ति कायम राख्न सकिन्छ । यी तीनओटा कार्यको सन्तुलन मिलाउन सक्यो भने जीवनलाई सुखी, खुसी र सार्थक बनाउन सकिन्छ ।

व्यक्तिको आफ्नो व्यक्तिगत जीवनका साथै सामाजिक जीवन पनि सँगसँगै हुन्छ । व्यक्तिगत जीवनलाई व्यवस्थित गर्नु पहिलो कार्य हुन्छ । यदि हामीले व्यक्तिगत कार्यलाई व्यवस्थापन गर्ने क्षमता विकास गऱ्यौँ भने सामाजिक जीवन व्यवस्थापन गर्न सहज हुन्छ । हाम्रा व्यक्तिगत र सामाजिक जिम्मेवारी पनि अवस्थाअनुसार फरक फरक हुन सक्छन् । त्यसैले एकै किसिमका ज्ञान र सिपले काम नगर्न सक्छ । विभिन्न परिस्थिति र अवस्थामा चाहिने ज्ञान र सिप हासिल गर्ने र त्यसको उपयोग नै स्वव्यवस्थापनअन्तर्गत पर्छ ।

**स्वव्यवस्थापनका पक्षहरू**

- दैनिक कार्यको समय सुनिश्चितता र क्रियान्वयन गर्नु,
- आफ्नो शारीरिक तथा मानसिक अवस्थाको तन्दुरुस्तीका लागि गरिने कर्म गर्नु, जस्तै : योगाभ्यास, शौचादि कर्म स्नान, दान तथा परोपकारका कार्य यसका लागि सके असहाय दुःखीलाई भोजन यो सम्भव नभए कम्तीमा चराचुरुङ्गीलाई आहार र पानी राखिदिने, गाईलाई केही खाना दिने आदि ।
- आफ्ना मातापिता, गुरु, इष्टदेव तथा प्रकृतिप्रतिको कृतज्ञता प्रकट गर्नु,
- आत्मानुशासनमा रहनु,

- आफ्ना क्षमता विकासका कार्यमा निरन्तर लाग्नु,
- आफ्ना वरिपरिको स्वच्छता कायम राख्नु,
- अन्य व्यक्तिप्रतिको आदर सम्मान, सहयोग र सद्भावप्रतिको भूमिका निर्वाह गर्नु ।

माथि प्रस्तुत गरिएका जीवनका तीनओटा पक्षअन्तर्गत पर्ने कार्यलाई समयानुसार व्यवस्थित गर्नु पनि स्वव्यवस्थापन कै पक्ष हो ।

**संस्कार पालना**

हाम्रा पितापुर्खादेखि चलिआएका चलन चल्ती अभ्यास र असल परम्परालाई कायम राख्दै निरन्तरता दिनु हाम्रो कर्तव्य हुन आउँछ । संस्कार भनेको हाम्रो आफ्नो पहिचान हो । कोही व्यक्ति कति सम्मानित छ भन्ने कुरा धनसम्पत्तिले होइन, संस्कारले निर्धारण गर्छ । यसैले हामीलाई अरूभन्दा फरक हौँ र छौँ भन्ने आभास पनि यसैले दिएको हुन्छ । त्यसैले हाम्रो संस्कार हाम्रो परिचायक पनि हो । जबसम्म हामी हाम्रो संस्कारलाई जीवन्छ राख्छौँ तबसम्म हाम्रो पहिचान कायम रहन्छ । त्यसकारण आफूलाई वा आफ्नो अस्तित्वलाई बचाई राख्न गर्नुपर्ने पहिलो कर्तव्य नै संस्कारको पालना हो । मातापिताको सेवा, गुरुको सम्मान, दीनदुःखी प्रति परोपकार, सानालाई माया र स्नेह जीवजन्तुप्रति दया र सहयोग गर्नु हाम्रा सस्कार हुन् । त्यस्तै प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्न कतिपय चाडपर्वको व्यवस्था हाम्रा परम्पराले गरेका छन्, त्यसको पालना गर्नु नै संस्कारको पा( लना हो । त्यसैले गीतामा भनिएको छ “स्वधर्मे निधनं श्रेय परधर्मो भयावह” अर्थात् आफ्नो धर्म र संस्कारका लागि मर्नु परे पनि त्यो उत्तम हुन्छ, तर अर्काको धर्म संस्कार अगाल्नु जति भयावह र दुःखदायी केही हुँदैन । यो सन्देशले पनि हामीलाई आफ्ना संस्कारको पालना मै लाग्न प्रेरित गर्छ ।

**स्वव्यवस्थापनका लागि आवश्यक सिप**

स्वव्यवस्थापन भनेकै जीवनलाई व्यवस्थित गर्नु हो । यसका लागि अवश्य पनि विशेष दक्षता आवश्यक पर्छ । त्यस्ता मुख्य दक्षता अर्थात् व्यवहार कुशलता निम्नअनुसार हुन सक्छन् :

- एकअर्कासँग समन्वय र सहकार्य गर्ने,
- जुनसुकै परिस्थितिमा समायोजन हुन सक्ने,
- समस्यासँग जुध्न र समाधान गर्ने,
- फरक ढङ्गबाट अवस्था र समस्याको विश्लेषण गर्ने,
- नम्र, शिष्ट, धैर्य र शान्तिप्रिय बन्न सक्ने,
- अरूप्रति सम्मान र सद्भाव राख्न सक्ने,
- अर्काको कुरा राम्रोसँग सुन्ने र आफ्ना कुरा राम्रोसँग अरूलाई बुझाउन सक्ने,
- अरूको खुसीमा रमाउने र लोभलालचबाट टाढा रहने ।

यी र यस्ता गुण तथा विशेषतासहितको व्यक्तित्व स्वव्यवस्थापनमा सफल हुन सक्छ ।

## अभ्यास

१. **दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) स्वव्यवस्थापन भनेको के हो ?

(ख) स्वव्यवस्थापनका लागि स्वामी विवेकानन्दले दिएको मार्ग के के हुन् ?

(ग) जीवन सफल पार्न तीनैपक्षको सन्तुलन किन आवश्यक छ ?

(घ) स्वव्यवस्थापनका पक्ष के के हुन सक्छन् ?

(ङ) स्वव्यवस्थापनका लागि के कस्ता सिपको आवश्यकता पर्छ ?

(च) संस्कार के हो ?

(छ) संस्कारको पालना किन आवश्यक छ ?

२. **तपाईँले आफ्नो जीवन व्यवस्थित बनाउन के के कुराको व्यवस्थापन गर्नुहुन्छ, टिपोट गरी कक्षामा सुनाउनुहोस् ।**

३. **तपाईँको अभिभावकले जीवन कसरी व्यवस्थित गर्नुभएको छ, अभिभवाकसँग छलफल गरी टिपेर कक्षामा सुनाउनुहोस् ।**

४. **जीवनलाई कसरी व्यवस्थित बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो साथीलाई सल्लाह दिँदै एउटा पत्र लेख्नुहोस् ।**

पाठ १९

# स्वस्थ चिन्तन

## पाठ प्रवेश


**कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् :**

**सकारात्मक सोचका फाइदा**

सकारात्मक सोच राख्नु किन महत्त्वपूर्ण छ भन्ने बारेमा कक्षामा छलफल गरी बुँदा टिपोट गर्नुहोस् :

सकारात्मक सोचले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यलाई असर गर्छ, जस्तै :

- तनावपूर्ण क्षणहरूमा राम्रो तनाव व्यवस्थापन र सामना गर्ने सिपहरू हासिल
- निराशाको कम जोखिम
- एक बलियो प्रतिरक्षा प्रणालीका लागि उपयोगी
- हृदयघात र हृदय रोगको जोखिम कम
- कम रक्तचाप
- राम्रो समस्या समाधान
- परिवर्तनका लागि अनुकूलन गर्न क्षमता विकास
- थप रचनात्मक सोच
- सोचाइमा स्थिरता वा अनावश्यक चञ्चलतामा कमी
- बलियो नेतृत्व कौशल



मानिसका क्रियाकलाप, व्यवहार, सिर्जना जे जति छन् र गर्छन् त्यसको जन्म उसको विचारबाट हुन्छ । मानिसले गरेका कार्यको परिणाम राम्रो नराम्रो जे हुन्छ, विचारमा नै त्यसको बीजारोपण भइसकेको हुन्छ । त्यसैले विचार नै त्यस्तो तत्त्व हो जसबाट मानिसले आफूलाई क्रियाशील बनाउँछ । त्यसकारण जस्तो विचार त्यस्तै कार्य हुने हुँदा हामीले विचारमा नै शुद्धता ल्याउने गर्नुपर्छ । त्यसपछि मात्र व्यवहार वा कार्य र परिणामामा शुद्धता आउँछ ।

स्वस्थ चिन्तनको अवधारणा यसका प्रभाव तत्त्वका विषयमा थाहा नपाई स्वस्थ चिन्तनले अपेक्षाकृत स्वरूप लिन सक्दैन । संसारमा जेजस्तो काम भएका छन् तिनको जन्म व्यक्तिको विचारबाटै भएको हुन्छ । जस्तै हामीले आफ्नो घर होस् भन्ने चाहना हरेकले गरेका हुन्छौँ । घर निर्माण गर्नुपूर्व हामीसँग भएको जग्गा कस्तो छ त्यो आधारमा कस्तो घर बनाउने त्यसको चित्र हाम्रो दिमागमा विकास हुन्छ अनि त्यही कुरा इन्जिनियरलाई भन्छौँ र उसले बुझेका आधारमा घरको नक्शा बनाउँछ र सिकमी, ढकर्मीबाट त्यो घरको भौतिक स्वरूप तयार हुन्छ । अब त्यो भव्य घरको सुरुआत हाम्रो विचारबाट भएको थियो । त्यसैले विचार नै हाम्रो जीवनको सही मार्गदशक हो । त्यसैले विचारमा प्रभाव पार्ने पक्षमा पनि हामीले थाहा पाउनुपर्छ

हाम्रो चिन्तन अर्थात् विचारमा प्रभाव पार्ने तत्त्वमा पहिलो भोजन पर्छ । त्यसपछि सङ्गत, परिवेश र अध्ययन जस्ता पक्षहरू पर्छन् । हामीले जे जस्तो खान्छौँ शरीरमा बन्ने ऊर्जा त्यसैबाट बन्छ, त्यसैबाट शरीरका रक्त कोषिका विकास हुने र त्यसको प्रभाव विचारमा पर्छ । त्यसकारण हाम्रो भोजन शुद्ध र सात्त्विक हुनुपर्छ । हाम्रा भोजनलाई तीन वर्गमा विभाजन गरिएको र त्यसको प्रकृतिबारे अगिल्लो कक्षामा पनि सिकिसकेका छौँ । त्यसैले भोजन सात्त्विक छ भने विचार पनि सात्विक हुन्छ, भोजन राजसी छ भने विचार पनि राजसी गुणयुक्त हुन्छ र भोजन तामसी छ भने विचार पनि तामसी गुणयुक्त हुन्छ । त्यसकारण पहिलो प्राथमिकता भोजनलाई शुद्ध बनाउने र ग्रहण गर्ने कुरामा ध्यान जानुपर्छ ।

दोस्रोमा हामीले कस्ता मानिस वा समाजको सङ्गत गरेका छौँ त्यसको प्रभाव पनि हाम्रो विचारमा पर्छ । त्यसकार नैतिकवान्, सभ्य, शिष्ट, परोपकारी जस्ता स्वभाव वा गुण भएका व्यक्तिको सङ्गत गर्नु राम्रो हुन्छ । त्यस्तै परिवेश हामी बस्ने, हिँड्ने, घुम्ने परिवेश कस्तो छ त्यसको प्रभाव हाम्रो विचारमा पर्छ । कुन परिवेश हाम्रो अनुकूल छ भन्ने कुराको यकिन गरेर आफूलाई परिचालन गर्न सकियो भने यसबाट हुने प्रभावलाई जीवनको सफलतासँग जोड्न सकिन्छ । त्यस्तै हामीले ग्रहण गर्ने शिक्षा, अध्ययन गर्ने पुस्तक वा पाठ्यसामग्रीका विषयवस्तुले पनि हाम्रो विचार निर्माणमा भूमिका खेल्दछ । त्यसकारण यस पक्षमा पनि हामी सचेत हुनुपर्छ ।

हामीले आफूलाई कस्तो बनाउने भन्ने कुरा विचारबाटै सुरु हुन्छ । हरेक मानिस परिवार, समाज र विश्वमा उत्कृष्ट बन्न चाहन्छ । त्यो कुरा त्यतिवेला सफल भएको मानिन्छ जतिवेला उसका आदर्श, आचरण र कार्यलाई अरू मानिसले अनुकरण योग्य ठान्छन् र अनुसरण गर्न थाल्छन् ।

**यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः**
**स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥**

गीतामा भनिएको छ श्रेष्ठ मानिस जे जे आचरण अर्थात् व्यवहार गर्छन् अरू मानिस पनि त्यसैको अनुसरण गरेर त्यस्तै व्यवहार गर्छन् । उसले जे जस्तो कार्यको प्रमाण छोड्छ त्यसैलाई सबैले आधार मानी व्यवहार गर्न थाल्छन् ।

त्यसैले तपाईँ आफूलाई श्रेष्ठ बनाउन चाहनुहुन्छ भने अरूले अनुसरण गर्न योग्य व्यवहार गर्नुपर्छ । यो कुरा परिवार, समाज, राष्ट्र र अन्तःराष्ट्रसम्म नै लागु हुन्छ । परिवारमा घरको जेष्ठ वा नेतृत्व गर्ने व्यक्तिले जे जस्तो व्यवहार गर्छन् बालबालिकाले पनि त्यही सिको गर्छन् । त्यसैले तपाईँले गर्ने गरेको व्यवहार ठिक हो कि होइन भनेर आफैँले मूल्याङ्कन गर्ने र व्यवहार परिवर्तन वा निरन्तरता दिने गर्नुपर्छ । यहाँ जुन व्यवहार बाहिर देखिन्छ त्यसको जन्म अदृश्य रूपमा

तपाईंको विचारमा उत्पन्न हुन्छ । यसबाटै प्रमाणित हुन्छ कि हाम्रो विचार स्वस्थ हुनुपर्छ । स्वस्थ चिन्तनको एउटा महत्त्वपूर्ण पक्ष भनेको सकारात्मक सोच हो । सकारात्मक सोच के हो, किन आवश्यक छ भन्ने कुरा थाहा पाउनु उत्तिकै जरुरी हुन्छ ।

सकारात्मक सोच

सकारात्मक सोच बुझ्न दिइएको घटना अध्ययन गरी छलफल गरौँ :

**घटना १**

कागेश्वरीबाट चाँगुनारायण जान सजिलो बनाउनका लागि मनोहरा नदीमा पुल निर्माण गर्ने माग उठ्यो । नगरपालिकाका तर्फबाट पुल निर्माणको कार्यमा साथ सहयोग रह्यो । पुल बन्न थालेपछि स्थानीयबासीहरू ज्यादै खुसी भए । पुलका लागि सरसामान किन्न केन्द्रको सरकारले खर्च गर्‍यो भने स्थानीयबासीले खुसीसाथ श्रमदान गरे । पुल बनाउने ठेक्का नरबहादुरले पाए । स्थानीयबासीहरू श्रमदान गर्थे । नरबहादुर कहिलेकाहीँ उल्टै उनीहरूलाई काम अराउने, गाली गर्ने र दोष देखाउने आदि काम गर्थे । पुल बन्ने खुसीले सबैले सहेर बसेका थिए । उनीहरू मिलेर काम गर्थे ।

एक दिन पुलका लागि खटिएको ट्रक हिलोमा फस्यो । जम्मा भएका कामदार हरूले ट्रक तान्ने प्रयास गरे पनि सकिरहेका थिएनन् । नरबहादुर बेलामा काम गर्न नसकेको भनेर कामदारलाई हप्काइरहेको थिए । आफूचाहिँ कुनै पनि काम गर्दैनथे । केही मानिसको बल थपिए ट्रक तान्न सकिने थियो । ठेकदारको व्यवहारबाट वाक्क भएता पनि स्थानीयबासीले फेरि सहयोग गर्न थाले तर ट्रक तान्न सकिरहेका थिएनन् । यस्तैमा टाढाबाट एक जना मानिस त्यहाँ आइपुगे । उनको नाम जयबहादुर थियो । जयबहादुरले स्थानीयबासीले प्रयास गरेको पनि देखे र नरबहादुरले छेउमा बसेर गाली गरिरहेको पनि सुने । कोही सकेसम्म बल लगाएर ट्रक तानिरहेका छन् भने अर्कोतिर एउटा मानिस गाली गरिरहेको छ ।

जयबहादुरलाई यो कुरा मन परेन । उनले नरबहादुरलाई पनि सहयोगका लागि आग्रह गर्न थाले । जयबहादुरको आग्रहलाई नरबहादुरले पहिला त आफूलाई मजदुर ठानेर गरिएको हेपाइ जस्तो माने । तर जयबहादुरले दोहोऱ्याएर भनेपछि उनी पनि सबैसँग मिलेर ट्रक तान्न थाले । जयबहादुर र नरबहादुरको समेत बल पुगेपछि ट्रक हिलोबाट बाहिर निकाल्न सकियो । सबै खुसी भए । नरबहादुरलाई सबैको बल र सहयोगले कठिनभन्दा कठिन  काम पनि गर्न सकिने रहेछ भन्ने लाग्यो । आजभोलि कतै यस्तो काम परे उनी सहयोग गर्छन् र सन्तोषको अनुभव गर्छन् । अरूलाई पनि यस्तो काम गर्न प्रेरणा दिन्छन् । जयबहादुरको सहयोगले नरबहादुरको सोचाइ र संस्कार नै फेरिएको छ ।

त्यसैले हामीले सकेको श्रम गर्नुपर्छ । समूहमा मिलेर काम गर्ने बानीको विकास गर्नुपर्छ किनभने सबैको सहयोगबाट कठिन काम पनि पूरा हुन्छ । केही अधिकार वा सम्पत्ति बढी छ भन्दैमा श्रम नगर्ने मानिसले श्रम गर्ने मानिसलाई हेप्नु हुँदैन । यसर्थ काम पूरा गर्नका लागि एकता बल हो । यसलाई हामीले मनन गर्नुपर्छ । राम्रा कामका लागि जोसुकैको पनि प्रेरणा महत्त्वपूर्ण हुन्छ । यसर्थ मानिसको सोचाइमा परिवर्तन भएपछि व्यवहार पनि बदलिन्छ ।

## घटना २

कागेश्वरीमा भएकामध्ये एउटा माध्यमिक विद्यालय नमुना बनेको छ । त्यस विद्यालयमा कार्यरत प्रधानाध्यापक उत्कृष्ट छन् । उनी लगनशील भएर विद्यालय, विद्यार्थी र अभिभावकको हितका लागि काम गर्छन् । उनी आफू पनि सफासुग्घर र अनुशासित छन् । अरूलाई पनि त्यस्तै हुन प्रेरणा दिन्छन् । उनलाई शिक्षक, विद्यार्थी र अभिभावक सबैले मन पराउँछन् ।

प्रधानाध्यापक प्रत्येक विद्यार्थीको पढाइ र अन्य शैक्षिक गतिविधिको निरीक्षण गर्छन् । एक दिन उनले केही विद्यार्थी हातमुख नधोई र केहीले गृहकार्य नगरी विद्यालय आएको थाहा पाए । पढाइ सकिएपछि घर फर्कने वेलामा उनले सबै

विद्यार्थीलाई विद्यालयको प्राङ्गणमा भेला पारे र भने, "भाइबहिनी हो, भोलिदेखि तिमीहरू सबैजना हातमुख धोएर विद्यालय आउनू । गृहकार्य भनेको घरमा गर्नुपर्ने काम नगरी नआउनू है ।" उनले भोलिपल्ट पनि विद्यार्थीको निरीक्षण गरे । त्यो दिन पनि केही विद्यार्थीले हातमुख धोएका थिएनन् भने केहीले गृहकार्य गरेका थिएनन् । अघिल्लो दिन जस्तै उनले फेरि सम्झाए । यो क्रम केही दिनसम्म चल्यो तर केही विद्यार्थीले टरेनन् । उनीहरू प्रधानाध्यापकका अगाडि हुन्छ भन्थे तर भनेको काम गर्दैनथे । जति भने पनि केही विद्यार्थीले नटेरेकोमा उनलाई दुःख र आश्चर्य दुवै लाग्यो । एक दिन प्रधानाध्यापक विद्यार्थी आउनुभन्दा पहिले नै विद्यालय आए । उनी पानी, साबुन र रुमाल लिएर विद्यालयको मूल ढोकामा उभिए । जजसले हातमुख धुने गरेका थिएनन्, उनीहरूलाई साबुन र पानी दिए । हातमुख धुन लगाए र आफैँले पानी हालिदिए । अनि रुमालले मुख पुछिदिए । विद्यार्थीलाई लाज भयो । त्यसपछि विद्यार्थी आफैँ सुग्घरी हुन थाले । उनीहरू कपडा पनि सुकिला पार्न लागे । उनीहरूले कक्षा कोठामा फोहोर फाल्न पनि छाडे । कक्षामा भएको फोहोर पनि निश्चित ठाउँमा लगेर फाल्ने र हात धुने बानी बसाले । हिजोआज त्यस विद्यालयको वातावरण बदलिएको छ । विद्यार्थीहरू घरमा पनि जताततै फोहोर फाल्दैनन् । टोल छरछिमेक पनि सफासुग्घर भएका छन् । छिमेकी विद्यालयका शिक्षकहरू अनुशासन र सफासुग्घरको उदाहरण दिँदा त्यही माविको नाम लिन्छन् ।

उल्लिखित घटनाबाट हामीले सकारात्मक सोच र व्यवहारले परिवर्तन ल्याउन सकिन्छ भन्ने सन्देश पाउँछौँ । ठुलाले भनेको असल काम हामी सबैले गर्नुपर्छ तथा भनाइ र गराइमा भिन्नता हुनुहुँदैन भन्ने पनि सिक्न सक्छौँ । हामीले नराम्रो बानीलाई राम्रो व्यवहारबाट सुधार्न सकिन्छ । असल व्यवहारबाट सबैको प्यारो र उदाहरणीय भइन्छ । त्यसैले असल कामको परिणाम असल नै हुन्छ । हामीले जहिले पनि सकारात्मक सोच राखी व्यवहार गर्नुपर्छ । यसले हामीलाई जिम्मेवार, लगनशील र जवाफदेही बनाउँछ । हरेक व्यक्ति आफ्नो कामप्रति जिम्मेवार बन्नुपर्छ ।

सकारात्मक सोचको बारेमा जान्नको लागि तथ्य वा तर्कलाई बेवास्ता नगरी मनन गर्नुपर्छ । आफूले आफैँलाई केवल सकारात्मक तथ्य वा तर्कमा संलग्न हुन उत्प्रेरित गर्नुपर्छ । यसकारण सकारात्मक सोच भन्नाले अन्य परिस्थितिका अतिरिक्त नकारात्मक समाचार वा तनावपूर्ण परिस्थितिहरूमा पनि सकारात्मक दृष्टिकोण राखेर हेर्नु नै हो । यसले हामीलाई सङ्कट वा अप्ठ्यारो परिस्थितिमा पनि सहज हुन सहयोग गर्दछ । हामीले नकारात्मक पक्षहरूलाई स्वीकार र प्रशोधन गर्नुपर्ने हुन सक्छ । हामीलाई सकारात्मक सोचले यी परिस्थितिबाट पार पाउन साथ दिन्छ । एक सकारात्मक विचारकर्ताले अरूबाट राम्रो मनसाय ग्रहण गर्दछ । नकारात्मक विचारहरूमा फस्ने वा सबैभन्दा खराब मान्नुको सट्टा कार्यहरूलाई अधिक अनुकूल रूपमा व्याख्या गर्दछ । एक सकारात्मक विचार कर्ताले राम्रो परिणामहरू कल्पना गर्न सक्छ ।

सकारात्मक सोच स्वतर्क, स्वविमर्श र स्वमूल्याङ्कनबाट सुरु हुन्छ । हाम्रो दिमागमा आउने विचारहरू कहिल्यै समाप्त हुँदैनन् । केही स्पष्ट तथ्य र निष्पक्ष हुन सक्छन् भने केही सकारात्मक तथा केही नकारात्मक दृष्टिकोणमा आधारित हुन्छन् । यदि हामीले अधिक नकारात्मक आत्मवार्ता अभ्यास गर्छौं र सबै नकारात्मक पक्षहरूको बारेमा सोच्छौं भने हामी निराशावादी हुन सक्छौं । तर यसको अर्थ यो होइन कि हामीले आफ्नो व्यवहारलाई थप सकारात्मक मानसिकता अपनाउन परिवर्तन गर्न सक्दैनौं । हामीले परिवर्तन गर्न सक्छौं र गर्नुपर्छ ।

**विगतबाट सिकाइ**

हामीसँग नकारात्मक वा निराशावादी विगतको विचार वा अनुभव हुन सक्छ । ती विचार वा अनुभवले नकारात्मकता वा निराशामा लैजान सक्छन् । यी विचार तथा अनुभवहरूलाई थप सकारात्मक रूपमा परिवर्तन गर्नाले हामीलाई विगतमा भएका खराब कुराहरूलाई अघि बढाउन मदत गर्न सक्छ, जस्तै :

- “मैले सक्दो राम्रो गरेँ तर मैले अपेक्षा गरेअनुसार नतिजा प्राप्त गर्न सकिनँ ।”
- “त्यो परीक्षा नराम्रो भयो, तर कम्तीमा मैले अर्को पटक फरक तरिकाले गर्ने तरिका सिकेकको छु । अब राम्रो गर्छु ।”
- “मलाई थाहा छ मेरो सिकाइ पूर्ण थिएन, कसैको पनि पूर्ण हुँदैन । सबैले निरन्तर प्रयासबाट नै आफ्नो सिकाइलाई सुधार्ने हो ।”

**वर्तमानमा सकारात्मक सोच**

सकारात्मक सोचले हामीलाई चुनौतीहरूसँग अझ प्रभावकारी रूपमा सामना गर्न सहयोग गर्छ । हाम्रो तनाव कम गर्छ, जस्तै :

- “म मेरो परिवारका सदस्य, साथी र शिक्षक पाउँदा धेरै भाग्यमानी छु जसले मेरो बारेमा वास्तवमै ख्याल राख्नुहुन्छ ।”
- “आज बिहानको खाना धेरै स्वादिष्ट थियो र त्यसैले मैले मिठो मानेर धेरै खाएँ । भलै खोट नलाउनेहरू यो पुगेन, त्यो पुगेन भन्दै थिएँ । म त भरे त्यसरी पकाउँला र खाउँला भनी सोचिरहेको छु । एक दिन एक छाक मात्र खाने हो र ?”
- “मबाट धेरै गल्ती हुन्छन् । म ती गल्तीबाट सिक्छु र म सधैँ ती गल्ती नदोर्‍याउन सक्दो प्रयास गर्छु ।”

**मेरो भविष्यको सोच**

नकारात्मक वा निराशावादी सोचले भविष्यलाई विशेष रूपमा प्रभावित पार्दछ । यी सोचहरूलाई सकारात्मक रूपमा परिवर्तन गर्नाले हामीलाई सक्रियता बढाउन र सहभागिता बढाउन सहयोग गर्छ । कुनै पनि काममा अपेक्षित सक्रियता र सहभागिताले सफलता दिन्छ । सफलताले नकारात्मक भावनाहरू उत्पन्न गर्न रोक्न मदत गर्छ, जस्तै :

- “यी सबै तरिका सही रूपले जाँदै छन् । पक्कै पनि यिनले सकारात्मक परिणाम ल्याउने छन् ।”
- “म अर्को हप्ता ध्यान गर्न जानेछु । त्यसले ममा अझै बढी सकारात्मक सोच बढाउन सहयोग गर्नेछ ।”
- “म मेरो लक्ष्यहरूमा काम गरिरहनेछु, त्यसैले मलाई थाहा छ कि मेरो भविष्य उत्कृष्ट हुनेछ ।”
- सकारात्मक सोचलाई कामपछि मनन गरेर, कामकै क्षणमा विश्लेषण गरेर र भविष्यको लक्ष्यसँग केन्द्रित गरेर उपयोग गर्न सक्छौँ ।

## अभ्यास

१. **दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) कस्तो चिन्तनलाई स्वस्थ चिन्तन भनिन्छ ?

(ख) पहिलो घटनाको अध्ययनबाट तपाईंले सिकेका कुरा के के हुन् ?

(ग) दोस्रो घटनामा सरसफाइका लागि प्रधानाध्यापकले गरेको कार्य तपाईंलाई कस्तो लाग्यो, किन ?

(घ) सकारात्मक सोचाइका लक्षण के के हुन्, पाठका आधारमा लेख्नुहोस् ।

(ङ) सकारात्मक सोचाइबाट हुने फाइदा के के हुन् ?

२. तपाईं सकारात्मक सोचका बारेमा आफ्नो साथीलाई कसरी सम्झाउनु हुन्छ, उदाहरणसहित उत्तर दिनुहोस् ।

३. पाठमा प्रस्तुत श्लोक सकारात्मक सोचसम्बन्धी कुरामा कसरी सान्दर्भिक देखिन्छ, स्पष्ट पानुहोस्

४. पाठमा प्रस्तुत श्लोक कण्ठस्थ सुनाई भाव प्रस्तुत गर्नुहोस् ।

५. सकारात्मक सोचसम्बन्धी तपाईंको अभिभावकको बुझाइ के रहेछ सोधेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

(क) आफ्ना समुदायमा भएका असल व्यक्तिहरूबारे बुझी ऊ सफल हुनाको कारण खुलाऊ । कुनै एक व्यक्तिको जीवनी लेखी कक्षामा सुनाउनुहोस् ।


(ख) तपाईंको कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न के कस्तो असल व्यवहार देखाउनुपर्छ ? साथीसँग छलफल गरी तिनको सूची बनाउनुहोस् ।

(ग) विद्यार्थी र शिक्षकले प्रदर्शन गर्नुपर्ने असल व्यवहारहरूको सूची तयार पारी कक्षामा टाँस्नुहोस् । यसका लागि शिक्षक तथा विद्यार्थी एकआपसमा छलफल गरी टुङ्गोमा पुग्नुहोस् ।

(घ) तपाईंले देखे सुनेका कुनै यस्ता घटना जसबाट कामअनुसारको परिणाम प्राप्त भएको छ भने साथीहरूबिच एक आपसमा सुनाउनुहोस् ।

पाठ २०

# नीति श्लोक



**एकाक्षरप्रदातारं यो गुरु नाभिवन्दते ।**
**श्वानयोनिशतं भुक्त्वा चाण्डालेष्वभिजायते ॥**

एक अक्षर मात्रै भए पनि ज्ञान दिने गुरुलाई जसले नमस्कार अर्थात् सम्मान गर्दैन उसले सयौँ पटक कुकुर भएर जन्मेपछि पनि निच कुलमा जन्मनुपर्छ अर्थात् राम्रो कुलमा जन्मन पाउँदैन ।

**कुचैलिनं दन्तमलोपसृष्टं**
**बहवाशिनं निष्ठुरभाषिणं च ।**
**सूर्योदये चास्तिमिते शयानं**
**विमुञ्चति श्रीर्यदि चक्रपाणि ॥**

फोहोर लुगा लगाउने, दाँत नमाझ्री बस्ने, धेरै खाने, नमिठो बोली बोल्ने, सूर्योदयदेखि सूर्यास्तसम्म सुतिरहने व्यक्तिलाई चाहे त्यो भगवान् विष्णु नै किन नहोस् धनकी देवी लक्ष्मीले त्यागीदिन्छिन् अर्थात् त्यस्तो व्यक्तिको घरमा लक्ष्मीले कहिल्यै वास गर्दिनन् ।

**प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति मानवाः ।**
**तस्मात्तदेव वक्तव्यं वचने का दरिद्रता ॥**

मिठो बोली बोल्नाले सबै मानिस खुसी हुन्छन् । त्यसैले मिठो बोली बोल्न उचित हुन्छ । मिठो बोली बोल्न कन्जुस्याइँ कहिल्यै नगरौँ । वचनमा पनि दरिद्रता किन देखाउनु ?

**पुस्तकेषु च या विद्या परहस्तेषु यद्धनम् ।**
**उत्पन्नेषु च कार्येसु न सा विद्या न तद्धनम् ।**

नसिकेको अर्थात् किताबमा मात्र सीमित भएको विद्या र अर्काको हातमा पुगेको धन बेकाम हुन्छ । काम आइपर्दा यस्तो विद्या र धन दुवैले काम दिँदैनन् ।

**नान्नोदकसमं दानं न तिथिर्द्वादशी समा ।**
**न गायत्र्या परो मन्त्रो न मातुर्दैवतं परम् ॥**

अन्न र पानीको दानभन्दा ठुलो दान अर्को छैन । तिथिहरूमध्ये द्वादशी तिथिजस्तो उत्तम अरू होइन । गायत्री मन्त्रभन्दा ठुलो मन्त्र अरू कुनै छैन । संसारमा आमाबराबरकी देवीदेवाता अरू कोही हुँदैन । अरूको लाख आमाको काख भन्ने भनाइ सत्य हो ।

**परोपकारणं येषां जागर्ति हृदये सताम् ।**

**नश्यन्ति विपदस्तेषां सम्पदः स्युः पदे पदे ॥**

जसको हृदयमा परोपकारको भावना हुन्छ उसका विपत्तिहरू स्वतः नाश हुन्छन् र पाइला पाइलामा सम्पत्ति प्राप्त भई रहन्छ ।

## अभ्यास

१. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) हामीले गुरुको सम्मान किन गर्नुपर्ने रहेछ ?

(ख) कस्तो व्यक्तिको घरमा लक्ष्मीको वास हुँदैन ?

(ग) मिठो वचन किन बोल्नुपर्ने रहेछ ?

(घ) सबैभन्दा ठुलो दान र ठुलो देवता के के हुन् ?

(ङ) कस्तो धन र विद्याले काम नदिने रहेछ ?

(च) परोपकारी भावना हुनुका फाइदा के हुन् ?

२. पाठका श्लोक सस्वर पढेर सुनाउनुहोस् ।

३. सबै श्लोक कण्ठस्थ सुनाउनुहोस् ।

४. पाठका प्रत्येक श्लोकको भावार्थ भन्नुहोस् ।

५. यस्तै सन्देशमूलक नीतिको श्लोक सामाजिक सञ्जाल वा पुस्तकालयबाट खोजी कक्षामा भावार्थसहित सुनाउनुहोस् ।

पाठ २१

# विनाशकाले विपरीत बुद्धि (नीतिकथा)



त्रेता युगको सन्दर्भ हो । राजा दशरथका चार भाइ छोरा थिए । जेठा राम, माहिला भरत, साँहिला लक्ष्मण र कान्छा शत्रुघ्न । रामको राज्याभिषेकका समयमा राजा दशरथ माहिली रानी कैकेयीका माग पूरा गर्न बचनबद्ध थिए । दशरथले रामलाई बनवास र कैकेयी पुत्र भरतलाई राज्याभिषेकको आदेश दिन बाध्य भए । उनकै आदेशानुसार राजकुमार राम आफ्नी श्रीमती सीतासहित बनवास हिँड्न बाध्य भए । राम वनवास जाने भएपछि उनका साँहिला भाइ लक्ष्मणले दाजु भाउजूको सेवामा आफू पनि सँगै वनवासमा जाने निधो गरी रामसँगै वनवासमा गए । राजकुमार राम र लक्ष्मण तथा सीता बनमा गएर कुटियामा बस्न थाले । राम साक्षात् नारायणका अवतार मानिन्थे । उनी वीरता, धैर्य, सहनशीलताका प्रतिमूर्ति र अन्तर्यामीसमेत थिए । वनवासका दिन बित्दै गए ।

त्यसै क्रममा एक दिन कुटिया नजिक चउरमा तीनै जना दुःख सुखका वार्तालाप गरेर बसेका थिए । त्यहाँ एउटा अत्यन्त सुन्दर सुनको मृग उनीहरूको नजिकमा आएर चर्न थाल्यो । सीताको नजर त्यो सुनको सुन्दर मृगमाथि पर्‍यो । उनलाई त्यो मृगले अन्यन्त मोहित बनायो । उनले रामसँग त्यस मृगलाई समातेर आफूलाई ल्याइदिन अनुरोध गरिन् । रामले पनि आफ्नी प्रिय श्रीमतीका कुरा काट्न सकेनन् । उनी मृगलाई समात्न मृगका नजिक गए । मृग उनी नजिक आएको देखेर टाढा भाग्न थाल्यो । राम त्यसका पछि पछि गए । मृग अगि अगि राम पछि पछि धेरै टाढा पुगे । आफू मृग समाउन जाने क्रममा आफ्नी श्रीमती सीताको सुरक्षा गर्न आफ्ना भाइ लक्ष्मणलाई आदेश गरेर उनी गएका थिए । राम र सुनको मृग पर पुगेपछि एउटा आवाज सीता र लक्ष्मणको कानमा गुञ्जियो । लक्ष्मण मलाई बचाऊ, लक्ष्मण मलाई बचाऊ । यो आवाज रामको आवाजमा आएको थियो । सीताले राम आपत्मा परेको आशङ्का गरी लक्ष्मणलाई उनका दाजु रामलाई बचाउन जान अनुरोध गरिन् । लक्ष्मणले आफूलाई दाजुले हजुरको सुरक्षाको जिम्मा दिएर जानुभएको छ । उहाँको आज्ञाविना मैले हजुरलाई यस्तो वनमा एक्लै छाडेर जान नसक्ने भनी जान मानेन् । सीताले दाजुलाई आपत् पर्दा नजाने तपाइँ कस्तो भाइ भनेर अलि नमिठो गरी भनेपछि लक्ष्मणले सीता बसेको

ठाउँलाई एउटा घेरा लगाई कुनै पनि अवस्थामा त्यस घेराभन्दा बाहिर नआउन अनुरोध गरी उनी दाजु रामलाई बचाउन आवाज आएतर्फ आगडि बढे ।

यो सबै रावणको षड्यन्त्र थियो । रावणले अत्यन्त सुन्दरी सीताको मोहमा परी राम र लक्ष्मणको उपस्थितिमा सीतालाई लान नसक्ने अवस्था देखी आफ्ना मायावी राक्षस सेवकलाई सुनको मृग बनेर नजिक जाने र रामलाई टाढा पुऱ्याउन लगाएको थियो । टाढा पुगेपछि लक्ष्मणलाई पुकार्ने पनि उसकैको षड्यन्त्र पूर्वकको रणनीति थियो । त्यसरी राम र लक्ष्मण सीताबाट टाढा भइसके पछि रावण स्वयम् एउटा भिक्षुकको भेष धारण गरेर सीतालाई छलपूर्वक अपहरण गर्न पुग्यो । उसले भिक्षा मागेपछि सीताले लक्ष्मणले कोरेको रेखाभित्रैबाट भिक्षुकलाई भिक्षा दिन थालिन् तर भिक्षुकले घेरा भित्रबाट दिएको भिक्षा नलिने बरु रित्तो हात फर्कने ध्वाँस देखायो । द्वारमा आएको भिक्षुकलाई रित्तोहात फर्काउन हुँदैन भन्ने मान्यता राख्ने सीताले लक्ष्मण रेखा बाहिर आएर भिक्षा दिने निधो गरी बाहिर आइन् । सीता लक्ष्मण रेखा बाहिर आउने बित्तिकै रावणले उनालाई अपहरण गरी आफ्नो पुष्पक विमानमा हालेर लङ्कातर्फ उड्यो ।

जब राम र लक्ष्मणले सुनको मृगको रूप धारण गरेर आएको छली राक्षसलाई मारेर सीता भएको ठाउँमा आए, त्यहाँ सीतालाई देखेनन् । अनि सीताको खोजीमा अलाप विलाप गर्दै यता उती खोज्न थाले । राम साक्षात् भगवान नारायणको अवतार र लक्ष्मण शेष नागका अवतार मानिन्थे । उनीहरू दुवै अन्तर्यामी थिए । सबै सृष्टिको बारेमा जानकार थिए । उनलाई थाहा थियो न सुनको मृगको सृष्टि भएको छ, न कतै हालसम्म सुनको मृग देखिएको, न सुनिएको छ । यति जान्दा जान्दै पनि राममा यस्तो तृष्णा पलायो कि उनी सुनको मृगको पछि लाग्न पुगे । वास्तवमा विनाश हुने वेलामा बुद्धि पनि विपरीत हुन जाँदोरहेछ । त्यसैले नीतिमा भनिएको छ, "न निर्मितः केन न दृष्टपूर्वो न श्रुयते हेममय कुरुङ्ग, तथापि तृष्णा रघुनन्दनस्य विनाशकाले

विपरीतबुद्धिः"।

साक्षात् भगवान्को त विनाश हुने वेलामा बुद्धि विपरीत हुँदो रहेछ भने हामी त मानिस हौँ । तैपनि हामीले गर्ने हरेक कुरामा सचेतता अपनाउन जरुरी हुन्छ । त्यो भएमा आइपर्ने शङ्कटलाई केही हदसम्म भए पनि टार्न सकिन्छ ।

## अभ्यास

१. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) राम को थिए ?

(ख) राम वनवास जानुपर्नाको कारण के थियो ?

(ग) रावणले सीता हरण कसरी गरेको थियो ?

(घ) राम किन आलापविलाप गर्नुपर्ने अवस्था आयो ?

(ङ) यस कथाको मूल सन्देश के हो ?

२. **कथामा दिइएको नीतिको श्लोक पढेर सुनाउनुहोस् ।**

३. **तपाइँले पुस्तकालयमा गई कुनै एउटा नीतिमूलक वा पौराणिक कथा खोजेर पढ्नुहोस् र कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।**

४. **हाम्रो जीवनमा यस कथाको सन्देशलाई कसरी प्रयोग गर्न सकिन्छ, साथीसमूहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।**

५. **पाठमा दिइएको श्लोकको भावार्थसहित कण्ठस्थ सुनाउनुहोस् ।**

# पाठ २२ निर्माण व्यवसायसम्बद्ध पेसाहरू

## पाठ प्रवेश

तलका संरचनामध्ये तपाईं कुन संरचना मनपर्छ ? किन ? कक्षामा छलफल गर्नुहोस् :







# परम्परागत तथा आधुनिक निर्माण

बाटो, पुल, घर, सपिङ सेन्टर जस्ता संरचना निर्माण र नापजाँच गर्ने कार्य निर्माण व्यवसायसँग सम्बन्धित छ । परम्परागत रूपमा पनि घर, दरबार, बाटो, धारो, चौतारो जस्ता निर्माण कार्य हुने गर्दथे । हिजोआज भने बिजुली उत्पादन गर्ने ड्याम, सुरुङ र टावरको डिजाइन र नापजाँच गर्ने कार्यलाई यसअन्तर्गत राखिन्छ । मेकानिकल तथा कम्प्युटर इन्जिनियरिङ पनि निर्माण व्यवसायसँग सम्बद्ध छन् । हिजोआज आधुनिक निर्माण प्रर्वत्तिसँग हाम्रा परम्परागत र स्थानीय निर्माण अभ्यास पनि निकै लोकप्रिय भइरहेका छन् ।



आधुनिक निर्माणको डिजाइनको विकासका लागि विशेष योगदान रहेको छ । नदीमा ठुलठुला पुल निर्माण आधुनिक निर्माण व्यवसायकै देन हो । यस ठुला ठुला निर्माणको दिगोपन, भार वहन, भूकम्प वहन लगायतका क्षमता सुनिश्चित गर्छन् ।



घर तथा ठुल्ठुला भवनहरूको भित्री संरचना र यसको सुन्दरतासँग बढी केन्द्रित हुन्छ । यसर्थ साधारण घरहरूको डिजाइनदेखि ठुलठुला महल र सपिङ सेन्टरहरूको डिजाइन गर्ने गरिन्छ । यस्तो ठिजाइन गर्ने व्यक्तिलाई आर्किटेक्ट भनिन्छ । आर्किटेक्टले घर, दरबार, महल र कार्यालयको डिजाइन गर्छन् । आर्किटेक्टले मौलिक कला, कौशल र संस्कृतिलाई उपयोग गर्छन् । यसो गर्दा मौलिकताको संरक्षण र संवर्धन हुन्छ । यसर्थ ऐतिहासिक संरचनालाई संर क्षण गरी आधुनिक निर्माणको विकासमा आर्किटेक्टको योगदान रहेको छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

निर्माण व्यवसायसँग आर्थिक क्षेत्रले प्रमुख भूमिका खेल्दछ । अतः यस क्षेत्रमा स्रोत व्यवस्थापन र त्यसको परिचालन तथा आर्थिक कार्य प्रभावकारी ढङ्गबाट सम्पादन गर्नुपर्छ । अर्थ क्षेत्रको नियमित, नियम सङ्गत र सुचारु ढङ्गले व्यवस्थापन गर्न सके मात्र निर्माण व्यवसाय सुचारु हुन सक्छ । व्यवसायको लक्ष्यअनुरूप व्यवसाय सञ्चालन, प्रचलित कानुनअनुसार नियमन तथा नियन्त्रण गर्नु नै निर्माण व्यवसायीको प्रमुख चुनौती हो । आर्थिक कारोबार हुने क्षेत्रमा वित्त व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण मानिन्छ । यदि यसो गर्न नसकिएमा भ्रष्टाचार मौलाउँछ । कार्यले गुस्तरीयता पाउँदैन । कार्य सम्पन्न गर्न पनि लामो समय लाग्न सक्छ । व्यवसायमा परिचालित समग्र जनशक्ति, स्रोत र साधनको समुचित प्रयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्नु नै निर्माण व्यवसायीको पहिलो जिम्मेवारी हो ।



निर्माण व्यवसायीले योजना गरेअनुसारका कार्यहरू गर्नुपर्ने हुन्छ । मानव

स्रोतलाई सही रूपले परिचालन, कार्य सम्पादन, आवश्यक सामग्रीको सङ्कलन, खरिद जस्ता जिम्मेवारीपनि निर्माण व्यवसययीको हुन्छ। यसैले निर्माण व्यवसाय क्षेत्र संवेदनशील क्षेत्र पनि हो भन्न सकिन्छ। यस क्षेत्रमा पालना गरिने आर्थिक अनुशासनले व्यवसायको सफलता वा असफलताको प्रतिबिम्बन गर्छ।

## अभ्यास

(क) निर्माण व्यवसायीले के के काम गर्छन् ?

(ख) आर्किटेक्ट हाम्रो मौलिकतालाई कसरी संरक्षण गर्न सक्छन् ?

(ग) निर्माण व्यवसायीले सचेत हुनुपर्ने प्रमुख क्षेत्र कुन हो ?

(घ) तपाइँलाई परम्परागत निर्माण शैली मन पर्छ कि आधुनिक ? कारणसहित आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

## क्रियाकलाप

१. नगरपालिकामा सम्पर्क गरी हाल नगरपालिका क्षेत्रभित्र भइरहेका निर्माण व्यवसायको अभिलेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।

२. तपाईंले पुन:निर्माण गर्न चाहनुभएको तपाईंको बस्तीको खाकालाई चित्रमा उतारी प्रदर्शन गर्नुहोस्।

३. तपाईंको विद्यालय र आवासको मौलिक आर्किटेक्ट गर्न चाहेको ढाँचा खोज्नुहोस् वा चित्रद्वारा व्यक्त गर्नुहोस् र यसका लागि आवश्यक सामग्री पहिचान गर्नुहोस्।

पाठ २३

# सार्वजनिक सेवा

## पाठ प्रवेश

तलका कहाँको होला ? चित्रमा कसले के गरिरहनुभएको होला ? कक्षामा छलफल गर्नुहोस् :










निर्धारित समयमा सरकारी तहबाट प्रवाह हुने अवसर, सुविधा लगायतका सेवाप्रवाहलाई सार्वजनिक सेवाप्रवाह भनिन्छ । नेपालको सन्दर्भमा सार्वजनिक सेवाप्रवाह क्षेत्र अत्यन्तै विशाल एवम् महत्त्वपूर्ण सेवा क्षेत्र हो । शिक्षा, स्वास्थ्य, पर्यटन, सुरक्षा, न्याय, वाणिज्य आदि सार्वजनिक सेवाका प्रमुख क्षेत्रहरू हुन् । यसकारण सार्वजनिक सेवा उपलब्ध गराउनका लागि विभिन्न तह, निकाय, कार्यालय, पद र हैसियतका सेवा प्रदायकहरू सक्रिय रहने गर्छन् ।

सार्वजनिक सेवाप्रवाह सरकारी, अर्ध सरकारी र गैर सरकारी कार्यालय वा सङ्घ संस्थाबाट हुने गर्दछ । यस्ता कार्यालय वा संस्थामा विभिन्न तहका पेसाकर्मी, कार्यालय प्रमुख जस्ता पदमा रही सार्वजनिक सेवाप्रवाह गरिरहेका हुन्छन् । उदाहरणका लागि हाम्रो नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा शिक्षा, स्वास्थ्य, प्रशासनलगायतका क्षेत्रमा काम गरिरहेका छन् । खानेपानी संस्थान, दूर सञ्चार, विद्युत् प्राधिकरणलगायत सेवा क्षेत्रसम्बद्ध काम पनि भइरहेका छन् । यस नगरको शान्ति सुरक्षको प्रमुख जिम्मेवारी नगरप्रहरीबाट हुँदै आएको छ ।



कागेश्वरी मनोहरा नगरपालिकामा विभिन्न विभाग र शाखाहरूबाट सार्वजनिक सेवाप्रवाह हुन्छ । आम सर्वसाधारणलाई सेवाप्रवाह लिन र दिन सजिलो होस् भनी यसो गरिन्छ । शाखाहरूमा काम गर्नका लागि विभिन्न तह र सेवा क्षेत्रकाहरूको कर्मचारी खटाइएको हुन्छ । आफ्नो शाखासँग सम्बन्धित सेवा प्रभावकारी ढङ्गले प्रवाह गर्नु नै खटिएका कर्मचारी पहिलो कर्तव्य हो ।

सार्वजनिक सेवाप्रवाहलाई सुचारु गर्न नगरकार्यपालिका तथा वडा कार्यालयहरूमा विभिन्न जिम्मेवारीका साथ कर्मचारी खटिएका हुन्छन् । उनीहरूले राजनीतिक नेतृत्वसँग समन्वय गरी प्रचलित कानुन पालना गर्ने गर्छन् ।

जिल्ला तहमा सार्वजनिक सेवाप्रवाह गर्न जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी नियुक्त हुन्छन् । त्यस्तै जिल्लामा हुने शिक्षासम्बन्धी कार्यको नेतृत्व गर्न जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ प्रमुखको व्यवस्था गरिएको छ । जिल्ला अदालतमा जिल्ला न्यायाधीश कार्यालय प्रमुखका रूपमा कार्यरत रहन्छन् ।



प्रशासकीय प्रमुख तथा कार्यालय प्रमुखको जिम्मेवारी भनेको त्यस कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवा पारदर्शी ढङ्गले प्रवाह गर्न सहजीकरण गर्नु नै हो । यसका लागि कार्यालय प्रमुखले सेवा प्रवाह योजना विकास गर्नुपर्छ । आर्थिक स्रोतको व्यवस्थापन तथा न्यायोचित वितरण गर्नुपर्छ । कार्यालयमा उपलब्ध जनशक्तिको उचित परिचालन गर्नुपर्छ ।

कतिपय अवस्थामा सेवा प्रवाहको प्रक्रिया पनि फरक फरक हुन सक्छ । केही सरोकारवाला आफूले प्राप्त गरिरहेको सेवाभन्दा फरक ढङ्गले सेवा प्राप्त गर्न चाहन्छन् । कानुन, परिवेश तथा वातावरण अनुमति दिएमा रुचि र क्षमता कर्मचारीले सेवा प्रवाको ढाँचा परिवर्तन गर्न सक्छन् ।

**सेवा प्रवाह गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् :**

(क) आफूले सेवा प्रवाह गर्न लागेको क्षेत्रमा आफ्नो रुचि हुनुपर्छ ।

(ख) सेवा प्रवाह गर्दा आफ्नो ज्ञान, सिप र दक्षताका साथै प्रचलितक कानुन तथा आर्थिक अवस्थामा ध्यान दिनुपर्छ ।

(ग) सेवा प्रवाह यस्तो किसिमको हुनुपर्छ जसमा निरन्तर रूपमा संलग्न हुन सकियोस् र त्यसबाट सकारात्मक ऊर्जा प्राप्त हुन सकोस् ।

(घ) आफूसँग भएका विभिन्न विकल्पमध्ये अधिकतम फाइदाजनक लागेको सेवा प्रवाह विधिलाई अवलम्बन गर्नुपर्छ ।

## अभ्यास

(क) सार्वजनिक सेवा प्रवाहका क्रममा सम्बन्धित कर्मचारी प्रमुख जिम्मेवारी के हुन सक्छन् ?

(ख) सार्वजनिक सेवाप्रवाहमा सहजता ल्याउन नगरपालिकाले कस्तो रणनीति अपनाएको छ ?

(ग) नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत भूमिका किन महत्त्वपूर्ण छ ? आफ्नो तर्कसमेत समेटी कारण प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

१. नजिकको सरकारी वा वडा कार्यालयमा गई त्यहाँ कुन कुन तहको योग्यता पूरा गरेका कर्मचारीहरूले कुन कुन पदमा बसी काम गरिरहेका छन् ? पद र योग्यताको सम्बन्ध देखिने तालिका तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईं भविष्यमा सार्वजनिक सेवामा संलग्न हुनुभयो भने सेवाप्रवाह सरल र प्रभावकारी बनाउन कस्ता योजना बनाई लागु गर्नुहुन्छ ? कारणसहित योजना बनाउनुहोस् र कक्षामा वा अभिभावकलाई सुनाउनुहोस् ।

पाठ २४ सिलाइ, कटाइ र बुनाइ अभ्यास

## पाठ प्रवेश

तलका चित्रमा जस्तै तपाई सिलाइ, कटाइ र बुनाइ अभ्यास गर्नुभएको छ ? छ भने आफ्नो अनुभव कक्षामा सुनाउनुहोस्







# टेलरिङ अभ्यास

सिलाइ सिप सिक्नु महत्त्वपूर्ण छ किनभने तिनीहरूले हामीलाई हाम्रो राम्रो देखिन सहयोग गर्छन् । यदि हामीसँग सामान्य टेलरिङ सिप भएमा हामीले पसलबाट खरिद गरिएका लुगाहरूलाई फिट हुने गरी परिवर्तन गर्न सक्छौँ । हामी आफैँले हाम्रो व्यक्तिगत शैली झल्काउने अनुकूलन पोसाकहरू सिर्जना गर्न सक्छौँ । वास्तवमा भन्नुपर्दा हामी परावलम्बीभन्दा स्वावलम्बी हुने अभ्यास हो । जातिवादी सिप विरुद्धको क्रान्तिकारी अभ्यास पनि हो । यो पेसागत दक्षताको विकल्प र पूर्वाधार पनि हो ।



**प्रयोगात्मक अभ्यास – शरीरको नाप**

आफ्नो साथीको अनुमति लिएर उसको शरीरको नाप लिऔँ । यसका लागि विशेष गरी घाँटी, छाती, कम्मर, हिप र तिघ्राको घेरा नापौँ । घुँडाभन्दा माथि घेराका साथै घुँडा, पिँडौला र गोलीगाँठाको घेराको नाप लिऔँ । शरीर, खुट्टा, हात र काँधको लम्बाइ लिऔँ । साथीलाई पनि आफ्नो लिन लगाऔँ र यसलाई पूर्वनिर्मित र नयाँ सिलाउने क्रममा उपयोग गरौँ ।

कुनै पनि नयाँ लुगाको नापअनुसार गर्नुपूर्व कागजमा चित्र बनाई त्यसको कटिङ अभ्यास गरौँ । तपाई यसलाई विभिन्न डिजाइन बनाउने अभ्यास पनि गर्न सकिन्छ । यस्तो अभ्यासमा नमुना कटिङ गरिएका कपडामा सिउने भाग छ कि छैन भनी कपडा काट्नुभन्दा पहिले नै विचार पुऱ्याउनुपर्छ । घट्ने, खुम्चने खालका कपडा छ भने पानीमा भिजाई सुकाएर मात्र सिलाउनुपर्छ ।

**प्रयोगात्मक अभ्यास – कटाइ**

खेर जाने पुरानो कपडा छनोट गर्नुहोस् र त्यसलाई चक अथवा पेन्सिलले नापअनुसार चिह्न लगाऔँ र कटिङ अभ्यास गरौँ ।

हाम्रा परम्परागत पहिरनमा तुना तथा टाँक लगाउने चलन मौलिक हो । पहिरनमा तुना वा टाँक राखी त्यसमा एकोहोरो र दोहोरो हुने गरी सिलाइन्छ । तुनाभन्दा टाँकको सिलाइमा गरिन्छ किनभने टाँकको साइज हेरेर टाँक घर बनाउनुपर्छ । तर तुनामा त्यस्तो गर्नुपर्दैन ।

**प्रयोगात्मक अभ्यास – टाँकघर निर्माण**

तोकिएको कपडामा यसलाई टाँकको आकारअनुसार काटी दुवैपट्टि धागाले सिलाऔँ । यस क्रममा छेउमा पुगेपछि गोलो सिलाऔँ ।

उहारणमा हामीले लिएको कपडा पुरानो भएकाले यसमामा साना प्वाल परेको वा च्यातिएको भाग हुन सक्छ । यसलाई उस्तै रङको कपडाले मिलाएर सिलाइन्छ । यसरी प्वाल छोप्ने तरिकालाई रफ्फु गर्ने भनिन्छ । रफ्फु नयाँ वा पुरानो दुवै कपडामा गरिन्छ । बाक्लो कपडामा रफ्फु गर्न कठिन हुन्छ । सामान्यतया चौडाइपट्टि रफ्फु गर्नुपर्ने भएमा लम्बाइतिर र लम्बाइतिर रफ्फु गर्नुपर्ने भएमा चौडाइतिरको धागो निकाली रफ्फु गरिन्छ । रफ्फु गर्दा छोटो सियो र धागाको प्रयोग गर्नुपर्छ ।



## अभ्यास

(क) भोटो सिलाउनका लागि कुन कुन अङ्ग नाप्नुपर्छ रु

(ख) तुनाको आवश्यकता किन पर्छ ?

(ग) टाँकघर भनेको के हो र यो कसरी बनाइन्छ ?

## प्रयोगात्मक क्रियाकलाप

१. कक्षाका साथी ससानो समूह बनाई आआफ्नो सांस्कृतिक वा राष्ट्रिय पोसाकमध्ये कुनै एकको नमुना कटिङ गरी तयार पार्नुहोस् ।

२. कुनै एउटा पुरानो कपडामा सियो र धागाको सहयोगले आफूलाई मन परेको आकारमा रफ्फु गरी वा टाली शिक्षकलाई देखाउनुहोस् ।

पाठ **२५**

# स्थानीय प्रविधि

## पाठ प्रवेश

**दिइएको अनुच्छेद पढ्नुहोस् र साथीसाग छलफल गर्नुहोस् –**



मौलिक तथा रैथाने प्रचलनमा आधारित ज्ञान र सिपले परम्परागत रूपमा सञ्चालित प्रविधिलाई स्थानीय प्रविधि भनिन्छ। मौलिक प्रचलनमा पनि वैज्ञानिक अवधारणा रहेको हुन्छ। यिनमा सामाजिक उत्तरदायित्वको सोच र वातावरणमैत्री अभ्यास रहेका हुन्छन् । ठेकी र मदानी प्रयोग गरी दहीबाट नौनी निकाल्ने प्रविधि हाम्रा प्राचीन प्रविधिको उदाहरण हो । ठेकी मदानी प्रविधिमा घुमाइबाट गति उत्पन्न गरिन्छ र त्यही गतिका आधारमा उत्पादनको सुनिश्चितता गरिन्छ। डोरीलाई लिभर घुमाउने साधनका रूपमा प्रयोग गरिन्छ । यसमा डोरीले तान्ने र छोड्ने गर्दा मदानी घुमी गति निस्कन्छ। यस प्रक्रियाले नौनी निकाल्छ। यो परम्परागत रूपमा चलेको प्रविधि हो । जमिन जोत्ने हलो तथा जुवा, कुलो बनाउने स्थानीय शैली, सेलरोटी, यो मरी जस्ता मौलिक खाद्य परिकार, भकारीमा भण्डारण गर्ने जस्ता कार्यका लागि पनि सथनीय ज्ञान वा प्रविधि उपयोगी हुन सक्छन् । साथै घर बनाउने, पुल बनाउने, डोरी बाट्ने लगायतका कार्य पनि स्थानीय स्तरका प्रविधि हुन् । यस्तै पिस्नका लागि जाँतो, कुट्नका लागि ढिकी, तेल निकाल्नका लागि कोल पनि स्थानिय स्तरका प्रविधि हुन् ।

के हामीसँग यस्तै अन्य स्थानीय प्रविधि पनि छन् ? खोजौँ त ।

# आधुनिक प्रविधिमा मौलिक प्रविधि

प्यारा विद्यार्थी भाइबहिनीहरू ! आउनुहोस् सबैले आज पावर प्वाइन्ट बनाउन सिकौँ ।

**पानीघट्टका बारेमा जानकारी र चित्र खोजी गरौँ, जस्तै :**



- घट्ट पानीको गतिले सञ्चालित हुने प्रविधि,
- नदी वा खोलाबाट कुलो बनाई पानी केही दुरीमा लगिने,
- त्यसबाट एउटा डुढ राखी पानीलाई छाँगो जस्तै तल खसालिने,
- खसालिएको पानीको धारले काठबाट बनेको चक्कामा हिर्काई गति पैदा गर्ने,
- गति जाँतामा सोझै जोडिने र यसले अन्न पिस्ने
- तयार पारिएका बुँदा टाइप गर्नुहोस् ।



त्यसलाई शिक्षकको सहयोगमा चित्र र बुंदालाई पावर प्वाइन्ट प्रस्तुतिमा राख्नुहोस् ।



यसपछि लोहोरो र सिलौटो चित्र र त्यसका बारेमा खोजी पहिलो जस्तै स्लाइड बनाउनुहोस् ।



परम्परागत भट्टीको चित्र खोजी र त्यसका बारेमा बुँदा तयार पार्नुहोस् । अघिल्ला जस्तै स्लाइड बनाउनुहोस् ।

यसै गरी हलोजुवालगायत अन्य स्थानीय प्रविधिका बारेमा जानकारी सङ्कलन गरी कक्षामा पीपीटी प्रस्तुति गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंका नगरपालिकामा सञ्चालन हुँदै आइरहेका स्थानीय स्तरका प्रविधिहरू के के छन्, सूची बनाउनुहोस् ।

२. आफूले देखेको पानीघट्ट वा युट्युबलगायतका सूचना प्रविधिका माध्यमको उपयोग गरी पानीघट्टका बारेमा मौलिक शब्दमा वर्णन गर्नुहोस् ।

**वन्दना**

**भारं वहति सर्वेषां द':खं नयति दूरताम् ।**

**अक्ते निधाय या पाति वन्दे तां काश्यपीं सदा ॥१॥**

या सर्वेषां जनानां भारं वहति तेषां दुःखं च दूरम् अपसारयति, स्वस्य अङ्के निधाय अस्मान् सर्वान् रक्षति, तां पृथ्वीं सदैव अभिनन्दामि ।


**नमामि भारतीं देवीं ज्ञानसिन्ध'प्रवाहिणीम् ।**

**यस्याः कृपांशलाभेन मन्दधीश्च भवेद् ब'धः ॥२॥**

ज्ञानसिन्धुप्रवाहिणीं भारतीं देवीं नमामि यस्याः देव्याः कृपायाः अंशस्यैव लाभेनापि मन्दमतिः विद्वान् भवेत् ।




# वनस्पतिबोधकाः शब्दाः























छदनम्
पलाशम्
दलम्
पर्णम्
पत्रम्


कुसुमम्
पुष्पम्
सुमम्
प्रसूनम्
सुमनः



बिल्वः
मालूरः
शाण्डिल्यः
श्रीफलम्
शैलूषः


छत्रम्
छत्राकम्
कवकम्
स्वेदजम्



न्यग्रोधः
बहुपादः
वटः



पिच्छिला
स्थिरायुः
पूरणी
शाल्मलिः
मोचाः



सेवम्
सेवि
सेवितम्
सिञ्चितिकाफलम्
बदरम्


शतपर्विका
सहस्रवीर्या
अनन्ता
दूर्बा
ऋद्धा
भार्गवी


मस्करः
कर्मारः
तेजकः
वेणुः
यवफलः
वंशः


ताम्बूली
पर्णिका
नागिनी
पर्णवल्लरी
सप्तशिरा
ताम्बूलवल्ली


अरविन्दम्
सरोजम्
महोत्पलम्
कमलम्
राजीवम्
पद्मम्


वृन्दावनी
वैष्णवी
वृन्दा
हरिप्रिया
सुरसमञ्जरी
तुलसी

## अभ्यास

१. **वन-वृक्ष-वट-बिल्व-दूर्वा-वंश-तुलसीबोधकानां शब्दानां पर्यायान् वाचयत ।**

२. **शुद्धोच्चारणं कुरुत**

व्रततिः, प्रसूनम्, न्यग्रोधः, सहस्रवीर्या, सिञ्चितिकाफलम्, राजीवम् ।

३. **प्रतिशब्दं द्वौ पर्यायौ वदत**

वृक्षः, बिल्वः, शाल्मलिः, छत्राकम्, कमलम्, कण्टकिफलः, तुलसी, सेवितम् ।

४. **शब्दार्थान् कथयत**

तरुः, सुमम्, ताम्बूवल्ली, स्थूलफलः, राजीवम्, वैष्णवी, बदरम् ।

५. **फलदायिनां वनस्पतीनां नामानि वदत**

आम्रः, अनन्ता, वंशः, श्रीफलम्, सुभगा, वटः, पनसः, सेवि ।

६. **रिक्तस्थानस्य पदं कथयत**

(क) पादपस्य पर्यायः ...... वर्तते । (तरुः/पत्रम्)

(ख) पुष्प-कुसुमयोः ..... अर्थः भवति । (भिन्नः/समानः)

(ग) दुर्वा ....... अपि कथ्यते । (भार्गवी/वृन्दा)

(घ) वल्ली व्रततिश्च .......... पर्यायौ स्तः । (वंशस्य/लतायाः)

(ङ) पनसस्य अपरं नाम ....... वर्तते । (अब्जम्/अपुष्पः)

(च) तुलसी ....... भवति । (रोगनाशिनी/वृक्षरूपा)

७. **अधोलिखितम् अनुच्छेदं पठित्वा प्रश्नान् उत्तरयत**

हिमालयस्य दक्षिणभागे अवस्थितो नेपालः प्राकृतिकसांस्कृतिकदृष्ट्या जगत्येव प्रसिद्धो वर्तते। अत्र बहूमूल्यानि मूलौषधानि प्राप्यन्ते। हिमालयीयप्रदेशेषु

पर्वतीयभूभागेषु च इमानि औषधानि विकीर्णानि सन्ति । स्वच्छपर्यावरणे समुद्भूतानि एतानि औषधानि विक्रीय वयं राष्ट्रं धनि कर्तुं शक्नुमः । एतादृशानि औषधानि राष्ट्रस्य सम्पत्तयः वर्तन्ते । राष्ट्रियसम्पत्तीनां संरक्षणेन सदुपयोगेन च राष्ट्रस्यैव सेवा भवति । हिमालयस्य अङ्के स्वच्छं जलं सततं प्रवहति । जलमेतत् स्वच्छं पेयं पुष्टिकरं च वर्तते । एतस्य सदुपयोगेन अस्माकं न केवलं स्वास्थ्यम् अपितु अर्थतन्त्रं च सबलं भविष्यति । अत्र राष्ट्रेण ध्यानं प्रदातव्यम् । नेपालस्य हितं तदैव भवति ।

**प्रश्नाः**

(क) औषधानि कुत्र सन्ति ?

(ख) राष्ट्रं कथं धनि भवति ?

(ग) राष्ट्रसेवा कदा भवति ?

(घ) स्वच्छं जलं कुत्र प्रवहति ?

(ङ) राष्ट्रेण कुत्र ध्यानं प्रदातव्यम् ?

८. **कोष्ठकात् पर्यायं लिखत**

(क) काननम् ............ (तरुः / चूतः / अरण्यम्)

(ख) प्रसूनम् ......... (श्रीफलम् / पलाशम् / सुमम्)

(ग) अनन्ता ......... (रुहा / पूरणी / पर्णम्)

(घ) सप्तशिरा ....... (पर्णिका / पनसः / तुलसी)

(ङ) वंशः ........... (नागिनी / कर्मारः / स्वेदजम्)

(च) बदरं विपण्यां ........ । (विक्रीयते / निन्द्यते)

९. **स्वगृहं विद्यालयं वा परितः विद्यमानानां वनस्पतीनां नामानि विलिख्य कक्षायां श्रावयत ।**

१०. **शिक्षकस्य अभिभावकस्य वा सहयोगेन तुलसीपत्रस्य महत्त्वं प्रदर्श्य अनुच्छेदमेकं लिखत ।**

११. **विद्यालयस्य प्राङ्गणे कस्य वनस्पतेः रोपणम् उचितं भवतीति विषये परस्परं परिचर्चां कृत्वा प्रधानाध्यापकं परामृशत ।**

पाठ २७

# नीतवचनानि

**कीटोऽपि सुमनः सङ्गादारोहति सतां शिरः ।**
**अश्मापि याति देवत्वं महद्भिः सुप्रतिष्ठितः ॥१॥**
**काचः काञ्चनसंसर्गाद् धत्ते मारकतीं द्युतिम् ।**
**तथा सत्सन्निधानेन मूर्खो याति प्रवीणताम् ॥२॥**
**सज्जनानां प्रियं शीलं सत्यं शीलवतां प्रियम् ।**
**सत्यनिष्ठावतां नित्यं राष्ट्रमेवाधिकं प्रियम् ॥३॥**
**हिमशैलादिभी रम्यां नदी–तीर्थस्थलैर्य'ताम् ।**
**वीर–वीराङ्गनापूर्णां नौमि नेपालमातरम् ॥४॥**

१.

**अन्वयः**

सुमनःसङ्गाद् कीटः अपि सतां शिरः आरोहति । महद्भिः सुप्रतिष्ठितः अश्मापि देवत्वं याति ।

**सरलार्थः**

क्षुद्रप्राणी कीटोऽपि पुष्पैः सह सम्पर्कस्य कारणात् सज्जनानां शिरः आरोहति । महद्भिर्जनैः प्रतिष्ठापितां प्रपूजितां च शिलां देवं मत्वा जनाः पूजयन्ति । सत्सङ्गतेः परिणामः सदैव सम्मानजनको भवति ।

२

**अन्वयः**

काञ्चनसंसर्गाद् काचः मारकतीं द्युतिं धत्ते, तथा सत्सन्निधानेन मूर्खो प्रवीणतां याति ।

**सरलार्थः**

काचः अपि सुवर्णस्य संसर्गात् चन्द्रमणेरिव प्रकाशं विस्तारयति । एवमेव मूर्खोऽपि सज्जनैः सह सङ्गतिं विधाय कार्येषु विद्यायां च दक्षतां प्राप्नोति ।

३.

**अन्वयः**

सज्जनानां शीलं प्रियम्, सत्यं शीलवतां प्रियम्, सत्यनिष्ठावतां नित्यं राष्ट्रम् एव अधिकं प्रियम् ।

**सरलार्थः**

सज्जनानां कृते शीलं प्रियं भवति । शीलवतां च प्रियं सत्यं भवति । सत्यनिष्ठायां प्रतिबद्धानां जनानां कृते तु नित्यं सर्वाधिकं प्रियं राष्ट्रमेव भवति नान्यत् ।

४.

**अन्वयः**

हिमशैलादिभिः रम्याम्, नदी - तीर्थस्थलैर्यंताम्, वीर वीराङ्गनापूर्णां नेपालमातरं नौमि ।

**सरलार्थः**

हिमशैलादीनां कारणाद् रमणीयां नदीभिः तीर्थस्थलैश्च सहितां वीरैः वीराङ्गनाभिश्च परिपूर्णां नेपालमातरं नमामि ।

## अभ्यास

१. **शिक्षकात् श्लोकानां वाचनं निशम्य अनुवाचनं कुरु ।**

२. **शुद्धोच्चारणं कुरुत**

सुप्रतिष्ठितः, सत्सन्निधानेन, प्रवीणताम्, राष्ट्रमेवाधिकम्, रम्याम्, वीर-वीरङ्गनापूर्णाम् ।

३. **श्लोकांशान् संयोज्य वाचयत**

| **'अ' खण्डः** | **'आ' खण्डः** |
|---|---|
| (क) कीटोऽपि सुमनःसङ्गात् | (क) मूर्खो याति प्रवीणताम् |
| (ख) तथा सत्सन्निधानेन | (ख) सत्यं शीलवतां प्रियम् |
| (ग) अश्मापि याति देवत्वम् | (ग) धत्ते मारकतीं द्युतिम् |
| (घ) काचः काञ्चनसंसर्गाद् | (घ) राष्ट्रमेवाधिकं प्रियम् |
| (ङ) सज्जनानां प्रियं शीलम् | (ङ) आरोहति सतां शिरः |
| (च) सत्यनिष्ठावतां नित्यम् | (च) महद्भिः सुप्रतिष्ठितः |

४. **एकवाक्येन उत्तरयत**

(क) कीटः कथं सतां शिरः आरोहति ?

(ख) को देवत्वं याति ?

(ग) मूर्खः प्रवीणतां कथं याति ?

(घ) शीलवतां प्रियं किम ?

(ङ) केषां कारणाद् नेपालमाता रम्या वर्तते ?

(च) नेपालमाता काभिः परिपूर्णा अस्ति ?

५. **अधस्तनं श्लोकद्वयं पठित्वा प्रश्नान् उत्तरयत**

पृथिव्यां त्रीणि रत्नानि जलमन्नं सुभाषितम् ।
मूढैः पाषाणखण्डेषु रत्नसंज्ञा विधीयते ॥
वरं गहनदुर्गेषु भ्रान्तं वनचरैः सह ।
न दुष्टजनसम्पर्कः सुरेन्द्रभवनेष्वपि ॥

(क) त्रीणि रत्नानि कानि ?

(ख) रत्नसंज्ञा कैः कुत्र विधीयते ?

(ग) कैः सह भ्रान्तं वरं भवति ?

(घ) किं कार्यं वरं न भवति ?

(ङ) 'सुरेन्द्रभवनेषु' पदस्य कोऽर्थः ?

६. **अधोलिखितं गद्यखण्डं पठित्वा श्रावयत**

नेपाले बहोः कालात् संस्कृतविद्यायाः प्रयोगप्रचारप्रसाराः विधीयमानाः सन्ति । संस्कृते शास्त्राणि काव्या निच लिखितानि । लिच्छविकालादेव प्रचलिते संस्कृते मल्लकाले बहूनि काव्यानि नाटकानि च विरचित ानि । ततोऽपि काव्यरचनाक्रमः सततमचलत् । सुकृतिदत्तपन्त - छविलालसूरि-कृष्णप्रसादघिमिरे-भीमकान् तपन्थिप्रभृतयः कवयः संस्कृतमहाकाव्यानि अलिखन् । साम्प्रतमपि संस्कृतस्य काव्यानि स्फुटपद्यानि च लख्यमानानि सन्ति । क्रमोऽयं पश्चादपि चलिष्यति । विद्वदभिः संस्कृतं सत्कृतं वर्तते ।

७. **असमीचीनकथनं संशोध्य अभ्यासपुस्तिकायां लिखत**

(क) कीट उड्डयनेन सतां शिरः आरोहति ।

(ख) अश्मा मानवत्वं प्राप्नोति ।

(ग) काचः कस्यापि सहयोगं विना मारकतीं द्युतिं धत्ते ।

(घ) सज्जनानां प्रियं किमपि नास्ति ।

(ङ) नेपालमाता सागरैः परिवेष्टिता वर्तते ।

८. **पर्यायान् लिखत**

| | |
|---|---|
| (क) शिरः | (मस्तकम् / केशाः) |
| (ख) द्युतिः | (वायुः/प्रकाशः) |
| (ग) मूर्खः | (सुधीः / शठः) |

(घ) सत्यम् (ऋतम् / सौन्दर्यम्)

(ङ) हिमम् (पङ्कजः /तुषारः)

९. **राष्ट्रभक्तानां विशेषताः विलिख्य कक्षायां प्रदर्शयत**

यथा - (क) राष्ट्रस्य निःस्वार्थं सेवा

(ख) राष्ट्रस्य विधेः पालनं संरक्षणं च

(ग) राष्ट्रसङ्कटे बलिदानाय तत्परता

१०. **'सत्सङ्गतेः परिणामः' इति विषयमवलम्ब्य कक्षायां वक्तृत्वकलाकार्यक्रमम् आयोजयत ।**

११. **शिक्षकस्य अभिभावकस्य वा सहायतया नेपालस्य कस्यापि राष्ट्रभक्तस्य वीरस्य विषये अधीत्य एकम् अनुच्छेदं लिखत ।**

## पाठ २८ पुस्तकप्रेषणाय अनुरोधः

रामजानकीपुस्तक- मन्दिरम् जनकपुरधाम ।

दिनांक : २०८० /०९/१५

श्रीमन्तः प्रबन्धकमहोदयाः,

..... पुस्तकगृहम्, काष्ठमण्डपः ।

विषयः पुस्तकप्रेषणम् ।

महोदयाः,

एतदवगत्य भवतां परमा प्रसन्नता भविष्यति यद् अस्माकं पुस्तकमन्दिरेण नेदीयसि एव भविष्ये धार्मिकपुस्तकविक्रयकक्षः सञ्चालयिष्यते । अत्रत्यानां स्थानीयवासिनां याचनायाम् अनुरोधे चासौ कक्षः सञ्चालयिष्यमाणो वर्तते । भवन्तो जानन्ति एवेति यद् अत्र विविधानां धार्मिकसमुदायानां नवासोति । धार्मिकक्षेत्रस्य कारणादपि अत्र धार्मिकपुस्तकानां चिराय अत्यावश्यकता अनुभूयमाना वर्तते । एतस्याः आवश्यकतायाः परिपूर्तये भवन्तः अधोलिखितानि पुस्तकानि प्रेषयन्तु इति अनुरुणध्मि । पुस्तकानां मूल्यस्य प्रयोजनाय रूप्यकाणां दशसहस्राणां वित्ताङ्कनपत्रं च अनेनैव पत्रेण सह प्रेषितं वर्तते । रूप्यकेषु न्यूनेषु अधिकेषु वा सत्सु पश्चात् मूल्यसंयोजनं भविष्यति त निश्चिनोमि । कृपया अभियाचितानि पुस्तकानि द्रुतसाधनेन शीघ्रं प्रेषयन्तु इति भवन्तः प्रार्थयन्ते ।

**पुस्तकविवरणम्**

| **क्र. सं.** | **पुस्तकनामानि** | **सङ्ख्या** |
|---|---|---|
| १. | श्रीमद्भागवतमहापुराणम् | ५ |

| | | |
|---|---|---|
| २. | श्रीमद्भगवद्गीता | १० |
| ३. | श्रीमद्रामचरितमानसम् | १० |
| ४. | श्रीस्वस्थानी व्रतकथा | १० |
| ५. | वेदान्तसारः | ५ |
| ६. | एकादशीमाहात्म्यम् | १० |
| ७ | सङ्क्षिप्तरामायणम् | ८ |
| ८. | सङ्क्षिप्तमहाभारतम् | ८ |

भावत्कः

................

प्रधानाध्यापकः

## अभ्यास

१. **एकः छात्रः पाठस्य वाचनं कुरु, अन्ये सावधानतया शृणुत ।**

२. **शुद्धोच्चारणं कुरुत**

विक्रयकक्षः, अत्रत्यानाम्, धार्मिकक्षेत्रस्य, अत्यावश्यकता, परिपूर्तये, प्रेषयन्तु, अनुरुणध्मि, वित्ताङ्कनपत्रम्, निश्चिनोमि, द्रुतसाधनेन ।

३. **एकैकं वाक्ये उत्तराणि कथयत**

(क) नेदीयसि एव कः सञ्चालयिष्यते ?

(ख) स्थानीयवासिनां याचना कास्ति ?

(ग) धार्मिकसमुदायानां निवासः कुत्रास्ति ?

(घ) पुस्तकानां कृते कति मूल्यं प्रेषितं वर्तते ?

(ङ) प्रसन्नतायाः विषयः कः ?

४. **अधोलिखितस्य गद्यभागस्य सस्वरपठनं कृत्वा प्रश्नान् उत्तरयत**

नेपाले नैकविधानि सांस्कृतिकानि पौराणिकानि च क्षेत्राणि सन्ति । तानि अस्माकं हृदयं गौरवबोधनेन उज्ज्वलितं कुर्वन्ति । एतेषु जनकपुरम् अन्यतमं वर्तते । पुरा विदेहस्य राजर्षेर्जन कस्य राजधानी इयमेव नगरी आसीत् । महर्षेर्याज्ञवल्क्यस्य ज्ञानसाधनायाः भूरपि इयमेव अवर्तत । शस्त्रसन्धानस्य अपेक्षया शास्त्रानुशीलनेन जनकपुरं प्रसिद्धम् आसीत् । रामजानक्योः विवाहस्य कारणादपि भूमिरेषा पुण्यतमा मन्यते । विवाहपञ्चम्यां तु नगरमेतद् दर्शनीयमेव भवति। सीतारामयोः विवाहयात्रायां सहभागिनो भवितुं पारेलक्षं भक्तजनाः नेपालस्य विभिन्नेभ्यः स्थानेभ्यः, भारताच्च अत्र आयान्ति । महोत्सवोऽसौ रामजानक्योः यथार्थविवाहः इव प्रतिभाति । अस्य नगरस्य सुरक्षणं सौन्दर्यवर्धनं च अस्माकं सर्वेषां कर्तव्यं वर्तते ।

(क) कानि अस्माकं हृदयम् उज्ज्वलितं कुर्वन्ति ?

(ख) जनकपुरं कस्य राजधानी आसीत् ?

(ग) महर्षि याज्ञवल्क्यः कुत्र ज्ञानसाधनाम् अकरोत् ?

(घ) जनकपुरस्य पुण्यतायाः कारणं किम् ?

(ङ) जनकपुरं कदा दर्शनीयं भवति ?

(च) अस्माकं कर्तव्यं किम् ?

**५. विपरीतार्थक शब्दान् मेलयत**

| | |
|---|---|
| अरिः | कातरः |
| देवः | शीतलः |
| दयालुः | निशाकरः |
| साहसिकः | क्रूरः |
| उष्णः | मित्रम् |
| दिवाकरः | दानवः |

**६. शब्द प्रयुज्य वाक्यं रचयत**

अवगत्य, परमा, नेदीयसि, याचना, चिराय, परिपूर्तिः, मूल्यम् रूप्यकाणि, कृपया, प्रेषयति

**७. समीचीनकथने 'आम्', असमीचीनकथने च 'न' इति लिखत**

(क) धार्मिकपुस्तकानामपि व्यापारो भवति । ( )

(ख) स्थानीयवासिनः पुस्तकानि नेच्छन्ति । ( )

(ग) जनकपुरं धार्मिकक्षेत्रं वर्तते । ( )

(घ) पुस्तकस्य मूल्यं प्रेषितं वर्तते । ( )

(ङ) पुस्तकानि सुरक्षया स्थापनियानि । ( )

**८. रिक्तस्थानं पूरयत**

(क) पुस्तक .......... भवेत् । ( पठनीयम् / क्रयणीयम्)

(ख) सीतारामयोः विवाहः ........... अभवत् । (जनकपुरे / श्रीपञ्चम्याम्)

(ग) .......... पुस्तकप्रकाशकगृहं वर्तते । (सत्यविद्या / रामजानकी)

(घ) जनकस्य राजधानी ..... आसीत् । (जनकपुरम् / नगरम् )

(ङ) पुस्तकक्रयणाय रूप्यकाणि ..... ...........भवन्ति ।

(आवश्यकानि / अनुचितानि)

(च) ईश्वरे ................ कुरु । (प्रीति, द्वितीया)

९. **अधोलिखितायाः समस्यायाः समाधानाय कः उपायः प्रभावकारी भवति ? निर्दिष्टविधायाम् एकं निदर्शनरूपं लिखत**

विशेषतः ग्रामीणक्षेत्रे वन्यजन्तवः ग्रामीणान् भृशं पीडयन्ति । ते मनुष्यान् घ्नन्ति, गृहाणि कृष्युत्पादनानि च विनाशयन्ति । रात्रौ अपि एतेषामातको वर्धते एव । ग्रामीणवासिनां मध्ये कतिचन जनाः वन्यजन्तूनामाक्रमणेन मृताः । एषः दुःखदो विषयो वर्तते ।

(क) दैनिकीलेखनम्

(ख) नगरप्रमुखाय ग्रामप्रमुखाय वा निवेदनप्रदानम्

(ग) हस्तिनां मारणम्

(घ) ग्रामीणानां सुरक्षादलनिर्माणम्

(ङ) स्वस्थानात् स्थानान्तरणम्

(च) वनकार्यालयाय सूचनम्